साहित्यिक पत्रिका

नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ९२, वैशाख–असार २०७८

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

सम्पादक/प्रकाशक
नवराज रिजाल

अतिथि-सम्पादक
सञ्जय मित्र

सह-सम्पादक
प्रमोद पाण्डे

उप-सम्पादक
भक्त कार्की

सहायक सम्पादक
समीर पाखिन
बाबुराम लम्साल

व्यवस्थापक
गणेशराज रिजाल

आवरण
राजेश मानन्धर

लेआउट
डीएन्डडी कम्प्युटर
बागबजार

मुद्रण
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

सहयात्री
विश्वराज अधिकारी
राममणि दुवाडी
दामोदर पुडासैनी 'किशोर'
डा. विश्वम्बर कुमार शर्मा
डा. शालिकराम पौडेल
माधव गौतम
रमेश समर्थन
डा.पुष्कर भट्ट
वसन्तराज अज्ञात
गगनदीप सर्व
भवानी तावा
लक्ष्मी श्रेष्ठ
रबेन्द्र 'रवि'
रेणु गुप्ता
सुनिल कुमार
रामनिवास गुप्ता
केशव रूप्याखेती
मिलन समीर
रमेश कडेल
प्रदीप धनञ्जय
जंगबहादुर यादव
संजु बाबा मोची
श्यामकृष्ण डंगोल

मूल्य : ५००/–

कार्यालय: स्वाभिमानवस्ती जीतपुर–सिमरा उपमहानगरपालिका–१६, बारा, प्रदेश–२, नेपाल
फोन नं.: ९८५५०२४९५५ (बारा), ९८६१८५०३९६ (काठमाडौं)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com

नवप्रज्ञापन साहित्यसभा

१. माया ठकुरी,ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. निर्दोषकुमार, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौँ १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण खड्का, धादिङ ६५. मोहन दुवाल, काभ्रे ६६. रश्मि असफल, झापा ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ८९. नन्दु उप्रेती, इलाम, ८०. समन श्रेष्ठ, काठमाडौँ,८१.गोपाल बराल काठमाडौ, ८२.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८३.आरएम डंगोल नुवाकोट,८४. रामराज ज्ञवाली पाल्पा, ८५. गोपाल अश्क पर्सा, ८६. दिनेश गुप्ता पर्सा, ८७. हरिदेव खरेल बारा, ८८. हिर्दयनारायण चौधरी बारा, ८९. नवराज पुडासैनी, काठमाडौँ, ९०. डा. धनप्रसाद सुवेदी, खोटाङ, ९१. राममणि ढुंगेल, भक्तपुर ।

सम्पादकीय

नयाँ वर्ष २०७८ तपाई हाम्रो घर आँगनमा टुपलुक्क आईपुगेको छ । यसको स्वागत सत्कारमा हाम्रा मन जुटि सकेका छन् । तर नयाँवर्ष अघिल्लो वर्षभैँ आम सोच विपरित निराशा बोकेर आयो ।

हामीले जेजस्तो सोचेका थियो वा सोचिरहेका थियौँ त्यस्तो भएन । मन नपुगेको ,कल्पना नगरेको र विश्वासबाट टाढा राखिएको परिप्रेक्ष बोकेर यो आईपुग्यो । यसको आगमन पछि हामीमा जे जति हौसला र उत्साह हुनु पर्ने थियो पटक्कै त्यस्तो हुन सकिरहेको छैन ।

हामी पुरापुर अलमलमा छौँ । भविष्य के हुन्छ वा कसरी बढ्छ स्पष्ट खाका पनि छैन । अब के होला वा बाटोको रेखा कसरी कोरिएला यो बताउन सबै असमर्थ छन् । परिस्थिति अन्योल र असहजताकै कारण चाहेको र खोजेकोतिर जान नसकेका हौँ, यसमा शङ्का छैन ।

२०७६ को अन्त्य अन्त्यतिर नेपाली आकाशको छाना मुनी आइपुगेको महामारी हामी कहाँ आउनु अगावै विभिन्न मुलुकहरूमा देखा परिसकेको थियो । त्यतिबेलादेखि आजसम्म यसले संसारलाई निरन्तर आक्रान्त बनाई रहेछ । लाखौँ मानिसको ज्यान पनि अकालमा गएको छ ।

त्यो श्रृङ्खलामा पूर्णविराम त के अल्पविराम समेत् लाग्न सकिरहेको छैन । सक्रियता पूर्वक त्यसले कर्म गरिरहेछ । यसो भन्न सकिन्छ क्षणीक नै सही त्यो जिती रहेछ र हामी हारिरहेछौँ । उसको मुहारमा खुसीको चमक छ हामी निराशा काखी च्यापेर यता उता भौँतारिई रहेछौँ ।

त्यसले जिते पनि त्यो सकारात्मक हैन र चिरञ्जीवि बन्न सक्दैन । तथापि ऊ अगाडि अगाडि र हामी पछि पछि हिँडिरहेछौँ । नचाहेर पनि पछि लाग्न वाध्य बनिरहेको अवस्था छ । परिस्थितिले निम्त्याएको यो यथार्थ हो र वर्तमानमा यो मानेर हिँड्नुको विकल्प पनि छैन ।

तर आज जिते पनि एकदिन उसको हार र हाम्रो जित हुनेमा शङ्का छैन । मानव जातिले जतिसुकै सङ्कट र अप्ठेरा व्यहोर्नु परे पनि आखिर जितेरै छाडेको इतिहास छ । तर यसका निम्ती धैर्यता, संयमता, गम्भीरता, आशावादिता र सकारात्मक सोचको भने ठुलै आवश्यकता छ ।

यो महामारी हाम्रो मात्र नभै सम्पूर्ण मानव जातिकै साझा दुश्मन हो । यसका विरूध्द संसार एकजुट हुनु आवश्यक छ । सबै एकजुट भए यसको हार सुनिश्चित छ । तर एक्लाएक्लै लडेर परास्त गर्न सकिँदैन । यो विषयमा सबैको ध्यान खिचिनु आवश्यक छ ।

हाम्रै कमजोरी र लापर्वाहीका कारण रोगहरूले बढी फैलिने र विस्तारित हुने अवसर पाउने हुन् । हामीमा पर्याप्त चेतना र रोगहरूप्रति सचेतता भए त्यो विकराल बाटोमा जान सक्दैन ।

२०७६ को अन्तिम समयतिर देखिएको यो महामारी २०७७ को पछिल्लो चरणमा आईपुग्दा बिदा हुँदै गएको धेरैले महशुस गरेका थिए ।

दुखेका मन र ओसिला आँखा क्रमश : सुक्दै गएकोृ पनि थियो । घटित् दुखद् घटनाबाट पीर, ब्यथा, दु :ख र पीडामा बिस्तारै खाटो बसिरहेको थियो । हामी पुराना कुरा सबै बिर्सिएर नयाँ जिन्दगी खोज्नेतिर लाग्ने अवस्थामा थियौँ ।

वैज्ञानिक औषधीको खोजीमा तल्लीन थिए । एक दुई व्यक्ति वा देश मात्र हैन संसार नै रोगको विपक्षमा थियो । संसारका जुनसुकै युध्दमा पनि अन्त्यमा मानवले नै जितेको छ अर्थात् दानव पराजित भएका छन् । मानवताको विपक्षमा उठेका आवाज र गरिएका कामले कहिल्यै सफलता पाएका छैनन् ।

औषधीको पहिलो परिक्षणको समाचार पछि त झन् ओठ ओठमा खुसीका लहरहरू फुल्न थालेका थिए । हामी माथिको आकाशबाट निराशाको कालो बादल हट्दै गइरहेका थियो । हृदयमा उमङ्गको सञ्चार प्रवाहित हुँदै विश्वासका वातावरण बनिरहेका थिए ।

परिस्थिति अनुकुलतातिर मोडिदै छ भन्ने आशामा मनभित्र कल्पनाका नयाँ धर्साहरू कोरिन खोज्दै थिए । विश्वास सगरमाथाको उचाइ मापन गर्ने सुरसारमा थियो । कलिला पालुवा छातीको विश्वासमा उम्रिरहेका थिए । नकारात्मक सोच बिस्तारै हटेर सकारात्मक सोचले प्रवेश पाईरहेको थियो ।

तर सहजता तर्फ उन्मुख हुँदै गइरहेको वातावरण यतिखेर पुन : खलबलिएको छ । अब औषधी आयो र हामी धेरैलाई रूवाउने महामारी सदाका निम्ती विदा हुनेछ भनेर गरिएको अपेक्षामा तुषारापात लागिरहेछ । यसैले हिजोका कल्पना र सपना आज बज्रपातमा परेको छन् ।

अहिले हामी नेपाली मात्र हैन सारा विश्व नै महामारीबाट त्रसित छ । सबैतिर औषधीको उपलब्धता एकनाश छैन । पहुँच सीमित देशहरूसँग मात्र छ । हामी कहाँ पनि थोरै औषधी त आईपुगेको छ तर यसले सबैलाई पुग्ने अवस्था छैन । पैसा तिरेर पनि औषधी पाउन असम्भव प्राय छ ।

पैसा तिर्न नसक्ने देशहरूको कथा अझ कारूणिक छ । अधिकांश नागरिक पैसाको अभावमा औषधीबाट बञ्चित छन् । उनीहरूका आवाज सुनी दिने खासै कोही छैन । पैसा र प्रविधि सीमित व्यक्तिहरूका पञ्जाभित्र जकडिएका छन् । ती साना तथा अशक्तहरूलाई पञ्जामा पार्न अनेकौँ हथकण्डा अपनाई रहेछन् ।

क्रस गर्ने क्षमता कोही कसैसँग छैन । मनमौजीको छुट तिनीहरूका हातमा छ । त्यसैले ती आफू खुसी वा आफ्नाका भलाईका मात्र काम गरिरहेछन् । सम्भवत : उनीहरूका सोच भित्र अन्य कसैको पनि अस्तित्व जीवित छैन । ती छाडा साँढेझैँ चौतारामा उभिएर डुक्री रहेछन् ।

आज पनि तथाकथित ठुलाठालु वा हुने खानेहरूकै प्रपञ्च सबैतिर चलिरहेछ । ती जहिले पनि साना र अशक्तलाई पञ्जामा राखेर आफू वा आफ्नो समुदायको दुनो सोझ्याउन तल्लीन छन् । बाँकी दुनियाँसँग कुनै मतलब रहँदैन । संसारले हिजोदेखि आजसम्म भोगेको नियति यही हो ।

विश्व वर्षौवर्ष अघिदेखि हुने र नहुने दुई वर्गमा विभाजित छ । हुनेहरू नहुनेहरूलाई पञ्जामा पारेर आफ्नो स्वार्थ पुरा गर्न अनेकौँ हथकण्डा

अपनाई रहेछन् । समस्या सिर्जना गराएर उपस्थिति देखाउने भरमग्दुर प्रयत्न हुने गरेको छ । कैयौं ठाउँमा त योजनामा ती सफल समेत बनिरहेछन् ।

उनीहरूका योजना र हथकण्डा बोकेर एकाथरी मानिस एक आपसमा लडभिड गरिरहेछन् । हत्या हिंसाले निरन्तर प्रश्रय पाईरहेछ । जाति,वर्ग, धर्म,समुदाय, सम्प्रदाय र वर्णका नाममा बारबार लडाई चलिरहेछ । ती आफैं झाँक्री र बोक्सी बनिरहेछन् । जानेर वा नजानेर हामी पछिपछि दुगुरी रहेको अवस्था छ ।

वर्तमान महामारीका सन्दर्भहरू पनि यो कुराबाट भिन्न छैनन् । आँखाले छर्लङ्ग देख्न सकिन्छ । उही रोगबाट धनी देशका नागरिक कम प्रभावित र गरीव देशका नागरिक ज्यादा प्रभावित् छन् । उपचार धनी देशको पहुँचमा छ तर गरीब देश त्यसको बाहिर छन् । यसर्थ रोगले गरिब देशलाई बढी सताई रहेछ ।

साँच्चै हो,यो रोगका अधिकांश उपयोगी औषधी कम्पनी पहुँचवालाहरूका पहुँचमा छन् । पहुँचवालाहरू पहुँवाला देशका हातमा छन् । संसारमा पहुँचवालाहरूको सङ्ख्या निक्कै सानो समूहमा छ तापनि ती संसारलाई प्रभावमा पारिरहेका छन् मात्र हैन ईच्छामा चलाई रहेछन् ।

तिनीहरूकै हाँकोडाँकोमा विश्व चलिरहेछ । देखाएको बाटोमा नहिँड्नेहरूले दुःख पाएका छन् । असहजता बेहोर्न वाध्य हुनु परेको छ । थिचोमिचो विवशता पूर्वक सहनु परिरहेछ । पक्षमा बोलिदिने कोही छैनन् त हैन तर बोल्नेहरूका बोली बिकिरहेका छैनन् । सबैतिर नाफाघाटाको हिसाब किताब छ ।

महामारीको औषधी गरीब देशका लागि कौवाको निम्ती पाकेको बेलझैं भएको छ । यो नियति कहिलेसम्म भोगिरहनु पर्ने हो भन्न सकिँदैन । शक्तिशालीहरूकै बोली निर्णायक हुने भएकाले गरिबहरूले सधैं नीरिह बनिरहनु परेको हो । कहिलेसम्म यस्तो नियति भोगिरहनु पर्ला यो कोही कसैलाई पनि थाहा ।

यस्तो अवस्थाको चाँडो भन्दा चाँडो अन्त्य होस् र विश्वका सवै जनतालाई यो महामारीको भ्याक्सिन सहज उपलब्ध गराइयोस् नवप्रज्ञापन सम्बन्धित सबैसँग हार्दिक अनुरोध गर्दछ । बाँच्न पाउने अधिकार सबै जनतासँग छ तसर्थ सबै पहुँचवालाहरूको ध्यान यता जानु नितान्त आवश्यक छ ।

यो महामारीबाट बच्न हामी सबैले एकजुट हुनुको विकल्प छैन । रोग सबैको साझा सत्रु हो । मान्छेले जस्तो यसले कसैलाई काखा र पाखा गर्दैन । साझा सत्रुलाई परास्त गर्न सबै एक हुनु पर्छ । मिलेर साझा भावले यसको सामना गर्नु आजको पहिलो आवश्यकता हो ।

आत्मसंयममा रहँदै सरकारद्वारा निर्धारित नीति नियम पालना गरेर धैर्यताका साथ अगाडि बढे यो महामारीबाट पार पाउन कठीन छैन । यो समस्या त अवश्य हो तर सबैभन्दा ठुलो समस्या किमार्थ हैन । वर्तमान असहिष्णु बन्दै गएका कारण समस्याहरू दिनप्रतिदिन थपिईरहेछन् ।

समस्याको सहि समाधान सकारात्मक सोचले मात्र गर्न सकिन्छ । मुकाबिलाले आत्मविश्वास बढाउँन पनि सहयोग गर्छ । आत्मविश्वास र

सकारात्मक सोचले मात्र समस्याबाट मुक्ती पाउँन सकिन्छ । वर्तमानमा देखिएको समस्याको समाधान भनेकै रोगसँगको एकिकृत प्रतिकार हो ।

फेरि दोहोरिएर हामी समक्ष आईपुगेको यो महामारीको सामना मिलेर गरौं । साझा सत्रुको विरूध्द मिलेर अगाडि बढ्दा हुने लाभ सबैले पाउन सक्छन् । भविश्यप्रति आशावादी हुनेहरू योसँग डराउँदैनन् वा पिठ फर्काएर भाग्दैनन् । हामी पनि पिठ फर्काएर नभागौं वा सशक्त तरिकाले प्रतिकार गरौं कल्याण यसैमा छ ।

जीवनप्रति सधैं सजग र सचेत बनौं । सकारात्मक सोच र चिन्तनको विकास र विस्तारमा योगदान गरौं । आफूलाई सही बाटोबाट हिँडाऔं यो समयको माग पनि हो । समयलाई आत्मसात गर्न नसक्नेहरूले कहिल्यै गन्तव्य पहिल्याउन सकेका छैनन् । यो विगत देखि कै इतिहास हो ।

हजुर , यसपटक हामी प्रदेश दुईका प्रतिनिधि नेपाली गजलका साथ यहाँहरू माझ उपस्थित भएका छौं । ८९ भाषा रहेको प्रदेश दुईमा अन्य भाषामा पनि गजल लेखिन्छन् । भविश्यले साथ दिए हाम्रो सोच त्यता पनि जाने छ । देशका सबै भाषाको विकासले नेपाली भाषालाई अझ संवृध्द बनाउँछ भन्नेमा नवप्रज्ञापन विश्श्वास पनि राख्दछ ।

काठमाडौंको एक भेटमा मैले प्रादेशिक प्रतिभा पुरस्कार पाएको प्रसङ्ग कोट्याउँदै रौतहटका साहित्यकार सञ्जय मित्रले प्रस्ताव राख्नु भयो " दाइ तपाई प्रदेश दुईका बासिन्दा हुनुहुन्छ । देशले प्रादेशिक प्रतिभा पुरस्कार पनि दियो । नवप्रज्ञापन मार्फत् प्रदेश दुई गजल विशेषाङ्क निकालौं " प्रस्ताव मन पऱ्यो । काम सुरू भयो । अतिथी सम्पादकको विशेष जिम्मेवारी उहाँलाई नै सुम्पैं ।

सञ्जयजीले रचना सङ्कलन र सम्पादन गर्नु भयो । विभिन्न माध्यम अपनाएर साथीहरू माझ पुग्नु भयो । त्यो क्रममा के कस्ता असजिला आए त्यो त संस्मरणमा लेख्नु होला तर आँटेको काम लक्ष्यसम्म पुऱ्याउनु भयो यसका निम्ती उहाँ धन्यवादको पात्र हुनुहुन्छ । रचनाकार कोही छुट्नु भयो कि भएन म त्यता जान्न । व्यक्तिगत प्रयासमा गरिएको काम हुँदा जानु उचित पनि लागेन । भविश्यमा यो भन्दा अझ सशक्त प्रयास होओस् वा गरियुन मात्र हैन हुनेछन् यसमा म पुरापूर आशावादी छु ।

लै अब ९२ औं अङ्क तपाईको हातमा आईपुगेको छ । नियमित पत्रिकाको यो १८ औं विशेष अङ्क हो । यात्रा निरन्तर जारी छ । हाम्रो आग्रह स्वीकारी यो अङ्कका निम्ती रचना उपलब्ध गराउने सबै गजलकारहरूका साथ घनश्याम परिश्रमी, टीकाराम उदासी, गोपाल अश्क, रमेश समर्थन र अतिथि सम्पादक सञ्जय मित्र लगायत् का सम्पूर्ण टिमलाई यतिखेर स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, हामी महामारीका बिचतिर महासागरको एकछेउमा छौं । यसलाईलाई सबैको प्रयासमा जित्न सकिन्छ । त्यसका निम्ती दह्रो प्रयास आवश्यक पर्छ । तसर्थ आआफ्नो स्थानबाट सकेको योगदान गरौं भन्दै अर्को अङ्कमा पुन : भेट्ने वाचा सहित विदा चाहन्छु ।

रचनाक्रम

- **आलेख**
  - सञ्जय साह 'मित्र'/९
  - डा. घनश्याम न्यौपाने परिश्रमी/१८
  - टीकाराम उदासी/३१

- **गजल**
  - अङ्कित अधिकारी/५०
  - अर्जुन थापा/५१
  - अमर त्यागी/५२
  - अधिकारी कुमार अनल/५३
  - इशहाक हुसेन/५४
  - ओमप्रकाश पटेल 'अविरल'/५५
  - कविराज सुवेदी कन्जुस /५६
  - कुमार दाहाल /५७
  - कुल क्षेत्री /५८
  - कृष्ण दाहाल/५९
  - खेमप्रसाद बोलखे/६०
  - खेमराज पोखरेल/६१
  - गान्धी गौतम/६२
  - गीता भण्डारी/६३
  - गोपाल अश्क/६४
  - जि.सी. हरि/६५
  - जीवन आचार्य निश्चल/६६
  - जुनु क्षेत्री/६७
  - तोयाराज घिमिरे/६८
  - दिनेश गुप्ता/७०
  - दीक्षा सुवेदी/७१
  - देवकरण माझी/७२
  - धीरकुमार श्रेष्ठ/७३
  - धीरेन्द्र प्रेमर्षि /७४
  - धुबराज गिरी 'रोदन'/७६
  - डा. ध्रुवचन्द्र गौतम/७७
  - नन्दलाल आचार्य/७८

– नारायण निराशी/७९
– निर्मोही व्यास/८०
– परशुराम घिमिरे निदान /८१
– प्रकाश तिमल्सिना/८२
– प्रमिला पोखेल/८३
– प्रितिन्जला थापा/८४
– बेनु अधिकारी/८५
– बोधराज पौडेल/८६
– भवानी घिमिरे /८७
– भक्ति रिजाल/८८
– भीम विराग/८९
– भोला चौलागाई /९०
– मदन आले /९१
– मनु ब्राजाकी/९२
– ममताज रायभाट/९३
– माधव काफ्ले/९४
– मीना देवकोटा/९५
– रमेश अजिब रश्मि/९६
– रमेशमोहन अधिकारी/९७
– रबेन्द्र 'रवि'/९८
– राजेश विद्रोही/९९
– राजेन्द्र विमल/१००
– राधा दाहाल/१०१
– राम उदित /१०२
– रामकृष्ण काफ्ले/१०३
– राम खनाल/१०४
– रामचन्द्र तिमल्सिना /१०५
– रामपवित्र साह/१०६
– रामप्रसाद साह /१०७
– रामभक्त ठाकुर /१०८
– रितु गुप्ता/१०९
– रूपेश पटेल/११०
– रुबि रौनियार /१११
– रेणु गुप्ता /११२
– रेणुका जिसी /११३
– लक्ष्मण आचार्य /११४
– लक्ष्मी श्रेष्ठ /११५
– लीलाराज दाहाल/११६
– बागियान शर्मा /११७
– विक्रान्त शर्मा /११८
– विवश पौडेल/११९
– विश्वनाथ सञ्जेल /१२०
– वीणा सिन्हा /१२१
– वैकुण्ठ नेपाल/१२२
– शिव सन्देश/१२३
– श्रवण के. भट्टराई /१२४
– शीतल गिरी/१२५
– श्याम सहनी चन्द्रांशु /१२६
– श्रीराम पाण्डे/१२७
– श्रुति आले /१२८
– सञ्जय साह 'मित्र' /१२९
– सञ्जय सुदामा /१३०
– समीर पाखिन /१३१
– सरू बस्नेत/१३२
– सुनील कुमार /१३३
– सुमन घिमिरे अग्रिम/१३४
– सुमन पौडेल /१३५
– सुमित्रा आचार्य/१३६
– सुशीला पौडेल /१३७
– सौगात विश्वकर्मा /१३८

• **अन्तर्वार्ता**
– गोपाल अश्क/१३९

• **लेख**
– रमेश समर्थन/१४७

• **कृति परिक्रमा**
– गोपाल अश्क/१५४
– बाबुराम लम्साल/१५६
– समीर पाखिन/१५८
– रमेशजङ्ग थापा/१६०

प्रदेश दुईमा नेपाली गजल

● सञ्जय साह 'मित्र'

१. **विषय प्रवेश**

प्रदेश दुई संघीय गणतान्त्रिक नेपालका सात प्रदेशमध्ये एक हो प्रदेशको नाम हो । पूर्वबाट पश्चिमतिर क्रमशः सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लालाई समेटेर बनाइएको यस प्रदेशको क्षेत्रफल ९६६१ वर्गकिलोमिटर रहेको छ ।

यो प्रदेशको प्रत्येक जिल्लाको दक्षिणी सिमाना भारतको बिहार राज्यसित जोडिएको छ । क्षेत्रफलको दृष्टिकोणले देशको सातौं क्रममा रहेको प्रदेश दुईको जनसङ्ख्या २०६८ को जनगणनाअनुसार ५४ लाख ०४ हजार १४५ रहेको छ जुन देशको दोस्रो ठूलो जनसङ्ख्या भएको प्रदेशको रूपमा हुन आउँछ । ४९.५४ प्रतिशत साक्षरता रहेको यो प्रदेशमा राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार ८९ भाषा बोलिन्छन् ।

यस प्रदेशको पाँच प्रमुख भाषामा मैथिली, भोजपुरी, बज्जिका, नेपाली र उर्दू हुन् । यहाँका २४ लाख ४७ हजार ९७८ ले मैथिली, १० लाख ०३ हजार ८७३ ले भोजपुरी, ७ लाख ९१ हजार ६४२ ले बज्जिका, ३ लाख ६० हजार २७६ ले नेपाली र ३ लाख १७ हजार ०६० ले उर्दु बोल्ने गरेको रामभरोस कापडी भ्रमरले २०७७ फागुन २० को कान्तिपुर दैनिकमा उल्लेख गरेका छन् ।

प्रदेश दुईका प्रमुख पाँच भाषामा वक्ताको दृष्टिकोणले नेपाली चौथो स्थानमा रहे पनि भाषिक चेतना, भाषाको विकास, पत्रपत्रिका प्रकाशन, साहित्यको विकासादि दृष्टिकोणले नेपाली भाषा सबैभन्दा समृद्ध रहेको छ । यो प्रदेशमा साहित्य विकासको दृष्टिकोणले नेपाली, मैथिली, भोजपुरी, थारू, बज्जिका र उर्दूको क्रम आउँछ । यस प्रदेशमा नेपाली, मैथिली र बज्जिका भाषामा गजल लेखिएका छन् । मैथिली र भोजपुरीमा गजलकृतिहरू पनि प्रकाशित छन् ।

नेपाली साहित्यको झन्डै हरेक विधाको विकास यस प्रदेशमा भएको छ र हरेक विधाका कृतिहरू प्रकाशित हुँदै आएका छन् । नेपाली भाषाबाहेक अन्य स्थानीय मातृभाषा छिमेकी बिहारसित मिल्ने भएकाले भाषा, साहित्य र संस्कृतिको दुवै छिमेकीमा निटकता देखिन्छ ।

नेपाली साहित्यको समृद्ध विधामध्ये गजल पनि एक हो । यस आलेखमा प्रदेश दुईको सेरोफेरोमा रहेर नेपाली गजलको अवस्थाबारे सामान्य चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । यो एउटा प्रयास हो र यस्ता हरेक प्रयासहरू जहिले पनि निरन्तर चलिरहन्छन् ।

२. **प्रदेश दुईमा गजल**

प्रदेश दुईमा नेपाली गजलको सैद्धान्तिक अवस्था अन्य प्रदेश वा देशको भन्दा फरक छैन । विषयवस्तु, शैली, प्रस्तुति, भाषा र अन्य दृष्टिकोणले समग्र नेपाली गजलकै हाराहारीमा प्रदेश दुईको गजल रहेको छ । यद्यपि प्रदेश दुईको मौलिकता, सांस्कृतिक, भाषिक र प्राकृतिक प्रभाव भने कतिपय गजलमा स्पष्ट परेको देखिन्छ । आञ्चलिकतालाई यस प्रदेशको गजलले मौलिकतासहित प्रस्तुत गरेको छ । कतिपय सन्दर्भमा प्रदेश दुईको गजलले देशकै नेतृत्व गरेको छ र विश्व नेपाली गजललाई नवीनता दिने काम पनि गरेको छ । समग्रताको पाटोबाट भन्दा प्रदेश दुईमा नेपाली गजल समृद्ध अवस्थामा रहेको छ ।

२.१. **गजलकार र गजल कृति** :

प्रदेश दुई गजलकृति प्रकाशनको दृष्टिकोणले पनि समृद्ध छ र समृद्धितर्फ जाँदैछ निरन्तर । प्रदेश आठ जिल्लामध्ये अहिलेसम्म छ जिल्लाबाट गजलकृति प्रकाशन भएको देखिएको छ । दुई जिल्लामा गजलहरूमात्र सिर्जना गरिएका छन् । सप्तरी र सिरहाबाट नेपाली गजलकृति प्रकाशन भएको पाइएको छैन वा प्रकाशित भएको म र मेरो लेख त्यो कुरामा अनभिज्ञ छ । तसर्थ यति भनेर अर्को सन्दर्भतिर लाग्न चाहन्छु ।

प्रदेशको केन्द्र रहेको धनुषा जिल्लाबाट धीरेन्द्र प्रेमर्षिको **सलाम** शीर्षकमा गजलकृति प्रकाशित छ । प्राप्त तथ्याङ्कको आधारमा यो जिल्लाको अहिलेसम्मको पहिलो र अन्तिम गजलकृति यही हो ।

महोत्तरीका मनु ब्राजाकी देशका सिद्धहस्त र अग्रणी गजलकार हुन् । उनका **गजलगंगा**, **काँडाका फूलहरू**, **के हेरेको ए जिन्दगी** जस्ता प्रसिद्ध तीन गजलकृतिहरू रहेका छन् । मनु नेपाली गजलका पुनर्स्थापनाकालका गजलकारमध्ये पर्दछन् । यसै गरी ध्रुवराज गिरी रोदन र रमेश अजीव रश्मिको संयुक्त गजलकृति प्रकाशित प्रकाशित छ - **एक अँगालो सपना** । दुवै गजलकार महोत्तरीमा रहेर गजलसाधनामा लागेका सर्जक हुन् ।

सर्लाही गजलको उर्वर भूमि हो । यहाँका नारायण निराशीको **तुषारोमा फुलेका फूलहरू** गजलकृति प्रकाशित छ । जिल्लाको सम्भवतः प्रथम गजलकृति यही हो । निराशी अत्यन्त क्रियाशील गजलसर्जक हुन् । यसै गरी भक्ति रिजालको **बगान** गजलकृति प्रकाशित छ । सुरेश वाग्लेको पनि गजलकृति प्रकाशित रहेको बुझिन्छ । सर्लाहीका सर्जकहरूले संयुक्त गजलकृति प्रकाशन गर्ने कीर्तिमान पनि स्थापित गरेका छन् । सर्लाहीबाट दुई संयुक्त

गजलकृतिले निकै चर्चा पाएका छन् । अर्जुन थापा, कमल नेपाल, कवि सुवेदी, कृष्ण दाहाल, कुमार दाहाल, चण्डिका मैनाली, पवन कार्की, प्रमिला पोखरेल, मनीषा भट्टराई, मिलन कोइराला, वसन्त पौडेल, विवश पौडेल, लीलाराज दाहाल र सुमित्रा आचार्यको संयुक्त गजलकृति **अध्याय** प्रकाशित छ ।

यसै गरी बाउन्न गजलकारको **सर्लाहीका प्रतिनिधि गजलकार** संयुक्त गजल सङ्ग्रह प्रकाशित भएको छ । यस कृतिमा अर्जुन थापा, आशा कार्की, उत्तमकुमार दाहाल, एसपि बराल, कविराज सुवेदी कन्जुस, किरण घिमिरे वेद, कुमार दाहाल कुसुम, कृष्ण दाहाल, गिरिराज राना, चिना निरौला, जीवन आचार्य निश्चल, डिल्लीराम ढुंगेल, दीपा पोखेल, दृष्टिवाणी धिताल, नमुना थापा, नवराज पौडेल, निर्मल बराल, परशुराम घिमिरे निदान, पुनम यादव, पुण्य मैनाली, प्रमिता तिमल्सिना, प्रमीला पोखेल, प्रमेश बादे, प्रमोद श्रेष्ठ अभागी, प्रीतिञ्जला थापा, भगवान सापकोटा प्रतीक, भवानी घिमिरे, मधु अमर्त्य, मनोज बखेल, मीना देवकोटा, सञ्जु सङ्घर्ष, राधिका लुईँटेल, रामदरेश महतो, रामवृक्ष महतो, लक्ष्मण पौडेल, लवहरि ढुंगेल, लीला चौलागाईँ, लीलाराज दाहाल, वसन्त पौडेल, विमला तृष्णा, विवश पौडेल, विवश प्याकुरेल, शुक्रराज घिमिरे, श्याम भट्टराई, श्रवण के. भट्टराई, सरोज बानियाँ, सुमन घिमिरे अग्रिम, सुमन पौडेल, सुमित्रा आचार्य, सुरेश वाग्ले र सोम दियालीका गजलहरू समेटिएका छन् ।

यसै गरी रामपवित्र साहको कृति **अव्यक्त भावनाहरूमा** कविताका साथै गजलहरू पनि समेटिएका छन् । संयुक्त गजलकृति प्रकाशनको इतिहासमा सर्लाहीका यी दुई कृतिको प्रशंसनीय योगदान रहेको छ । लीलाराज दाहाल पनि यस जिल्लाका परिचित गजलकार हुन् ।

रौतहटका प्रकाश तिमल्सिनाको **केही फूल केही काँडा** गजलकृति प्रकाशित छ । यसै गरी रमेश समर्थनको **पर्खी बसें** कृति पनि प्रकाशित छ । खेमप्रसाद बोलखेको उद्वेग संयुक्त गजलकृति प्रकाशित छ । रेणुका जिसि खतिवडाको **ज्वलनका अभिव्यक्तिहरू** र **हैसियत** संयुक्त गरी दुई गजलकृति प्रकाशित छन् ।

बाराका अमर त्यागीको बाँसुरीमा आँसुको गीत गजलकृति प्रकाशित छ । यसै गरी रामप्रसाद साहको अश्रुपुरित आँखा नामक गजल कृति प्रकाशित छ । वागियान शर्माको चुपचाप चुपचाप र गुपचुप गुपचुप नामका दुई गजलकृति प्रकाशित छन् । वागियान शर्माको उपनामले गजल लेख्ने सर्जक नवराज रिजाल हुन् ।

सम्भवतः देशमै पहिलो गजल महाकाव्य गोपाल अश्ककै प्रेमान्तर रहेको छ । प्रदेशलाई मात्र हैन देशलाई नै पहिलो गजल महाकाव्य दिने अश्कको योगदान नेपाली गजलमै महत्वपूर्ण देखिन्छ । भीम विरागका गीत-गजल पनि प्रकाशित छ । सङ्ख्यात्मक रूपमा यहाँ गजलकृति थोरै देखिए पनि गुणात्मकरूपमा भने यिनीहरूको विशिष्ट स्थान छ ।

२.२. **गजल सर्जकहरू**

प्रदेश दुई गजल प्रतिभाको हिसावले धनी प्रदेश हो । अनेक प्रयोग र नवीनताहरू यस प्रदेशमा गजलको क्षेत्रमा भएका छन् । गजललाई अझ समृद्ध बनाउन सयौं सर्जकहरूले कमल चलाई रहेका का छन् । एकल वा संयुक्त गजलकृति प्रकाशन नगराएका भएपनि अन्य धेरै प्रतिभावान सर्जकहरू सक्रियतापूर्वक लागिरहेका छन् र उनीहरूका परिश्रम एकदिन अवश्य पनि सार्थक हुने छ यसमा कुनै शङ्का छैन ।

सप्तरी गजल सिर्जनामा अगाडि छ । अशोक अमन, करूणा झा, डा. केशव उपाध्याय, कुन्दनकुमार कर्ण, गजेन्द्र गजुर, देवकरण माझी, देवेन्द्र मिश्र, देवेन्द्र साह, धमला भट्टराई, नन्दलाल आचार्य, पार्वती राउत, पूनम ठाकुर,मनोहर पोखरेल, रवेन्द्र रवि, मदन आले, रामप्रसाद गौतम, ललिता साह प्रतिज्ञा, विद्यानन्द वेदर्दी, श्यामप्रित मन्डल, शम्भुश्री, सागरवीर कडारी, साधना झालगायतले नेपाली गजल सिर्जनकर्ममा योगदान दिएका छन् ।

सिरहाको गजलसाहित्यप्रति प्रकाश पर्न सकेको देखिँदैन । रोहित न्यौपाने राम्रा गजलकार हुन् । अर्जुन गुप्ता, यमुना खनाल, रामरिझन यादवलगायतकाले पनि गजल लेखेका छन् । यहाँको गजलसाहित्यबारे अझै अध्ययन अनुसन्धान हुन बाँकी रहेको छ ।

धनुषामा राम्रा गजलकारहरू छन् । तोयानाथ घिमिरे, दिनेश पौडेल गरिब, दिल पौडेल, राजाराम सिंह, रामभरोस कापडी भ्रमर, लीला घिमिरे, श्यामसुन्दर शशीलगायतको गजल सिर्जनकर्मले धनुषाको गजल साहित्यले एउटा पहिचान कायम गर्न सफल भएको छ ।

महोत्तरीमा किशोर अधिकारी, केदार गौतम, जीवनस्पर्शी, तोयानाथ घिमिरे, दीपचन्द्र मन्डल, निर्मल पौडेल, मीना आले, यशोदा श्रेष्ठ, रामगोपाल यादव, सुभद्रा भुजेल, हरेराम यादवलगायतका गजलकारहरू सक्रिय छन् ।

गजलको लागि अत्यन्त उर्वर भूमि सर्लाहीका चन्द्रकिशोर, रामनारायण चौधरी, डा.वसी मिकरानी, शून्य प्रकाश, सञ्जय सुदामा स्तरीय गजल सिर्जना गर्दै नेपाली गजलको सेवा गरेका छन् ।

धेरैपटक गजलको प्रशिक्षण सञ्चालन गरिसकेको रौतहटमा किसान प्रेमी, जिसी हरि, दीपक खड्का, निर्जन, माधव काफ्ले, रमेशमोहन अधिकारी, रामउदित आचार्य, रेणु गुप्ता, लक्ष्मण आचार्य, विक्रान्त शर्मा, शालिग्राम शर्मा, सञ्जय साह मित्र, समीर पाण्डे, सुमी कोइराला, सोनू थापाबाट नेपाली गजलले माया पाएको छ । यसै गरी मदन आले तथा शीतल गिरीले पनि रौतहटेली गजलको सेवा गरेको गर्विलो इतिहास छ ।

बारामा गजल साहित्यले निकै माया पाएको छ । अच्युत खनाल, इशहाक हुसैन, जुनु क्षेत्री, निर्मोही व्यास, प्रगति गुप्ता, पृथ्वीराज पाण्डे, भोला चौलागाईं, राम खनाल, राम पराजुली, शिव सन्देशलगायतका सर्जकहरूले गजलको पर्याप्त सेवा गरेका छन् ।

पर्सा नेपाली गजलको क्षेत्रमा

ऐतिहासिक भूमि हो । गजलले यहाँबाट धेरै सेवा पाएको छ । अरूणविक्रम शाह, डा. रामभक्त ठाकुर, लक्ष्मी श्रेष्ठ (दिवंगत), डा. विश्वम्भर शर्मा, रितु गुप्ता पर्साका राम्रा गजलकार हुन् ।

यस प्रदेशमा नेपाली गजलकार यत्ति नै हुन् भन्न खोजिएको होइन । विभिन्न जिल्लामा सम्पर्क गर्दा पनि नाम चलेका तथा कृति प्रकाशन गरेका गजलकारहरूसमेतको नाम छुटेको हुन सक्छ । लम्बिँदो कोरोनाकाल तथा सम्पर्कसूत्रको अभाव दुवै कारणले कतिपय गजलकारको नाम छुटेको हुन सक्छ । अध्ययन तथा सोधखोजको क्रममा छुटेका तर यस गजल विशेषाङ्कमा नाम परेका गजल सर्जक पनि छन् ।

३. विशिष्ट उपलब्धि

नेपाली गजलका पुनर्जागरण कालका तीन प्रतिभा घनु, मनु र ज्ञानुमध्ये दुईजनाको सान्निध्य प्रदेश दुईले पाएको छ । मनु ब्राजाकी महोत्तरी निवासी हुन् । प्रदेश दुईको पहिलो गजलकारको पगरी मनु ब्राजकीको शिरमा जान्छ । उनले गजल साधना र यसको पुनर्जागरण कालमा दिएको योगदानले सिङ्गो नेपाली गजलसाहित्य नै धन्य बनाएको छ । उनको योगदान दीर्घकालसम्म रहिरहने छ ।

यसै गरी घनु (घनश्याम न्यौपाने 'परिश्रमी' ले पर्साको बीरगञ्जमा रहेर लामो समय साहित्यसाधना गरेका छन् । घनुले गजलविधामा विद्यावारिधि ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जमा रहेको समयमा नै गरेका हुन् । बीरगञ्जको बसाईंले निसन्देह घनुमा गजल साधनामा ऊर्जा थप्ने काम गरेको थियो ।

यसै गरी जागिरको सिलसिलामा लामो समय रौतहटमा बसेका रमेश समर्थनको पनि यहाँको गजल साहित्यको विकाशमा महत्त्वपूर्ण योगदान छ । नेपाली गजल साहित्यको इतिहासमा सर्वप्रथम औपचारिक गजल गोष्ठी गर्ने श्रेय श्रेय प्रदेश दुईलाई रहेको छ । वि.स. २०५७ मा रौतहटरश्मि साहित्यिक त्रैमासिक र कलाकुञ्ज पुस्तकालय गौरको संयुक्त आयोजना तथा शीतल गिरीको संयोजकत्वमा औपचारिक गजल गोष्ठी आयोजन भएको थियो ।

गोष्ठीमा घनश्याम न्यौपाने 'परिश्रमी' र शीतल गिरीले गजलसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमाथि गोपाल अश्क, अमर त्यागी तथा माधव काफ्लेले टिप्पणी गरेका थिए । पहिलो गजल गोष्ठी हुनु , गजलसम्बन्धी कार्यपत्र प्रस्तुत गरिनु तथा कार्यपत्रमाथि टिप्पणी हुनु नेपाली गजल साहित्यको इतिहासमा सम्भवतः पहिलो घटना थियो । प्रसिद्ध गजलकार बुँद रानाको सहभागिताले कार्यक्रमलाई अझ ओजिलो बनाएको थियो ।

नेपाली गजललाई पहिलो र सम्भवतः एकमात्र महाकाव्य दिने प्रदेश दुई नै हो । पर्साका गोपाल अश्कको कृति प्रेमान्तर पहिलो गजल महाकाव्य हो । यस कृतिलाई त्रिभुवन विश्वविद्यालयले मानविकी तथा समाजशास्त्रतर्फ स्नातक तहमा राखेको छ । सामान्यरूपमा गजल फुटकर तर

आफैमा पूर्ण रचना हो भन्ने मान्यता विश्वव्यापी रहेको छ तर सिङ्गो गजल साहित्यको सैद्धान्तिक मान्यतामा नै आख्यानात्मकता दिएर महाकाव्य प्रकाशन भई नवीन मान्यताको प्रारम्भ प्रदेश दुईबाट हुनु नवीन उपलब्धि हो ।

नेपाली गजलले आज जुन उचाइ प्राप्त गरेको छ, त्यसमा प्रदेश दुईका यी र यस्ता अन्य महत्वपूर्ण योगदानको पनि योगदान रहेको छ । प्रदेश दुईको विशिष्ट योगदानले नेपाली गजल धन्य भएको छ भने प्रदेश दुई यी उपलब्धिमा गर्व गर्दछ ।

४. अध्ययन-अनुसन्धान

गजल साहित्यमाथि प्रदेश दुईमा केही अध्ययन तथा अनुसन्धान पनि भएको छ ।

पर्सामा रामप्रसाद पाण्डेले नारायणी अञ्चलका प्रतिनिधि गजलकारका गजलको विश्लेषणात्मक अध्ययन गरेका छन् । तत्कालीन संरचनाको नेपालका १४ अञ्चलमध्ये एक नारायणी अञ्चलका ५ जिल्लामध्ये प्रदेश दुईमा मकवानपुर र चितवनबाहेक रौतहट, बारा र पर्सा जिल्ला रहेका छन् । पाण्डेको अध्ययनको विशेष महत्व रहेको छ ।

सञ्जय साह 'मित्र' ले रौतहटको साहित्यको अध्ययन गर्ने क्रममा गजलकार र गजलको समीक्षात्मक अध्ययन गरेका छन् । रौतहटको साहित्यको इतिहास लेख्ने क्रममा ` मित्र'ले रौतहटेली गजलको पर्याप्त चर्चा गरेका छन् । विभिन्न पत्रिका तथा स्नातोत्तर तहको लागि रौतहटको साहित्येतिहास लेख्ने क्रममा 'मित्र'ले यहाँको गजलको चर्चा गरेका हुन् ।

सर्लाहीमा विवश पौडेलले सर्लाहीका गजलहरूको प्रवृत्तिगत अध्ययन गरेका छन् । दुवै संयुक्त गजलकृतिमा सर्लाहीका गजल र गजलकारको बारेमा यथेष्ट चर्चा गरिएको छ ।

यस प्रदेशका अन्य जिल्लामा पनि जिल्लास्तरमा गजलको अध्ययन-अनुसन्धान भएको हुनुपर्छ ।

प्रदेश दुईको गजल र गजलकारिताको विषयमा एकमुष्ठ अध्ययन भएको पाइएको छैन । प्रादेशिक संरचनामा देश गइसकेपछि सम्भवतः देशमै पहिलो प्रयास प्रादेशिक संरचनाको यही गजल विशेषाङ्क नै भएकोले यस विशेषाङ्कको विशिष्ट महत्व रहने निश्चित छ । यस विशेषाङ्कले प्रदेशस्तरीय गजल र अन्य साहित्यको प्रादेशिक अध्ययनको आधार तयार गरिदिएको छ ।

५.पत्रपत्रिका

प्रदेश दुईले गजलसम्बन्धी एउटा पत्रिका नै प्रकाशन गरेको इतिहास छ । बाराबाट अमर त्यागी र नवराज रिजालले मूर्च्छना गजलप्रधान त्रैमासिक पत्रिकाको प्रकाशन गरेका थिए । अहिलेसम्मको अधययनमा प्रदेश दुईबाट प्रकाशन भएको गजलप्रधान पत्रिका यही हो । यो पत्रिका सम्भवतः १७ अङ्कसम्म प्रकाशन भएको थियो ।

यसै गरी पर्साबाट प्रकाशित सगर साहित्यिक त्रैमासिक पत्रिकाले गजल विशेषाङ्क प्रकाशित गरेको थियो। यसमा गजलसम्बन्धी सैद्धान्तिक, समीक्षात्मक, समालोचनात्मक आलेखका साथै वार्ता

पनि प्रस्तुत गरिएका थिए ।

रौतहटरश्मि साहित्यिक पत्रिकाले गजललाई पर्याप्त स्थान दिनुका साथै गजलसम्बन्धी सैद्धान्तिक विवेचना र गौरमा भएको गजलगोष्ठीका कार्यपत्रहरू संशोधनसहित प्रकाशित गरेका थिए ।

यीबाहेक निसाप, सूर्योदयलगायत प्रदेशबाट प्रकाशित सबैजसो साहित्यिक पत्रिकाले फुटकर गजललाई पर्याप्त स्थान दिएका छन् । बाराको नवप्रज्ञापन साहित्यिक त्रैमासिकले पनि गजल विशेषाङ्क प्रकाशित गरिसकेको छ । गजललाई सम्मानजनक स्थान दिँदै आएको नवप्रज्ञापनले प्रादेशिक संरचनाको पहिलो गजल विशेषाङ्क प्रकाशित गर्ने ऐतिहासिक काम गरेको छ । सर्लाहीबाट प्रकाशित गोलसिमल मासिकले निरन्तर गजल प्रकाशित गर्दै आएको छ ।

प्रदेशका अखबारहरूले पनि गजललाई स्थान दिँदै आएका छन् । पर्साको प्रतीक दैनिकले शनिवारीय विशेषाङ्क वाटिका प्रकाशन गरी पर्याप्त फुटकर गजललाई स्थान दिएको छ । साथै यसले गजलसम्बन्धी सैद्धान्तिक लेख तथा समीक्षालाई पनि प्रकाशित गर्दै आएको छ । यसै गरी पर्साकै अंकुश दैनिक र धनुषाको जनकपुरटुडे दैनिकले पनि शनिवारको अङ्कमा साहित्यका अन्य विधाका साथै गजललाई स्थान दिँदै आएका छन् । महोत्तरी, धनुषा, सिरहा र सप्तरीका साहित्यिक तथा गैरसाहित्यिक पत्रिकामा पनि गजल पर्याप्त प्रकाशित छन् ।

यसै गरी समय समयमा विभिन्न संघसंस्थाबाट प्रकाशित हुने स्मारिका तथा अन्य प्रकाशनहरूमा पनि गजलले स्थान पाएका हुन्छन् ।यस प्रदेशका अन्य साहित्यिक तथा गैरसाहित्यिक पत्रिकाले गजललाई स्थान दिएका छन् । साथै प्रदेशबाहिरको पत्रपत्रिकाले पनि यस प्रदेशका गजल सर्जकको सिर्जनालाई प्रकाशन गरेर यस प्रदेशको गजल साहित्यमा मलजल गरेका छन् । गजलको पत्रिकाभन्दा सामान्य साहित्यिक तथा गैरसाहित्यिक पत्रिकाहरूले गजलको क्षेत्रमा विशेष योगदान दिएको स्पष्ट छ ।

६.विशेषाङ्कका गजल सर्जक

नवप्रज्ञापन साहित्यिक त्रैमासिकको ९२औँ अङ्क प्रदेश दुईको गजल विशेषाङ्कको रूपमा प्रकाशित हुनु आफैमा एक विशिष्ट उपलब्धि हो । देश प्रादेशिक संरचनामा गएपछि देशमै प्रदेशस्तरमा गरिएको सम्भवतः कुनै साहित्यिक विशेषाङ्क प्रकाशित भएको यो पहिलो हो । यस अर्थमा पनि यस अङ्कले ऐतिहासिक महत्व राखेको छ ।

नवप्रज्ञापन साहित्यिक त्रैमासिकको यस विशेषाङ्क प्रकाशनको निर्णयपश्चात् सामाजिक सञ्जाल, व्यक्तिगत मोबाइल सम्पर्क, अनेक व्यक्तिमार्फत विभिन्न जिल्लाका गजल सर्जकसित सम्पर्क गर्ने प्रयास गरिनुका साथै विभिन्न सार्वजनिक साहित्यिक कार्यक्रमहरूमा सूचना प्रवाह गरिएको थियो । नवप्रज्ञापन साहित्यिक पत्रिकाको ९१औँ अङ्कमा समेत सूचना प्रकाशित गरिएको थियो । यसलाई विशिष्टाङ्क बनाउने अभियानमा

धेरैको सकारात्मक सहयोग रहेको छ । यहाँ समेटिका गजल सर्जकहरू यस प्रकार छन् : अङ्कित अधिकारी, अर्जुन थापा, अमर त्यागी, कविराज सुवेदी कन्जुस, कुमार दाहाल, कुल क्षेत्री, कृष्ण दाहाल, खेमप्रसाद बोलखे, खेमराज पोखरेल, गान्धी गौतम,गीता भण्डारी,गोपाल अश्क, जिसी हरि, जीवन आचार्य निश्चल, जुनु क्षेत्री, दिनेश गुप्ता, दीक्षा सुवेदी, देवकरण माझी, धीरकुमार श्रेष्ठ, धीरेन्द्र प्रेमर्षि, ध्रुवचन्द्र गौतम ,ध्रुवराज गिरी, नन्दलाल आचार्य, नारायण निराशी, निर्मोही व्यास, परशुराम घिमिरे निदान, प्रकाश तिमल्सिना, प्रमिला पोखरेल, प्रितिञ्जला थापा, बेनु अधिकारी, बोधराज पौडेल, भवानी घिमिरे, भक्ति रिजाल, भीम विराग, मदन आले, मनु ब्राजाकी, ममताज रायभाट, माधव काफ्ले, मीना देवकोटा, रमेश अजिब गरिब, रमेशमोहन अधिकारी, रवेन्द्र रवि, राजेन्द्र विमल, राजेश विद्रोही, राधा दाहाल, राम उदित, राम खनाल, रामचन्द्र तिमल्सिना, रामपवित्र साह, रामप्रसाद साह, डा. रामभक्त ठाकुर, रितु गुप्ता, रूपेश पटेल, रूवि रौनियार, रेणु गुप्ता, रेणुका जिसी, लक्ष्मण आचार्य, लक्ष्मी श्रेष्ठ, लीलाराज दाहाल, वागियान शर्मा, विक्रान्त शर्मा, विवश पौडेल, विश्वनाथ सञ्जेल, वीणा सिन्हा, वैकुण्ठ नेपाल, शिव सन्देश, शिव के. भट्टराई, शीतल गिरी, श्याम सहनी चन्द्रांशु, श्रीराम पाण्डे, श्रुति आले, सञ्जय साह मित्र, सञ्जय सुदामा, समीर पाख्रीन, सुनील कुमार, सुमन घिमिरे अग्रिम, सुमन पौडेल, सुमित्रा आचार्य, सुशीला पौडेल, सौगात विश्वकर्मा ।

प्रदेश दुईमा यिनै गजलकार हुन् भन्ने होइन । निश्चित समयमा यस पत्रिकाको लागि गजल उपलब्ध गराउने गजल सर्जकहरू यिनै चाहिँ अवश्य हुन् । यसै अर्थमो यो अङ्क प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्क हो । यी गजलकारका प्रस्तुत गजलहरूले प्रदेश दुईमा गजलको अवस्था, प्रकृति, प्रवृत्ति तथा अन्य दृष्टिकोणले पनि विश्लेषण गर्न सकिने एउटा ठोस आधार दिएको छ । यो पहिलो र ऐतिहासिक अङ्कको अत्यन्त विशिष्ट स्थान र महत्व रहेको छ ।

७. निष्कर्ष

भाषिक वैविध्य यस प्रदेशको सम्पत्ति भएकोले नेपाली गजलको प्रभाव अन्य भाषामा र अन्य भाषाको गजलको प्रभाव नेपाली भाषाको गजलमाथि परेको देखिन्छ । अन्तर्यमा गजल साहित्यकै विकास भएको देखिएको यस प्रदेशका प्रदेशका गजल लेखिने सबै भाषाका गजलमा अन्तर्सम्बन्ध देखिन्छ ।

नेपाली साहित्यको पहिचान र सम्मानमा प्रदेश दुईले अहम् योगदान दिएजस्तै नेपाली गजलको विधागत पहिचान र सम्मानमा पनि यस प्रदेशले अहम भूमिका निर्वाह गरेको छ । यद्यपि पुनर्जागरण कालभन्दा पहिले प्रादेशिक संरचनाको वर्तमान यस भूगोलमा गजल विधाले के कति योगदान दिएको थियो भन्ने कुरो अध्ययन-अनुसन्धानको विषय बन्न पुगेको छ ।

नेपाली गजलको पुनर्जागरण

कालदेखि प्रदेश दुईले मलजल गरी हुर्काएको पनि देखिएको सन्दर्भसमेतको धरातलमा प्रस्तुत प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्कले प्रदेश दुईको गजलको इतिहासमा एउटा ठोस योगदान दिएको छ नै, यसबाट सिङ्गो नेपाली गजलमा पनि विशिष्ट योगदान पुगेको स्पष्ट छ । यसबाट अब प्रादेशिकस्तरमा विभिन्न विधा वा सामान्य विशेषाङ्क निकाल्ने नवीन युगको प्रारम्भ हुने छ र त्यसबाट नेपाली गजल पनि धन्य हुने विश्वास लिन सकिन्छ ।

प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्कको प्रकाशनपश्चात् प्रदेश दुईका साथै समग्र नेपाली साहित्यमा पनि गजललेखन, पठन तथा प्रकाशनको क्रम थप विस्तार हुने देखिन्छ । समग्रममा प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्कका लागि प्राप्त गजलहरूकै आधारमा भन्नुपर्दा यस प्रदेशमा गजललेखन, पठन तथा प्रकाशनको अवस्था उत्साहनजनक, सन्तोषजनक र सम्मानजनक छ ।

गजलकारहरूको बढ्दो सङ्ख्या, कृति प्रकाशनको बढ्दो क्रम, पत्रपत्रिकामा गजलले प्राप्त गरिरहेको स्थान तथा गजलप्रतिको आकर्षण, गजललेखनको विधागत सजगतादिले प्रदेश दुईको गजलकारिताको भविष्यलाई उज्ज्वल पथमा अग्रसर गराएको छ ।

यस प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्क प्रकाशनले विश्वविद्यालयस्तरमा पनि अध्ययनको नयाँ ढोका उघारेको देखिन्छ । यसर्थ प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्क अनेक दृष्टिकोणले सङ्कुचित अर्थमा प्रदेश दुईका लागि र विस्तारित अर्थमा समग्र साहित्यकै लागि एक विशिष्ट र अनुकरणीय उपलब्धि हुन पुगेको छ ।

८. धन्यवाद र आभार

मेरो प्रस्तावलाई सहर्ष स्वीकार गर्दै प्रदेश दुईका प्रतिनिधि गजल विशेषाङ्क प्रकाशनका लागि तयार हुने नवप्रज्ञापन साहित्यिक त्रैमासिक पत्रिकाका प्रकाशक-सम्पादक नवराज रिजालप्रति सर्वप्रथम हार्दिक आभार प्रकट गर्दै यो पत्रिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

साथै मेरो आग्रहलाई स्वीकारी गजल उपलब्ध गराउने सम्पूर्ण सर्जकहरूलाई मुरीमुरी धन्यवाद अर्पण गर्दछु । यसका अलावा मेरो कामलाई विशिष्ट बनाउन प्रत्यक्ष-परोक्ष सहयोग गर्ने गोपाल अश्क (पर्सा), दीक्षा सुवेदी सापकोटा (पर्सा), रेणुका जिसी खतिवडा (रौतहट) लीलाराज दाहाल (सर्लाही), सुमन घिमिरे अग्रिम (सर्लाही), नारायण निर ासी, जीवन आचार्य निश्चल (सर्लाही), रमेश अजीव रश्मि (महोत्तरी), राजेश्वर नेपाली (धनुषा), उपेन्द्र भगत नागवंशी (धनुषा), अर्जुन गुप्ता (सिराहा), रोहित न्यौपाने (सिराहा), ललिता साह (सप्तरी), विद्यानन्द वेददर्दी (सप्तरी) लगायतका मित्रजनलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । अनि यहाँहरू सबैबाट आगामी दिनमा पनि यस प्रकारको निस्वार्थ साहित्यिक सहयोगको अपेक्षा गर्दछु ।

– मित्रनगर, गरूडा रौतहट

नेपाली गजलको परिचर्चा



• डा. घनश्याम न्यौपाने परिश्रमी

१. **प्रविष्टि**

गजल अरबी भाषिक मूलको शब्द हो । भोगाइ, अनुभूति, दृष्टि, श्रुति र कल्पनाका गूढ तथा सूक्ष्म विषयलाई थोरैभन्दा थोरै मूलतः विम्बात्मक र प्रतीकात्मक तर सुबोध्य शब्दमा काव्यात्मकतासहित शिल्पगत सर्तहरूलाई पालना गरेर लेखिएको रचनालाई गजल भनिन्छ । शिल्पगत सर्त भन्नाले गजल संरचनाका तत्त्वहरूसहितको स्वरूपलाई बुझ्नुपर्दछ ।

यसको बाह्य स्वरूप मतला, मक्ता, मिसरा, सेर, काफिया, रदिफ, बहर आदिले बनेको हुन्छ । गजल शब्दले कोशीय अर्थका रूपमा नारीसँगको संवाद अर्थात् वार्तालाई बुझाउँछ । साहित्यका सन्दर्भमा भने यो काव्यको एउटा प्रभेद हो । काव्यिक प्रविधाका रूपमा यसको जन्म प्रथमतः इसाको सातौँ शताब्दीमा अरबी साहित्यिक धरातलमा नै भएको हो ।

यसपछि क्रमशः फार्सी, हिन्दी र उर्दू हुँदै र विशेषतः इस्लामिक जगत्का भाषासाहित्यमा आफ्नो खास पहिचान बनाउँदै यसले शब्दकोश र साहित्यकोश दुवैमा विश्वव्यापी विस्तार पाएको देखिन्छ । अतः संसारका हरेक भाषामा गजललाई अर्को कुनै नामले सम्बोधन गरिएको छैन, गजल नै भनिन्छ ।

पूर्वीय काव्यसंसारमा संस्कृत साहित्यको उन्नतावस्थासँगै अरबी र फार्सी भाषामा पनि वाङ्मयिक विकास भइरहेको अवस्थामा कसिदाबाट तसबिब हुँदै प्रथमतः प्रणयभावाव्यञ्जनको पृथक् माध्यमका रूपमा गजलको उद्भव भएको हो । उद्भवसँगै यसमा विशेषतः सुसंस्कृत र शिष्ट भाषाको प्रयुक्तिले महत्त्व पाएको देखिन्छ ।

गजल सेरहरूको मनोहर माला हो जुन काव्यको एउटा सुन्दर प्रभेदका रूपमा प्रख्यात छ । यसका प्रत्येक सेरहरू भावगत र अर्थगत दृष्टिले पूर्णतः स्वायत्त अस्तित्वका हुन्छन्, अर्थात् एउटा गजलको संरचना एउटै बहर र शिल्पमा हुन्छ तापनि यसका सेरहरू परस्परमा सम्बन्धित हुँदैनन् । यसर्थ एउटै गजलका सेरहरूमा कथ्यको वैविध्य पाइन्छ ।

गजलका सेरहरूमा प्रभावकारी खालका पुरातन र नूतन प्रतीक तथा विम्ब, भाषिक संस्कार र सञ्चेतना, सङ्क्षिप्त, सूक्ष्म र दृश्यात्मकता, विशिष्ट अनुभवको व्यापक भावभूमि,

सामाजिक अन्तर्विरोधहरूमाथि दरिलो हस्तक्षेप, प्रतिवादको प्रखर र तीक्ष्ण स्वर, लोकतत्त्वको उपस्थिति,विषयगत वैविध्य र प्रयोगधर्मिता, प्रणयको सघन अनुभूति, संस्कार र उखानटुक्काहरूको खोजी, विकृतिविसङ्गतिको चित्रण, चेतनासम्पन्न जीवनदृष्टि, तत्त्वज्ञान, मनोवैज्ञानिकता, कल्पनाशीलता, जीवनको वास्तविकता, वैयक्तिक अनुभूतिको मुखरण आदिको सौन्दर्यमय उपस्थितिको अपेक्षा गरिएको हुन्छ ।

२. गजलको वर्ण्य विषय

गजल प्रमुखतः अरबीमा प्रणयगीतका रूपमा चिनिएको तस्बिबको गर्भबाट जन्मिएको काव्यको एक प्रकार हो । यसको पदगत अर्थले पनि प्रेमिकासँगको संवादलाई सङ्केत गर्दछ । वस्तुतः गजलको उद्भव प्रेम र शृङ्गारकै पृष्ठभूमिबाट भएको दृष्टिगत हुन्छ ।

खासगरी स्त्रीसित सम्बन्धित अर्थको संवाहक भएकाले गजललाई पहिलेपहिले प्रणयधर्मी र शृङ्गारिक काव्य विधाका रूपमा लिइन्थ्यो र शृङ्गाररस नै यसको मुख्य रस हुनुपर्दछ भन्ने दृढ मान्यता पनि थियो । त्यसैले आज पनि पुरातनपन्थीहरू गजलको मूलकथ्य प्रेमविषयक नै हुनुपर्दछ भन्ने कुरामा आग्रह गर्दछन् ।

स्त्रीको वाणी वा स्त्रीसँगको कुराकानी भन्ने अर्थको आधारमा गजललाई प्रेम र शृङ्गारको सङ्कीर्ण परिवृत्तमा मात्र बन्दी बनाउने युगको समापन भइसकेको छ । आज वैश्विक रूपमा नै गजलको कथ्य विषय प्रेममा मात्र बन्धित छैन । यसको अर्थ विस्तार भइसकेको छ । आजका गजलकार हरूले पुरातन मान्यताको पर्खाल भत्काइसकेका छन् ।

अब प्रणयधर्मी र शृङ्गारिकताको सङ्कुचनबाट गजल उन्मुक्त भइसकेको छ । समाजमा आफूले देखेका, भोगेका, सुनेका र अनुभूति गरेका कुनै पनि विषयलाई आजका गजलकारहरूले गजलका सेरहरूमा प्रतिविम्बित गरेको पाइन्छ । वस्तुतः व्यक्तिको जिन्दगीको चित्र र समाजको प्रतिविम्ब बनिसकेको छ आजको गजल । सामाजिक, राजनीतिक र व्यावहारिक जीवनका विविध पक्षहरूले आजको गजलमा कथ्यका रूपमा स्थान ओगटिसकेका छन् ।

समसामयिक गजलको सेरोफेरोमा सामाजिक चेतनाको व्याप्ति देखिन्छ । प्रणयभाव मात्र गुन्गुनाउने हिजोको गजल आज विद्रोहको स्वर उराल्ने, अव्यवस्था र अन्याय अत्याचार विरूद्ध कुर्लने काव्यविधाका रूपमा समेत चिनिन्छ ।

३. गजलका तत्त्वहरू

गजल मूलतः शास्त्रीय र प्राविधिक काव्यविधा हो । यसको संरचनाहेतु केही बाह्य र केही आन्तरिक तत्त्वहरू आवश्यक मानिन्छन् । यहाँ यी तत्त्वहरूको सामान्य चर्चा हुनु आवश्यक ठानेको छु ।

३.१ मिसरा र सेर

गजल भनेको सेरहरूको समष्टि रूप हो । एउटा सेरमा दुई पङ्क्ति हुन्छन् । सेरको प्रथम वा माथिल्लो पङ्क्तिलाई "मिसरा ए उला" र द्वितीय वा तल्लो पङ्क्तिलाई "मिसरा ए सानी" भनिन्छ । हरेक सेरको मिसरा ए

उलाले कुनै विषयको उपस्थापन गर्दछ र मिसरा ए सानीले त्यसलाई पुष्टि गर्दै एउटा कथ्यको समापन गर्दछ ।

एउटा गजलमा कम्तीमा पनि पाँच सेर हुनुपदर्छ भन्ने काव्यशास्त्रीय मान्यता छ तापनि कतिपय फारसी र उर्दूका गजलकारहरूले नै चार सेरका मात्र गजलहरू पनि रचेको देखिन्छ । गायनका सन्दर्भमा त तीन सेर मात्र गाइएका प्रशस्त उदाहरणहरू भेटिन्छन् । पाँच सेरभन्दा अधिकतम सेरहरूको कुनै पनि निश्चित सङ्ख्या काव्यशास्त्रमा निर्धारण गरिएको पनि पाइँदैन । गजलमा धेरै सेर हुनु राम्रो पनि मानिँदैन ।

औसत गजलहरू पाँच सेरदेखि तेह्र सेरसम्मका हुन्छन् । साधरणतः हिन्दी उर्दू भाषामा एक्काइस वा बाइस सेरभन्दा बढी सेरका गजलहरू देखिँदैनन् तर नेपालीमा भने प्रयोगका रूपमा गजलमा नै खण्डकाव्य र महाकाव्य समेत लेखिएका छन् । प्राचीन काव्यशास्त्रीहरूको कथन के छ भने गजलका सेरहरूको सङ्ख्या विषम हुनुपदर्छ । तर यस मान्यतालाई कडाइका साथ परिपालन गरिएको भने पाइँदैन ।

गजलका प्रत्येक सेरहरू यद्यपि एउटै बहरमा समाबद्ध हुन्छन् तथापि विषयवस्तुको दृष्टिले तिनको स्वतन्त्र अस्तित्व रहेको हुन्छ । अझ यसो भनूँ, एउटा गजलमा जतिवटा सेरहरू छन् त्यति नै पृथक् पृथक् विषयवस्तु, भाव र विचार हुन्छन् । प्रत्येक सेरका कथ्य विषयमा पार्थक्य हुनु गजलको मौलिक विशेषता एवं मान्यता पनि हो ।

एउटै गजलभित्रका अलगअलग सेरहरूमा प्रेम, विरह, वेदना प्रकृति चित्रण, चिन्तनमनन, सामाजिक एवं राजनैतिक व्यङ्ग्य विद्रोह तथा विकृतिविसङ्गति जस्ता विविध पक्षहरूको प्रतिविम्बन गर्न गजलकारले पूर्ण रूपमा छुट पाएको हुन्छ । यसर्थ गीत र कविताहरूमा जस्तै एउटै कथ्य विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति गजलमा अपरिहार्य मानिँदैन ।

एउटै गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति भएको गजललाई गजल मुसलसल भनिन्छ । विविध विषयवस्तुका सेरहरूबाट बनेको गजललाई गजल गैर मुसलसल भनिन्छ । बुझ्नै पर्ने कुरा के छ भने गजल मुसलसलमा विषयवस्तु एउटै भए पनि प्रत्येक सेरहरू भने स्वायत्त हुन्छन् ।

सेर बनाउँदा ध्यान दिनुपर्ने केही बुँदाहरू–

एउटा गजलका प्रत्येक सेरहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कर्ता हुनै पर्दछ, एउटा गजलका प्रत्येक सेरहरूमा समापक क्रिया अनिवार्य रूपमा हुनै पर्दछ, एउटा गजलका प्रत्येक सेरहरूमा कर्ता, कर्म र क्रियाका बिच लिङ्ग, वचन, पुरूष, आदर आदिको सङ्गति मिल्नुपर्दछ, एउटा भाव वा अनुभूतिको सम्पूर्ण अभिव्यक्ति एउटै सेरमा हुनुपर्दछ, बाँकी राखेर अर्को सेरमा भन्न पाइँदैन, एउटा सेरका दुवै मिसरा(उला र सानी) का बिच अन्योन्याश्रित सम्बन्ध हुनै पर्दछ, अर्थात् मिसराहरू फरकफरक विषय वा प्रसङ्गका हुनु हुँदैन, वैकल्पिक नियमबाहेक व्याकरणलाई अक्षरशः पालना गर्नुपर्दछ, बहर मिलाउने नाममा वर्णविन्यासलाई बिगार्न पाइँदैन ,सेरहरू

सरल तर अर्थगत दृष्टिले प्रतीकात्मक हुनुपर्दछ ।

३.२ **काफिया**

गजलमा काफियाको सर्वाधिक महत्त्व रहन्छ । काफियाविना गजल बन्नै सक्तैन । त्यसैले गजलरूपी शरीरको मुटुको रूपमा काफियालाई लिइन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । काफियामा स्वरमात्राको समता हुनुपदर्छ । रदिफभन्दा पूर्व प्रयोग हुने अनुप्रासयुक्त पद, पदावली, अक्षर वा अक्षर समूहलाई नै काफिया भनिन्छ । हमकाफियाहरूमा अचल ध्वनि यथावत् रहनु र चल ध्वनिमा परिवर्तन हुनु यसको विशेषता हो ।

मतलाका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीमा काफियाको प्रयोग हुन्छ । भाँड्ने माड्ने, गाड्ने, छाड्ने, तथा हुने, रूने, धुने, छुने /सहर, नजर, असर, बदरजस्ता स्वरको समता भएका पूर्णशब्दहरू काफियाको रूपमा गजलमा प्रयोग हुन्छन् । जान्ने, सुन्ने, किन्ने जस्ता स्वरको सन्तुलन नमिलेका शब्दहरू काफियाको रूपमा स्वीकार्य हुँदैनन् ।

यसरी नै वास, काल, राम/सही, कहीँ /नाउँ पाउ/काँध नाद/चाका पाखा/पाडी बाढी जस्ता शब्दहरूमा स्वर मात्राको समता भए पनि यस्ता शब्दहरू हमकाफियाका रूपमा प्रयोग हुन सक्तैनन् । हिसाब, प्रभाव, चुनाव, जस्ता शब्दहरू भने हमकाफियाका रूपमा प्रयोग हुन सक्छन् ।

तर यिनका हिसाब को "हि" प्रभावको "प्र" र चुनावको "चु" भने काफियाको अनुप्रासेतर ध्वनिअन्तर्गत पर्दछन् । अतः यस्ता शब्दका अंश मात्रै काफिया मानिन्छन् । यसैगरी यो, हो, सन्चोको चो, मीठाको ठो, चर्कोको को मेरोको रो जस्ता एकल वा पदान्तमा आउने समस्वरको लेख्य एक अक्षरले पनि काफियाको मान्यता पाउँछन् ।

कतिपय अवस्थामा बन्छन्, भन्छन्, गन्छन् जस्ता काफियासँग मन छन्, वन छन्, पन छन् जस्ता मिलित पदावली पनि हमकाफियाका रूपमा प्रयोग हुन सक्छन् ।

३.३ **रदिफ**

रदिफ गजलका लागि ऐच्छिक तत्त्व हो । काफिया र रदिफ दुवैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र श्रुतिमधुर तुल्याएको हुन्छ । मतलाका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीको अन्तमा प्रयोग हुने उही पद, पदावली अक्षर वा अक्षर समूहलाई नै रदिफ भनिन्छ । यो काफियाको ठीक पछाडिपट्टि प्रयोग हुन्छ ।

अनिवार्य तत्त्व नभए पनि यसको प्रयोगले गजलको सौन्दर्य प्रसाधनमा महत्त्वपूर्ण भूमिका खेल्ने र गायनका क्रममा श्रुतिमा मधुरता समेत थपिने हुनाले अधिकांश गजलकारहरू यसलाई त्याग्न सक्दैनन् । सिकारू वा नवोदित गजलकारहरूमध्ये कतिपयले त रदिफलाई नै अनिवार्य तत्त्व ठान्दछन् । बरू उनीहरू काफियालाई महत्त्व दिंदैनन् ।

वस्तुतः बुझ्नै पर्ने कुरा के हो भने काफिया विनाको गजल बन्नै सक्दैन, तर रदिफविना गजल बन्न कुनै व्यवधान उत्पन्न हुँदैन । रदिफको प्रयोगको आधारमा रदिफ प्रयुक्त गजललाई **मुरद्दफ गजल** र रदिफ

प्रयोग नभएको गजललाई **गैर मुरद्दफ गजल** भनिन्छ ।

३.४ मतला

मतला शब्दबाट "प्रारम्भ" भन्ने अर्थ बुझिन्छ । गजलको पहिलो सेरलाई मतला भनिन्छ । मतलाका दुबै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ । (यदि गैरमुरद्दफ गजल भए मतलामा पनि रदिफ रहँदैन ।) एउटै गजलमा दुई सेरका मतला पनि हुन सक्छन् ।

कसै कसैले उपयुक्त मतला बनाउन नसकेर दुबै मिसरामा काफिया र रदिफको सन्तुलनको नियम उल्लङ्घन पनि गर्दछन् । त्यसो त काव्यशास्त्रका अनुसार गजलको मतला सानुप्रासान्त हुनै पर्छ भनी अनिवार्य गरिएको छैन । तर पनि यो नियम रूढ बनिसकेको छ । त्यसैले गजल भनेपछि मतला आवश्यक जस्तै देखिन्छ ।

वस्तुतः मतलाको व्यवस्थापनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गजलकारले वाचन गर्दा वा गायकले गाउँदाखेरि प्रत्येक सेरहरूपछि मतलाको पुरावृत्ति गर्दछन्, जसबाट एक प्रकारको श्रुतिमधुरता र झङ्कारमयता प्रकट हुन्छ । यसर्थ काफियाको दुबै मिसरामा सन्तुलित रूपमा प्रयोग भएको मतला हुनु गजलका लागि आवश्यक नै ठान्नु उपयुक्त हुन्छ । यसलाई गीतको स्थायी अंश जस्तै मान्न सकिन्छ ।

३.५ मक्ता र तखल्लुस

गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ । यस शब्दले "समाप्ति" वा "काटिएको" भन्ने अर्थ बुझाउँछ । यसबाट के स्पष्ट हुन्छ भने "मक्ता" भनेको गजललाई टुङ्ग्याउने अवयव वा अन्तिम सेर हो । मक्ताका मिसरामा साधारणतः कविगण आफ्नो तखल्लुख पनि प्रयोग गर्दछन् ।

तखल्लुस भनेको कविको छोटो नाम वा उपनाम हो । गजल सिद्धान्तका केही व्याख्याताहरूले तखल्लुस प्रयोग नभएको सेरलाई मक्ता भन्न मिल्दैन, अन्तिम सेर भन्नु पर्छ पनि भनेका छन् । वस्तुतः यो भनाइ युक्तिसङ्गत छैन । यदि अन्तिम सेरभन्दा पूर्ववर्ती सेरहरूमा गजलकारले तखल्लुस प्रयोग गरेमा त्यो सेर नै मक्ता बन्दैन ।

मक्ता भनेको गजललाई टुङ्ग्याउने अन्तिम सेर हो । जसमा गजलकारले तखल्लुस प्रयोग गर्न पनि सक्छ, नगर्न पनि सक्छ । तखल्लुस गजलार्थ अपरिहार्य तत्त्व होइन । यसको प्रयोग मूलतः अर्थको चमत्कार र गजलकारको चिनारीका लागि गरिएको हुन्छ ।

तखल्लुस प्रयोग भएका मक्ताका केही सेरहरू अवलोकनार्थ प्रस्तुत छन्:

तिमीसाथ हुनेछ 'हुसैन' सधैँ
सुन अब्बल, दोयम, चारहरू
- हुसैन खाँ (बहरमाला - १००)

३.६. बहर

गजल मूलतः क्लासिकल (परिष्कारपूर्ण) र टेक्निकल (प्राविधिक) साहित्य र सङ्गीतसँग सम्बन्धित काव्य विधा हो । त्यसैले गजलको पहिलो सर्त गायन हो । यसको संरचना गीतकविता जस्तै सहज र मुक्त शैलीमा हुन सक्दैन । बहरबद्धता गजलका लागि अपरिहार्य मानिन्छ । बहर भनेको छन्द हो, यो अरबी शब्द हो ।

कुनै न कुनै छन्द वा लयमा बन्धित हुनु गजलको शास्त्रीय मान्यता

हो । संस्कृत वाङ्मयमा अनेकानेक वार्णिक र मात्रिक पिङ्गल छन्दहरू भएझैं इस्लामिक अरूज शास्त्रमा पनि वर्णमात्रामा आधारित अनेक शास्त्रीय बहरहरू छन् । यस्ता बहरहरूलाई गजलमा अनिवार्य तत्त्व मानिएको छ । . गेयमैत्री होस् भनेर नै गजल कुनै न कुनै बहरमा लेखिन्छ ।

तर यो संस्कृत परम्पराका पिङ्गल छन्दभन्दा बढी उदार र लचिलो हुन्छ । मूलतः वर्ण(अक्षर)र मात्रात्मक एकरूपताका आधारमा समभारबाट सिर्जना हुने सङ्गीत मैत्री लय नै बहर हो । यसको विशद चर्चा तल गरिएको छ ।

३.७. गजलका आन्तरिक तत्त्व तथा गुण र दोषहरू

गजललाई सार्थकता प्रदान गर्न बाह्य तत्त्वहरूले मात्र सक्दैनन् । बाह्य तत्त्व त यसको संरचनाका अवयव मात्र हुन् । वास्तवमा गजलमा आन्तरिक सौन्दर्य प्रदान गर्नका लागि आन्तरिक तत्त्वहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । भाव, अन्दाजे बयाँ (अभिव्यक्ति कौशल), तखल्लुस (चोटिलो र चमत्कारपूर्ण अभिव्यक्ति), तख्य्युल(विचार, दर्शन, तर्क, भावना आदि), विम्ब र प्रतीक, कल्पना, सङ्गीतात्मकता, शिल्पशैली, तासिर (प्रभावोत्पादकता), सघन अभिव्यञ्जना, शकलमा सकलता, रस, अलङ्कार आदि गजलका आन्तरिक तत्त्वहरू हुन् ।

गजल काव्यको सुन्दर रूप हो । यो विभिन्न सौन्दर्य तत्त्वले अलङ्कृत हुन्छ । यसका लागि केही गुणहरू निर्धारण गरिएका छन् । स्पष्टता, प्रौढता, सेरमा अर्थपूर्णता, मिसरामा अन्योन्याश्रितता, उखान टुक्काको सान्दर्भिक प्रयोग, गेयात्मकता, व्याख्यात्मकता, प्रतीकात्मकता, कोमलता, उक्ति वैचित्र्य, सरलता आदि गजलका प्रमुख गुणहरू हुन् ।

गजलमा केही यस्ता पक्षहरू पनि छन् जुन गजलका दोष मानिन्छन् । गजल रचना गर्ने क्रममा अलिकति ध्यान नपऱ्याउँदा गजलका सेरहरूमा दोष उत्पन्न हुन्छ । अस्पष्टता, अपूर्णता, दुरूहता, असम्बद्धता, कुरूपता, अश्लीलता, व्याकरणिक अशुद्धता, विच्छेद, अनावश्यकता, पुनरावृत्ति, भर्ती, शब्द सङ्कोच, शाब्दिक कठोरता, अनादरता, वजन भङ्गता वा बहरहीनता, काफियाहीनता, इता, इक्फा, तकावुला आदि गजलका दोष मानिन्छन् ।

४. नेपाली गजलको परम्परा

नेपाली गजलको इतिहास नेपाली साहित्यको माध्यमिक कालसँगै आरम्भ हुन्छ । अहिलेसम्मको खोज-अनुसन्धानले युवाकवि मोतीराम भट्टलाई नेपाली गजलका प्रवर्तकका रूपमा मान्यता दिएको छ । भट्ट नेपाली साहित्यका माध्यमिक कालका प्रवर्तक र केन्द्रीय कवि मानिन्छन् ।

यस आधारमा नेपाली साहित्यको माध्यमिक काल नेपाली गजलको प्राथमिक काल मानिन्छ । मोतीराम भट्टले नेपाली गजलको प्रवर्तन मात्र गरेनन्, अपितु यसको विकास र विस्तारहेतु मोतीमण्डलीका माध्यमबाट उल्लेख्य कार्य समेत गरे । मोतीमण्डलीका प्रत्येक सदस्यलाई उनले गजल लेख्न अभिप्रेरित गरेको देखिन्छ ।

त्यस समयका गजलकारहरूबाट मूलतः शास्त्रीय बहरलाई आत्मसात्

गरेर गजल लेखेको पाइन्छ । यस कालखण्डको पूर्वचरणका गजलकार हरूमा लक्ष्मीदत्त पन्त 'इन्दु' गोपीनाथ लोहनी 'नाथ', अम्जद हुसेन 'अन्जान', रत्नलाल 'रत्न', गजब, नरेदव पाण्डे 'सुधा' आदि उल्लेख्य छन् । यिनीहरूका फुटकर गजलहरू **सङ्गीत चन्द्रोदय** (१९६९) मा सङ्कलित छन् ।

नेपाली गजलको प्राथमिक कालको उत्तर चरणका गजलकाहरू हुन् शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर 'जिगर' । यस आलेखका पङ्क्तिकारले नेपाली गजलको काल विभाजनका क्रममा वि.स. २०४० देखि १९९६ (उपेन्द्रबहादुर 'जिगर' को गजल सङ्ग्रह प्रकाशन वर्ष) सम्मको कालखण्डलाई प्राथमिक काल मानेको र सोही अनुसार लेख्दै आएको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक नै होला ।

किनभने मोतीराम भट्टदेखि भीमनिधि तिवारी र उपेन्द्रबहादुर 'जिगर' सम्मका सबै गजलकारहरूको कथ्य र शिल्प शैलीमा सामानता पाइन्छ । यस कालखण्डमा भीमनिधि तिवारीको 'बयासी र बीस गजल मेरी' (१९९३/२००५) र उपेन्द्रबहादुर 'जिगर' को एकसय एक गजल (१९९६) प्रकाशन पश्चात् गजल सृजनामा सुस्तता देखा पर्दछ ।

वि.सं. १९९७ देखि २०३५ सम्मको कालखण्ड नेपाली गजलको सुषुप्त काल अर्थात निद्रायुगका रूपमा चिनिन्छ । यस अवधिमा खासै गजल लेख्ने र छाप्ने काम भएन । यस कालखण्डलाई नेपाली गजलको माध्यमिक काल पनि मान्न सकिन्छ । लेखनाथ पौड्याल, बालकृष्ण सम, भूपि सेरचन, गुरूप्रसाद मैनाली, नीलहरि शर्मा ढकाल आदिबाट गजल शैलीका केही रचना लेखिनु तथा म.वी.वि. शाहका गीतहरूलाई गजल भनेर हल्ला गर्नु मात्रै यस अवधिको उपलब्धि हो ।

मनु ब्राजाकी र बूँद रानाले वि.सं.२०२० को दशकदेखि नै गजल लेख्न सुरू गरेका भनिए पनि त्यति बेला यी दुबैका गजलहरू प्रकाशन र प्रसारण भएनन् । यसै क्रममा धर्मोगत शर्मा 'तूफान'का केही फुटकर गजलहरू भारतको आसामबाट प्रकाशित हुने 'विन्दु' नामक पत्रिकामा २०३१/२०३२ सालतिर छापिएको चर्चा छ ।

सुदूर पश्चिमाञ्चलबाट प्रकाशित **प्यास** नामक गजल प्रधान पत्रिका-१३ बैतडी विशेषाङ्कमा देवराम भट्ट शर्माले २०२० सालतिर नै गजलहरू लेखेका र उनको **अमर शहीद दशरथ चन्द** नामक नाट्यकृति (पृष्ठ २२-२३) मा दुईवटा गजल प्रकाशित भएको कुरा उल्लेख छ ।

नेपाली गजलको पुनर्जागरणकर्ता ज्ञानुवाकर पौडेल हुन् भनिन्छ । उनको २०३५ साल असोज महिनामा 'रूपरेखा'मा छ पङ्क्तिको एक रचना छापिएको थियो । यसलाई नै नेपाली गजलको पुनर्जागरणकालको प्रथम गजल भनेर मानिन्छ ।

नेपाली साहित्यमा गजलले पुनर्जागृति त्यतिखेर पायो जुन समयमा जटिल र बौद्धिक गद्य कविताको साम्राज्य थियो र पाठकवर्ग लय र लालित्यको आस्वादनबाट वञ्चित थिए । गद्य कविताको साम्राज्य चलिरहेको अवस्थामा लय र लालित्यका भोका पाठकहरू यसको विकल्प खोजिरहेका थिए ।

यस्तो अवस्थामा ज्ञानुवाकर

पौडेल मनु ब्राजाकी, ललिजन रावल र धर्मोगत शर्मा 'तुफान' आफ्ना गजलका सेरहरूमा समय र समाजलाई चित्रण गर्दै नेपाली काव्यिक धरातलमा उपस्थित भए । यसपछि रवि प्राञ्जल, बूँद राना, घनश्याम न्यौपाने परिश्रमी, श्रेष्ठ प्रिया 'पत्थर' आदिको पनि सार्थक उपस्थिति रह्यो ।

नेपाली गजलको पुनर्जागरण विकास एवम् विस्तारमा यी स्रष्टाहरूले गरेको योगदान सदा स्मरणीय छ । विक्रमीको तीसको दशकको उत्तर कालखण्डमा आएर पुनर्जागृत भएको नेपाली गजल अहिले विकासको पथमा गतिमान् छ । पुनर्जागरणसँगै नेपाली गजलको आधुनिक काल प्रारम्भ भएको हो ।

यस कालखण्डलाई आधुनिक नेपाली गजलको प्रथम चरण मानिन्छ । वि.सं. २०४२ मा ललिजन रावलको **केही गजलहरू** र धर्मोगत शर्मा तुफानको **तुफानका गजलहरू** प्रकाशित भइसकेपछि नेपाली गजलले कृति प्रकाशनका माध्यमबाट एउटा गति लिएको देखिन्छ र गजल लेख्नेहरूको लामो पङ्क्ति तयार हुन्छ । पत्रपत्रिकाहरूमा धमाधम गजलहरू प्रकाशित हुन थाल्दछन् ।

आरोहण, विजया, वसुन्धरा लगायतका पत्रिकाहरूलाई गजल विशेषाङ्कमा रूपमा समेत प्रकाशित गरिन्छ । यसै क्रममा इन्द्रकुमार श्रेष्ठ 'सरित्'को सम्पादनमा 'गजल' नामक गजल प्रधान पत्रिकको प्रकाशन आरम्भ भएको देखिन्छ । विक्रमीको २०४७ पछिको नेपाली गजल सिर्जनालाई समसामयिक नेपाली गजल भन्नु युक्तिसङ्गत देखिन्छ । समसामयिक नेपाली गजलको विकास र विस्तारमा ललिजन रावलद्वारा सम्पादित 'समकालीन नेपाली गजल' (२०४७), दुवसु क्षेत्रीद्वारा सम्पादित 'समसामयिक नेपाली गजल' (२०५०) जस्ता कृतिहरू र तिनका भूमिकाहरू उल्लेख्य छन् ।

यसरी नै गजलको सैद्धान्तिक निरूपण गरिएका देवी पन्थीको **गजल सिद्धान्त र समालोचना** (२०५९), टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** (२०५९), डा. घनश्याम न्यौपाने 'परिश्रमी'को **गजल सौन्दर्य मीमांसा** (२०६४/२०६६), डा.कृष्णहरि बरालको **गजल सिद्धान्त र परम्परा** (२०६४), घनेन्द्र ओझाको **नेपाली गजल सिद्धान्त र विवेचना** (२०६७), डा.सनतकुमार वस्तीको **वाह गजल** (२०६७ हस्तलिखित), शैलेन्द्र समदर्शीको **गजल सिद्धान्त र सिर्जनावलोकन**, (सन् २०१०/२०१५), गोर्खे साँइलोको सम्पादन र सङ्कलन **गजल दर्शन** (२०६९), डा. नारायणप्रसाद शर्मा गैह्रेको **नेपाली गजलको परम्परा र प्रवृत्ति** (२०७४) जस्ता कृतिहरू अत्यन्त महत्त्वपूर्ण उपलब्धि मानिन्छन् ।

यसै क्रममा शास्त्रीय बहरबद्ध गजलहरूको समसामयिक सङ्कलन घनेन्द्र ओझालद्वारा सम्पादित 'बहरमाला' (२०६३) अनाम मण्डलीद्वारा प्रकाशित गजल केन्द्रित समालोचना सङ्कलन नेपाली गजलः विगत र वर्तमान' (२०६४) जस्ता कृतिहरूलाई पनि समकालीन नेपाली गजलका प्राप्ति मान्नुपर्दछ ।

यी बाहेक विक्रमीको पचासको दशकपछि नेपाली गजलका क्षेत्रमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र क्षेत्रीय रूपमा

विभिन्न सामूहिक सङ्कलनहरू प्रकाशित भएका देखिन्छन् भने प्रायः धेरै पत्रपत्रिकाहरू गजल विशेषाङ्का रूपमा प्रकाशित छन् । यस्ता कृतिहरूले समसामयिक नेपाली गजलको स्वरूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । समसामयिक नेपाली गजलका कथ्यको आयाम निकै व्यापक छ । यसका मूल प्रवृत्तिहरू अनेक छन् ।

५. बहरको परिचय र उदाहरण. .

गजल संरचनाका विशेष बाह्य संरचक उपकरणहरूमा बहरको महत्त्व अपरिहार्य छ । यसर्थ गजल संरचनार्थ बहर अनिवार्य तत्त्व हो । यसलाई गजल संरचनाको सर्वोच्च अनुशासन मानिन्छ । गजलको पहिलो सर्त गायन हो । त्यसैले यसको निकटतम सम्बन्ध सङ्गीतसँग रहेको हुन्छ । गेयताकै कारण गजल अरूज्शास्त्रबाट निर्दिष्ट कुनै न कुनै बहरमा लेखिन्छ । बहर भनेको छन्द हो, यो अरबी स्त्रीलिङ्गी शब्द हो । यसको मूल रूप **बह्र** (Bahra)हो ।

अरबी, फार्सी, उर्दू, तुर्की जस्ता इस्लामी जगत्का भाषाहरूमा यसलाई बह्र (Bahra) नै लेखिन्छ र यसरी नै उच्चारण गरिन्छ भने हिन्दी, नेपाली, मैथिली, भोजपुरी लगायतका आधुनिक आर्यभाषाहरू र अङ्ग्रेजी लगायत अन्य भाषाहरूमा समेत यो **बहर** (Bahar) नामले चिनिन्छ, यसरी नै उच्चारण पनि गरिन्छ । लय ढाँचाका दृष्टिले बहर छन्दको पर्यायवाची शब्द हो ।

सूत्रात्मक रूपमा धेरै छन्द र बहरहरू दुरूस्तै मिल्दछन् । यसर्थ पिङ्गल शास्त्रबाट अरूज शास्त्र धेरै मात्रामा अनुप्राणित छ तापनि यो संस्कृत परम्पराका पिङ्गल छन्दभन्दा बढी उदार र लचिलो हुन्छ । अरबी अरूजले यस्तो लचकताको अनुसरण ग्रिसेली (युनानी) अरूज(Metre)बाट गरेको हो भनिएको छ ।

बहरको उद्भवबारे एउटा यस्तो किंवदन्ती जस्तो प्रसङ्ग छ- धोबीले लुगा धुँदाखेरिको ध्वनि सुनेर हजरत खलिलका मन एवम् मस्तिष्कमा **फअल**, **फअल**, **फअल** ध्वनि प्रतिध्वनित भएर गुन्जियो र यही ध्वनि बहरको उद्भावनाको कारण बन्यो (न्यौपाने, २०६६:६२) । तर यथार्थमा आठौँ शताब्दीमा ओमानमा जन्मिएका मुहम्मद इब्न अल फराहिदी अरबी अरूजका जन्मदाता मानिन्छन् ।

धोबीको दोकान अगाडिको बाटो हिँड्दा **छुआ छू**, **छुआ छू** जस्तो मधुर ध्वनि सुनेर त्यही मधुर ध्वनिबाट उनले अरूजको ध्वनि खोजी गरे भन्ने जनश्रुति पनि छ (बेदिल, २०१५ई. : ५०) । मूलतः वर्ण (अक्षर) र मात्रात्मक एकरूपताका आधारमा समभारबाट सिर्जना हुने सङ्गीत मैत्री लय नै बहर हो ।

जसरी छन्दोबद्ध कविता संरचनाका लागि भ(SII), ज(ISI), स (IIS), य(ISS), र (SIS), त(SSI), म(SSS), न(III) जस्ता गणहरूको ज्ञान आवश्यक हुन्छ त्यसरी नै बहरमा गजल रचना गर्नका लागि अरूज शास्त्रबाट विहित रूक्न, अर्कानहरूको ज्ञानको आवश्यकता पर्दछ ।

रूक्नहरू जुजबाट बन्दछन् । जुज भनेका रूक्न बन्ने एकाइ अर्थात् ससाना टुक्रा हुन् । जस्तै- I=(१ साकिन)हलन्त लेखन वा उच्चारण अवस्थाको लघु/ह्रस्व एकमात्रिक वर्ण,

S=(२मुतहर्रिक) साकिनलाई तान्ने गुरू/दीर्घ द्विमात्रिक । जस्तै- छन्, मन, दिन, घुर, चिल यी शब्दहरूअन्तर्गतका छ, म, दि, घु, चि मुतहर्रिक हुन् भने हलन्त उच्चरित हुने न्, न, र, ल साकिन हुन् ।

यिनै साकिनले एकमात्रिक मुतहर्रिकलाई द्विमात्रिक बनाएका हुन्छन् । I को सट्टामा १ले लघुमात्रालाई र S को सट्टामा २ले गुरूमात्रालाई बुझाउन पनि सकिन्छ । जुजहरू द्विमात्रिक (II), (S)/ त्रिमात्रिक(IS), (SI) र चतुर्मात्रिक(IIS), (SII) हुन्छन् (स्वकीय अध्ययन र हुसैन खाँसँग भएको कुराकानी तथा अरूज विज्ञानबाट सहयोग लिएको आधारमा)।

छन्दमा जस्तै बहरमा पनि अक्षरहरूमा लघु गुरूको पहिचान निम्नानुसार गरिन्छ -

लघुबोधक अक्षरहरू- अकार, इकार, उकार र ऋकार । जस्तै-

अमला(११२), कमिलो(११२), हिमाल(१२१), गुरू(११), कृपा(१२)आदि ।

गुरूबोधक अक्षरहरू-आकार, ईकार, ऊकार, एकार, ऐकार, ओकार, औकार, अंकार अःकार

आमा(२२), ईश्वर(२११), केटी (२२), आफू(२२), केरा(२२) कैलाश (२२१), ओडार(२२१), चौकोस(२२१), संसार(२२१)आदि ।

विसर्ग लागेका सबै मात्राका लघु अक्षर गुरू मानिन्छन् । जस्तै- दुःख(२१), क्रमशः(११२), प्रायः(२२), पुनः(१२), प्रातः(२२) आदि ।

अगाडिको वर्ण तथा हलन्त लेखिएका ध्वनि तान्ने लघु अक्षर गुरू मानिन्छ । जस्तै-सक्छु(२१), लक्ष्य(२१), शक्ति(२१)

यस्तो(२२), उल्लास(२२१), अक्षर (२११), फर्पिङ(२११) छन्, (२)हुन् (२), जगत् (१२), परिषद् (११२) आदि ।

य, वसँग संयुक्त अवस्थामा रहेका द्वित्व उच्चारण हुने वर्णपूर्वका लघु अक्षर गुरू मानिन्छन् ।

जस्तै- अन्याय (उच्चारण-अन्न्याय), सल्यान (उच्चारण-सल्ल्यान) रहस्य (उच्चारण-रहस्स्य), ज्ञातव्य (उच्चारण-ज्ञातव्व्य) विश्व (उच्चारण-विश्श्व), द्वित्व (उच्चारण-द्वित्त्व), सत्व (उच्चारण-सत्त्व), प्रभुत्व (उच्चारण-प्रभुत्त्व)आदि ।

क्ष, त्र, ज्ञजस्ता संयुक्त अक्षर पूर्वका लघु अक्षर गुरू मानिन्छन् । जस्तै- अक्षर(२११) सक्षम(२११), पुत्र (२१), पत्र(२१), छत्र(२१), विज्ञ(२१), यज्ञ(२१) आदि ।

सक्यो, भन्यो, हिँड्यौँ, गऱ्यो, भऱ्याङ, खुल्यो जस्ता शब्दका स, भ, हिँ, ग, भ र खु भने लघु नै हुन्, किनभने यी अक्षरले अगाडिका संयुक्त अक्षरका वर्णलाई तानेका छैनन् ।

बहरमा आवश्यकता अनुसार अगाडिको संयुक्ताक्षर अन्तर्गतको वर्ण तानेर वा नतानीकन दोहोरो प्रयोग गर्न सकिने अक्षर पनि छन् । जस्तै- अस्वीकार(१२२१/२२२१), सुप्रभात (११२१/२१२१),घनश्याम(११२१/१२२१), सरस्वती(१११२/१२१२/२१२), सारस्वत(२१११/२२११/२१२) अमृत (१११/१२/२२आदि ।

यसरी नै सँगसँगै सहज रूपमा उच्चारण गर्न सकिने दुईवटा लघु अजन्त अक्षर(मुतहर्रिक)लाई मात्रा मिलावट गरेर आवश्यकता अनुसार

विकल्पमा गुरू बनाउन पनि सकिन्छ । जस्तै-दुनियाँ, निठुरी, गुलियो, गुरूमा, सरिता, पनियो, करूवा, कनिका, मधुरो जस्ता शब्दको खास भार ११२ हो तापनि अगाडिका दुई लघु १,१ लाई विकल्पमा एक गुरू २ मानी यी वा यस्तै प्रकारका शब्दलाई दुई गुरू २,२ पनि मान्न सकिन्छ ।

मन, दिन, घुर, चिल रूख, मत, हितजस्ता शब्दहरूको उच्चारण हलन्त अर्थात् मन्, दिन्, घुर्, चिल् रूख्, मत्, हित् भए दुई लघु १,१लाई एक गुरू २ मान्नुपर्दछ । आवश्यकता अनुसार दुवै अक्षरलाई अजन्त उच्चारण गर्दा भने भार १,१ नै हुन्छ ।

बहरमा मात्रा गिराएर ए, ओ, आ, ई, ऊ जस्ता गुरू ध्वनिलाई विशेष परिस्थितिमा लघु मान्न सकिने छुट पनि छ । (हिन्दी उर्दूमा है, मैं जस्ता ऐकारलाई पनि मात्रा गिरावट गरेर लघुमा प्रयोग गरेका प्रशस्त उदाहरण भेटिन्छन् । नेपालीमा भने ऐकारको मात्रा गिरावट हुन सक्दैन ।)

बहरका लागि सर्वप्रथम निम्न तालिका अनुसारका रूक्न तथा लघुगुरू वर्णहरू र तिनका भारको ज्ञान हुनु पर्दछ ।

रूक्नहरूको बहुवचनलाई अर्कान भनिन्छ । यिनै अर्कानहरूको संयोजनबाट बहरहरूको निर्माण हुन्छ । फारसी उर्दू इल्मे अरूज (छन्दशास्त्र) ले गजल संरचनार्थ अनेकौं बहरहरू निर्दिष्ट गरेको छ । एउटै रूक्नको आवृत्तिबाट बनेका बहरहरू मुफरद बहर अन्तर्गत पर्दछन् भने फरकफरक रूक्नको मेलबाट बनेका बहरहरू मुरक्कब बहर अन्तर्गत पर्दछन् । केही रूक्नहरूलाई नतोडीकन र केहीलाई तोडेर वा सबै तोडिएका रूक्नहरूबाट बनेका बहरलाई मुजाहिफ बहर अन्तर्गत राखिन्छ ।

रूक्नहरूमध्ये फऊलुन् र फाइलुन् तीन अक्षर र पाँच मात्राका छन् भने अरू चार र पाँच अक्षरका सबै सात मात्राका छन् ।

५.१ मुफरद बहर

एउटै रूक्नको आवृत्तिबाट बन्ने बहरलाई मुफरद बहर भनिन्छ । यस अर्न्तगत हजज, रजज, रमल, मुतकारिब, मुतदारिक, कामिल, वाफिर नामक प्रमुख सातवटा बहर पर्दछन् । यिनका पनि निम्नलिखित तीन/तीनओटा भेदसहित जम्मा २१ वटा मुफरद बहर छन्-

रूक्न	सङ्केत	मात्रा	उदाहरण
१. मफाईलुन्	(ISSS)	१,२,२,२ (लगुगुगु)	अँध्यारोमा
२. मुस्तफ्इलुन्	(SSIS)	२,२,१,२ (गुगुलगु)	के के भयो
३. फाइलातुन्	(SISS)	२,१,२,२ (गुलगुगु)	आज मेरो
४. फऊलुन्	(ISS)	१,२,२ (लगुगु)	उज्यालो
५. फाइलुन्	(SIS)	२,१,२ (गुलगु)	जिन्दगी
६. मुतफाइलुन्	(IISIS)	१,१,२,१,२ (ललगुलगु)	कसरी तिमी
७. मुफाइलतुन्	(ISIIS)	१,२,१,१,२ (लगुललगु)	सुनाइरहैं
८.मफ्ऊलातु	(SSSI)	२,२,२,१ (गुगुगुल)	कालो रात

अ) मुसम्मन सालिम- गजलको एउटा मिसरा एउटै रूक्नका चार अर्कानबाट बनेको छ भने त्यसलाई मुसम्मन सालिम भनिन्छ ।

आ) मुसद्दस सालिम- गजलको एउटा मिसरा एउटै रूक्नका तीन अर्कानबाट बनेको छ भने त्यसलाई मुसद्दस सालिम भनिन्छ ।

इ) मुरब्बा सालिम- गजलको एउटा मिसरा एउटै रूक्नका दुई अर्कानबाट बनेको छ भने त्यसलाई मुरब्बा सालिम भनिन्छ ।

५.१.१ बहरे हजज मुसम्मन सालिम/ (पिङ्गल छन्द- विधाता)

सूत्र- मफईलुन् ×४ (ISSS×४०

यता हेऱ्यो यतै मेरा नजरमा राम प्यारा छन्

उता हेऱ्यो उतै मेरा नजरमा राम प्यारा छन्

- मेतीराम भट्ट

५.१.२ बहरे हजज मुसम्मन सालिम

लिनेले ख्यालठट्टामा लिएको हो
दिनेले जिन्दगी नै सुम्पिएको हो
-प्रदीप पाण्डे रोदन(बहरोदय-४१)

५.१.३ बहरे हजज मुरब्बा सालिम/ (पिङ्गल छन्द- सिन्धु)

सूत्र- मफाईलुन् ×२ (ISSS×२०

जरामा छैन पानी मल
कहाँ होस् फूल हाँगामा

- डा. घनश्याम परिश्रमी(जूनको चुम्बन-१२२)

५.१.४ बहरे रजज मुसम्मन सालिम/ (पिङ्गल छन्द-हरिगीतिका)

सूत्र- मुस्तफइलुन् ×४ (SSIS×४०

चल्दैन पानी भन्दछौ यो के कुरा हो जान्दिनँ
जाती र पाती व्यर्थको संस्कार मैले मान्दिनँ

- सरोज काफ्ले (अधरामृत)

५.१.५ बहरे रजज मुसद्दस सालिम

सूत्र-मुस्तफ्इलुन् × ३ (SSIS×३०

केही नभै हल्ला त्यसै चल्दैन रे
आगोबिना राँको यसै बल्दैन रे

- घनेन्द्र ओझा

५.१.६ बहरे रजज मुरब्बा सालिम/ (पिङ्गल छन्द-मधुमालती)

सूत्र- मुस्तफ्इलुन्× २ (SSIS×२०

राखैं यतै भाग्यौ किन
धडकन त्यसै माग्यौ किन ?

- घनेन्द्र ओझा

५.१.७ बहरे रमल मुसम्मन सालिम/(पिङ्गल छन्द-माधवमालती)

सूत्र- फाइलातुन् × ४ (SISS×४०

याद आयो फेरि तिम्रो आँसु छल्क्यो भो नजाती
प्यारले यस्तो गरायो कल्पिराखैं धेर राति

- सरोज काफ्ले (अधरामृत)

५.१.८ बहरे रमल मुसद्दस सालिम

सूत्र- फाइलातुन् × ४ (SISS×४०

हातमा हेर्दा त मायाको विषय छ
फेरि फाटेको मुटु घायल हृदय छ

- उमेश उदासी (गजल इन्द्रेणी-३,पृ. ४१)

(यहाँ विषयको षय र हृदयको दय १ गुरूका रूपमा प्रयोग भएका छन् । यस्तो प्रयोगलाई मात्रा मिलावट भनिन्छ, यसरी नै मुटुको टु गुरू/२ मात्राका रूपमा प्रयोग भएको छ । यस्तो प्रयोगलाई मात्रा चढावट भनिन्छ ।)

५.१.९ बहरे मुतकारिब मुसम्मन सालिम/ (पिङ्गल छन्द-भुजङ्ग प्रयात)

सूत्र-फऊलुन् ×४ (ISS×४)
कटारी तिमी धस्तछ्यौ मुख लुकाई
म बस्छु हरे १ चित्तलाई फसाई
- शम्भुप्रसाद ढुङ्गेल

(यहाँ बस्छु को छु लघु छ तापनि गुरूका रूपमा प्रयोग भएको छ ।)

पसेको थियो जो दियालो भएर
उही निस्किएको छ आगो भएर
-दिलु थापा मगर (वैजयन्ती-गजल अङ्क ३, पृ.३७)

५.१.१० बहरे मुतकारिब मुसद्दस सालिम

सूत्र- फऊलुन् × ३ (ISS×३०
मलाई जसै हुन्छ पीडा
दुखेरै रूने मन तिमी हौ
- डा. घनश्याम 'परिश्रमी' (जूनको चुम्बन-३५)

५.१.११ बहरे मुतदारिक मुसम्मन सालिम/ (पिङ्गल छन्द-स्रग्विणी)

सूत्र-फाइलुन् ×४ (SIS ×४०
याद आयौ तिमी चाँदनी रातमा
मुस्कुरायौ तिमी चाँदनी रातमा
गोविन्दराज विनोदी (गजल सौन्दर्य मीमांसा)

फूलभैँ वासना छर्नु पो जिन्दगी
गर्वले वन्दना गर्नु पो जिन्दगी
रवि प्राञ्जल (अरूज विज्ञान ९५)

५.१.१२ बहरे मुतदारिक मुसद्दस सालिम/ (पिङ्गल छन्द-महालक्ष्मी)

सूत्र-फाइलुन् ×३ (SIS ×३०
देश रोगी हुँदा झन् अचेल
राष्ट्रप्रेमी कहाँ छन् अचेल
- डा. घनश्याम 'परिश्रमी'

५.१.१३ बहरे कामिल मुसम्मन सालिम/ (पिङ्गल छन्द- प्रमदानन)

सूत्र- मुतफाइलुन् × ४ (IISIS × ४

यतिसम्म प्रीति गरी गरी न यता भएँ न उता भएँ
न त मन लिएँ न त दी दिएँ न यता भएँ न उता भएँ
- मोतीराम भट्ट

५.१.१४ बहरे कामिल मुसद्दस सालिम

सूत्र- मुतफाइलुन् × ३ (IISIS × ३०

म त बस्छु है मुटुमाझमा अब बास द्यौ
अनि फेर्छु है तनसाथ त्यो प्रिय श्वास द्यौ
- घनेन्द्र ओझा (बहरमाला)

५.१.१५ बहरे वाफिर मुसम्मन सालिम

सूत्र- मुफाइलतुन् ×४ (ISIIS ×

चुनेर अझै सजाउनु है नयाँ सपनाहरू मनमा
हतास हुँदै भविष्य तिमी व्यथासँग भो नघोल्नू प्रिया
- सरोज काफ्ले (अधरामृत)

५.१.१६ बहरे वाफिर मुसद्दस सालिम

सूत्र- मुफाइलतुन् ×३ (ISIIS × ३०

उदास भए उमङ्ग सबै तिमी नहुँदा
हराउँदछन् कि रङ्ग सबै तिमी नहुँदा
- निर्मल ढुङ्गाना (नवैलिने फूलहरू)

५.१.१७ बहरे वाफिर मुरब्बा सालिम

सूत्र- मुफाइलतुन् ×२ (ISIIS × २०

छ रूग्ण सदैव हाल यहाँ
सबैतिर छन् दलाल यहाँ
- बर्दघाट, नवलपरासी

समकालीन नेपाली गजलमा आक्षरिक लय

• टीकाराम उदासी

१. **परिचय**

गजल गेय विधा भएकाले लय एउटा अनिवार्य तत्वका रूपमा रहेको हुन्छ । गजलकारहरूले गजलमा विभिन्न प्रकारका लयहरूको प्रयोग गरेका छन् । नेपाली गजलका क्षेत्रमा पनि विभिन्न लयहरूको प्रयोग भएको छ । समकालीन नेपाली गजलमा विभिन्न लयहरूको प्रयोग भएका छन् ।

यस चरणका नेपाली गजलकार हरूले आफ्ना गजलमा केही परम्परागत बहर, केही संस्कृत छन्द तथा अधिकांश स्वतन्त्र प्रकारका आक्षरिक लयहरूको प्रयोग गरेको देखिन्छ । उनीहरूले कम्तीमा चारदेखि बढीमा अट्ठाइस अक्षरसम्मका आक्षरिक लयहरू प्रयोग गरेका छन् । यस अवधिका गजलमा १८ प्रमुख आक्षरिक लय र तिनका पनि विभिन्न प्रयोग गरिएका छन् ।

यस लेखमा समकालीन नेपाली गजलमा प्रयोग गरिएका आक्षरिक लयहरूको प्रारम्भिक सर्वेक्षण प्रस्तुत गरिएको छ ।

२.१. **चार अक्षरको लय**

समकालीन नेपाली गजलमा चार अक्षरको आक्षरिक लय प्रयोग गरिएको छ । यस्तो लयमा दुई दुई अक्षरमा विश्राम व्यवस्था भएको पाइन्छ । यो लयमा निकै कम गजलहरू लेखिएका छन् । यो नै यस अवधिको गजलमा प्रयोग भएको सबैभन्दा कम अक्षर प्रयोग भएको आक्षरिक लय हो । जस्तैः

साङ्लो /फुक्यो
कुकुर /भुक्यो (ओली, २०५४, पृ. ४)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा प्रयोग भएका साङ्लो र फुक्यो शब्द दुई दुई अक्षरका छन् । यहाँ यी दुबै शब्दको उच्चारणपछि विश्राम व्यवस्था छ । यसैका आधारमा सेरको दोस्रो मिसरा पनि निर्माण गरिएको छ । यसरी प्रस्तुत सेरमा चार अक्षरको लय व्यवस्था रहेको छ ।

२.२. **छ अक्षरको लय**

समकालीन नेपाली गजलमा छ अक्षरको आक्षरिक लय पनि प्रयोग गरिएको छ । यो लय प्रयोग भएका गजलहरू पनि सीमित रहेका छन् । यसमा चार र दुई अक्षरमा विश्राम व्यवस्था देखिन्छ । जस्तै :

दायाँ हेरे /तीर छ
बायाँ आफ्नै /शीर छ
(राजभण्डारी, २०५६, पृ. १५)

उदाहरणमा दिइएको सेरमा छ अक्षरको आक्षरिक लय प्रयोग भएको छ । पहिलो मिसरामा प्रयोग भएको पदावली दायाँ हेरेमा चार अक्षर छन् भने त्यसपछि प्रयोग भएको तीर छ मा दुई अक्षर प्रयोग गरिएको छ । यसमा जम्मा छ अक्षरहरू रहेका छन् । त्यसै अनुसार दोस्रो मिसरामा पनि बायाँ आफ्नै भन्ने पदावलीमा चार अक्षर र शीर छ भन्ने पदावलीमा दुई अक्षर रहेका छन् । यसरी प्रस्तुत सेरमा छ अक्षरको लय व्यवस्था छ ।

२.३. **सात अक्षरको लय**

समकालीन नेपाली गजलमा सात अक्षरको आक्षरिक लय पनि प्रयोग गरिएको छ । सात अक्षर प्रयोग गरिएको गजलमा चार र तीन अक्षरमा विश्राम व्यवस्था भेटिन्छ । जस्तै :

मनमा ठूलो /रहर छ
कल्पनाको /सहर छ
(मराशिनी, २०६०, पृ. ४६)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा प्रयोग गरिएको मनमा ठूलो भन्ने पदावलीमा चार अक्षर रहेका छन् भने रहर छ भन्ने पदावलीमा तिन अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा प्रयोग भएको कल्पनाको भन्ने शब्दमा चार अक्षर तथा सहर छ भन्ने पदावलीमा तिन अक्षरको व्यवस्था भएको छ । यसरी प्रस्तुत सेरमा चार र तिन अक्षरमा विश्राम व्यवस्था भएको सात अक्षरको लय रहेको देखिन्छ ।

२.४. **आठ अक्षरको लय**

समकालीन नेपाली गजलमा आठ अक्षरको लय पनि प्रयोग गरिएको छ । यस समयका गजलमा यो लयका दुई प्रकार प्रयोग भएका छन् :

२.४.१. आठ अक्षरको लय र चार चार अक्षरमा विश्राम आठ अक्षरको लय व्यवस्था भएका केही गजलमा चार चार अक्षरको विश्राम व्यवस्था रहेको देखिन्छ । जस्तै :

मनमा चोर /पस्ला कतै
घरमै डाँका /बस्ला कतै
(प्राञ्जल, २०४८, पृ. ५३)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको मनमा चोर भन्ने पदावलीमा चार अक्षर तथा पस्ला कतै भन्ने पदावलीमा पनि चार अक्षरको प्रयोग गरिएको छ । यसै गरी दोस्रो मिसरामा प्रयोग गरिएका घरमै डाँका र बस्ला कतै भन्ने दुबै पदावलीमा चार चार अक्षरको व्यवस्था भएको छ । यसरी प्रस्तुत सेरमा चार चार अक्षरमा विश्राम व्यवस्था भएको आठ अक्षरको लय रहेको छ ।

२.४.२. **आठ अक्षरको लय र पाँच तिन अक्षरमा विश्राम**

आठ अक्षरको लय व्यवस्था प्रयोग भएका यस अवधिका कतिपय गजलहरूमा पाँच र तिन अक्षरमा पनि विश्राम व्यवस्था भएको पाइन्छ । जस्तै :

तिम्रो र मेरो /जीत उदास
भयो बिहानी /शीत उदास
(एटम, २०६०, पृ. २८)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा तिम्रो र मेरो भन्ने पदावली पाँच अक्षरमा रहेको छ । यसमा पहिलो विश्राम छ । यसै गरी जीत उदास भन्ने पदावलीमा तिन अक्षर रहेको छ । यसमा दोस्रो विश्राम रहेको छ । यसै गरी दोस्रो मिसराको भयो बिहानीमा पहिलो विश्राम तथा शीत उदास पदावलीमा दोस्रो विश्राम रहेको छ । यसरी यस सेरमा आठ अक्षर तथा पाँच र तिन अक्षरमा विश्राम

रहेको देखिन्छ ।

२.५. नौ अक्षरको लय

समकालीन नेपाली गजलमा नौ अक्षरको लय व्यवस्था पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकारहरू रहेका छन् ।

२.५.१. नौ अक्षरको लय र पाँच चार अक्षरमा विश्राम

नौ अक्षरको लय प्रयोग भएका समयका कतिपय गजलहरूमा पाँच र चार अक्षरमा विश्राम व्यवस्था गरिएको छ । जस्तै :

घाँटी अँठ्याउने /हात पनि छ
मुटु जलाउने /बात पनि छ
(प्राञ्जल, २०४८, पृ. ४४)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा घाँटी अँठ्याउने भन्ने पदावलीमा पाँच अक्षर तथा हात पनि छ भन्ने पदावलीमा चार अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको मुटु जलाउने र बात पनि छ भन्ने पदावलीमा क्रमश पाँच र चार अक्षर रहेका छन् । यसरी यस सेरमा जम्मा आठ अक्षरको लयको प्रयोग भएको छ भने पाँच र चार अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.५.२. नौ अक्षरको लय र छ तिन अक्षरमा विश्राम

नौ अक्षरको लय प्रयोग गरिएका यस समयका कतिपय गजलहरूमा छ र तिन अक्षरमा विश्राम व्यवस्था गरिएको पनि पाइन्छ । जस्तै :

जब छातिभित्र /गम हुन्छ
जति पिए पनि /कम हुन्छ
(साश्रु, २०५६, पृ. ६५)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा जब छातिभित्र भन्ने पदावलीमा छ अक्षर तथा गम हुन्छ भन्ने पदावलीमा तिन अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको जति पिए पनि भन्ने पदावलीमा छ अक्षर तथा कम हुन्छ भन्ने पदावलीमा तिन अक्षर रहेका छन् । साथै पहिलो मिसरामा छातीभित्र भन्ने शब्दमा पहिलो विश्राम र हुन्छ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा पनि भन्ने शब्दमा पहिलो विश्राम र हुन्छ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा जम्मा नौ अक्षरको लय व्यवस्था छ भने छ र तिन अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.५.३. नौ अक्षरको लय र चार पाँच अक्षरमा विश्राम

कतिपय समकालीन नेपाली गजलहरूमा नौ अक्षरको लय तथा चार र पाँच अक्षरको विश्राम व्यवस्था पनि रहेको पाइन्छ । जस्तै :

बिउ नयाँ हो कि/ विधि पुरानो
सरकार नयाँ /नीति पुरानो
(मराशिनी, २०६०, पृ. ४)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको बिउ नयाँ हो कि भन्ने पदावलीमा चार अक्षर रहेका छन् भने विधि पुरानो भन्ने पदावलीमा पाँच अक्षर छन् । यसै गरी दोस्रो मिसरामा रहेको सरकार नयाँ भन्ने पदावलीमा चार अक्षर तथ नीति पुरानो भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । साथै पहिलो मिसरामा कि शब्दमा पहिलो विश्राम र पुरानो शब्दमा अन्तिम विश्राम रहेको छ । दोस्रो मिसरामा नयाँ शब्दमा पहिलो विश्राम र पुरानो शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा जम्मा नौ अक्षरको लय तथा चार पाँच अक्षरमा

विश्राम रहेको छ ।

२.५.४. **नौ अक्षरको लय र सात दुई अक्षरमा विश्राम**

नौ अक्षरको लय प्रयोग गरिएका यस समयका कतिपय गजलहरूमा सात र दुई अक्षरमा विश्राम व्यवस्था रहेको देखिन्छ । जस्तै :

थला परेको छ दिल/ के भो ?
फेरि आएछ मुस्किल/ के भो ?
(राना, २०५६, पृ. ३२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको थला परेको छ दिल भन्ने पदावलीमा सात अक्षर तथा के भो भन्ने पदावलीमा दुई अक्षर प्रयोग भएका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको फेरि आएछ मुस्किल भन्ने पदावलीमा सात अक्षर र के भो भन्ने पदावलीमा दुई अक्षर रहेका छन् । यसमा पहिलो विश्राम दिल र मुस्किल शब्दमा रहेको छ भने दोस्रो विश्राम भो मा रहेको छ । यसरी यस सेरमा नौ अक्षरको लय तथा सात र दुई अक्षरमा विश्राम व्यवस्था पाइन्छ ।

२.६.**दश अक्षरको लय**

समकालीन नेपाली गजलहरूमा दश अक्षरका लयहरू पनि प्रयोग भएका छन् । विश्रामका आधारमा यिनका पनि विभिन्न प्रकारहरू रहेका छन् ।

२.६.१. **दश अक्षरको लय र पाँच पाँच अक्षरमा विश्राम**

दश अक्षरको लय प्रयोग गरिएका कतिपय गजलहरूमा पाँच पाँच अक्षरमा विश्राम व्यवस्था गरिएको देखिन्छ । जस्तै :

गयो जिन्दगी /धुँवा बनेर
हार नमान /गयौ भनेर
(रावल, २०४६, पृ. ९)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको गयो जिन्दगी भन्ने पदावलीमा पाँच अक्षर तथा धुँवा बनेर भन्ने पदावलीमा पनि पाँच अक्षर प्रयोग गरिएको छ । साथै दोस्रो मिसरामा प्रयोग गरिएको हार नमान र गयौ भनेर भन्ने दुबै पदावलीमा पनि पाँच पाँच अक्षर प्रयोग भएका छन् । पहिलो मिसरामा जिन्दगी र बनेर तथा दोस्रो मिसरामा नमान र भनेर भन्ने शब्दमा विश्राम रहेको छ । यसरी यसमा जम्मा दश अक्षरको लय तथा पाँच पाँच अक्षरमा विश्राम रहेको छ ।

२.६.२. **दश अक्षरको लय र छ चार अक्षरमा विश्राम**

दश अक्षरको लय प्रयोग भएका कतिपय गजलहरूमा छ र चार अक्षरमा पनि विश्राम व्यवस्था गरिएको देखिन्छ । जस्तै :

सानो थुम्को जब /पहाड बन्छ
मेलमिलाप प्रदेश /उजाड बन्छ
(ओली, २०५४, पृ. ३४) ।

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको सानो थुम्को जब भन्ने पदावलीमा छ अक्षर रहेका छन् भने पहाड बन्छ भन्ने पदावलीमा चार अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको मेलमिलाप प्रदेश भन्ने पदावलीमा छ अक्षर र उजाड बन्छ भन्ने पदावलीमा चार अक्षर रहेका छन् । साथै पहिलो मिसरामा जब भन्ने शब्दमा पहिलो विश्राम र बन्छ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसराको प्रदेश भन्ने शब्दमा पहिलो विश्राम र बन्छ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा दश अक्षरको लय र छ चार अक्षरमा विश्राम व्यवस्था पाइन्छ ।

२.६.३. **दश अक्षरको लय र सात तिन**

अक्षरमा विश्राम

दश अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा सात र तिन अक्षरमा विश्राम व्यवस्था भएको देखिन्छ । जस्तै :

तिमीबिना जिन्दगी /बाँझो भो
आँसु नै जिन्दगीको /साँचो भो
(टुहुरो र अन्य, २०६०, पृ. ७)

उदाहरणमा लिइएको सेरको पहिलो मिसरामा रहेको तिमीबिना जिन्दगी भन्ने पदावलीमा सात अक्षर रहेको छ भने बाँझो भो भन्ने पदावलीमा तिन अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको आँसु नै जिन्दगीको भन्ने पदावलीमा सात अक्षर छन् । यस्तै साँचो भो भन्ने पदावलीमा तिन अक्षर रहेका छन् । यसको पहिलो मिसरामा जिन्दगी भन्ने शब्दमा पहिलो विश्राम रहेको छ भने भने भन्ने शब्दमा दोस्रो विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा जिन्दगीको भन्ने शब्दमा पहिलो विश्राम रहेको छ भने भो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा दश अक्षरको लय र सात तिन अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.७. **एघार अक्षरको लय**

समकालीन नेपाली गजलमा एघार अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकार छन् ।

२.७.१. **एघार अक्षरको लय र छ पाँच अक्षरमा विश्राम**

एघार अक्षरको लय प्रयोग गरिएका यस समयका कतिपय गजलहरूमा छ र पाँच अक्षरमा विश्राम व्यवस्था गरिएको छ । जस्तै :

खाद्य भित्रभित्रै /गोदाममा सड्यो
यता देशमा भने /अनिकाल पर्‌यो
(तुफान, २०४२, पृ. १४)

उदाहरणमा लिइएको सेरको पहिलो मिसरामा रहेका एघार अक्षर हरूमध्ये खाद्य भित्रभित्रै भन्ने पदावलीमा छ अक्षर रहेका छन् भने त्यसपछि आएको गोदाममा सड्यो भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको यता देशमा भने भन्ने पदावलीमा छ अक्षर र त्यसपछि आएको अनिकाल पर्‌यो भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । पहिलो मिसरामा भित्रभित्रै भन्ने शब्दमा पहिलो विश्राम छ भने सड्यो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा भने भन्ने शब्दमा पहिलो विश्राम र पर्‌यो भन्ने शब्दमा दोस्रो विश्राम रहेको छ । यसरी यस सेरमा एघार अक्षरको लय तथा छ र पाँच अक्षरमा विश्राम रहेको छ ।

२.७.२. **एघार अक्षरको लय र आठ तिन अक्षरमा विश्राम**

एघार अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा आठ र तिन अक्षरमा विश्राम व्यवस्था गरिएको देखिन्छ । जस्तै :

के छ अचेल हजुरको/ हाल श्रीमान्
जम्दै होला नि जुवाको/खाल श्रीमान्
(परिश्रमी, २०५३, पृ. ३०)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा जम्मा एघार अक्षर रहेका छन् । तीमध्ये के छ अचेल हजुरको भन्ने पदावलीमा आठ अक्षर तथा हाल श्रीमान् भन्ने पदावलीमा तिन अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको जम्दै होला नि जुवाको भन्ने पदावलीमा आठ अक्षर र खाल श्रीमान् भन्ने पदावलीमा तिन अक्षर

रहेका छन् । पहिलो मिसरामा हजुरको भन्ने शब्दमा पहिलो विश्राम व्यवस्था गरिएको छ भने अन्तिम विश्राम श्रीमान् भन्ने शब्दमा रहेको छ । यस्तै दोस्रो मिसरामा जुवाको भन्ने शब्दमा पहिलो विश्राम रहेको छ भने श्रीमान् भन्ने शब्दमा अन्तिम विश्राम व्यवस्था गरिएको छ । यसरी यो सेरमा एघार अक्षरको लय र आठ तिन अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.७.३. एघार अक्षरको लय र पाँच छ अक्षरमा विश्राम

एघार अक्षरको लय प्रयोग गरिएका आजका कतिपय गजलहरूमा पाँच र छ अक्षरमा विश्राम व्यवस्था गरिएको छ । जस्तै :

पाएर पनि /बेकार छ जिन्दगी
नपाए झनै/ निसार छ जिन्दगी
(पथिक, २०६०, पृ. ६३)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा प्रयोग गरिएको पाएर पनि भन्ने पदावलीमा पाँच अक्षर तथा बेकार छ जिन्दगी भन्ने पदावलीमा छ अक्षरको विश्राम व्यवस्था रहेको छ । यसै गरी दोस्रो मिसरामा रहेको नपाए झनै भन्ने पदावलीमा पाँच अक्षर र निसार छ जिन्दगी भन्ने पदावलीमा छ अक्षरको विश्राम रहेको छ । पहिलो मिसरामा पनि भन्ने शब्दमा पहिलो विश्राम छ भने जिन्दगी भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यस्तै दोस्रो मिसरामा झनै भन्ने शब्दमा पहिलो विश्राम छ भने जिन्दगी भन्ने शब्दमा अन्तिम विश्रामा छ । यसरी यस सेरमा एघार अक्षरको लय र पाँच छ अक्षरमा विश्राम रहेको छ ।

२.७.४. एघार अक्षरको लय र सात चार अक्षरमा विश्राम

एघार अक्षरको लय प्रयोग गरिएको यस समयका कतिपय गजलहरूमा सात र चार अक्षरमा विश्राम व्यवस्था गरिएको छ । जस्तै :

सत्य कुरा बोलेन /इतिहासले
तथ्य कुरा खोलेन /इतिहासले
(मराशिनी, २०६०, पृ. ५२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको सत्य कुरा बोलेन भन्ने पदावलीमा सात अक्षर तथा इतिहासले भन्ने शब्दमा चार अक्षर प्रयोग गरिएका छन् । यसै गरी दोस्रो मिसरामा रहेको तथ्य कुरा खोलेन भन्ने पदावलीमा सात अक्षर र इतिहासले भन्ने शब्दमा चार अक्षर रहेका छन् । यसको पहिलो मिसरामा बोलेन भन्ने शब्दमा पहिलो विश्राम र इतिहासले भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो सेरमा खोलेन भन्ने शब्दमा पहिलो विश्राम र इतिहासले भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा एघार अक्षरको लय र सात चार अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.८. बाह्र अक्षरको लय

समकालीन नेपाली गजलहरूमा बाह्र अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकारहरू रहेका छन् :

२.८.१. बाह्र अक्षरको र सात पाँच अक्षरमा विश्राम

बाह्र अक्षरको लय प्रयोग भएका कतिपय गजलहरूमा सात र पाँच अक्षरको विश्राम व्यवस्था रहेको देखिन्छ । जस्तै :

यहाँ खेती हुँदैन /मनसुन नहुँदा
अनि जागिर हुँदैन /भनसुन नहुँदा
(मराशिनी, २०६०, पृ. ३२)

उदाहरणमा दिइएको सेरको

पहिलो मिसरामा रहेको यहाँ खेती हुँदैन भन्ने पदावलीमा सात अक्षर र मनसुन नहुँदा भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको अनि जागिर हुँदैन भन्ने पदावलीमा सात अक्षर र भनसुन नहुँदा भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । पहिलो मिसरामा हुँदैन भन्ने शब्दमा पहिलो विश्राम र नहुन्दा भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । त्यसै गरी दोस्रो मिसरामा रहको हुँदैन भन्ने शब्दमा पहिलो विश्राम र नहुँदा भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा बाह्र अक्षरको लय र सात पाँत अक्षरमा विश्राम व्यवस्था भएको छ ।

२.८.२. बाह्र अक्षरको लय र आठ चार अक्षरमा विश्राम

बाह्र अक्षरको लय प्रयोग गरिएका यस समयका कतिपय गजलहरूमा आठ र चार अक्षरमा विश्राम व्यवस्था गरिएको छ । जस्तै :

फूलको प्रशंसामा यस्तो /जबाफ पाएँ
मानौ ठूलो गल्ती थियो/र माफ पाएँ
(श्रेष्ठ, २०६०, पृ. २१)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको फूलको प्रशंसामा यस्तो भन्ने पदावलीमा आठ अक्षर र जबाफ पाएँ भन्ने पदावलीमा दुई अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको मानौ ठूलो गल्ती थियो भन्ने पदावलीमा आठ अक्षर तथा र माफ पाएँ भन्ने पदावलीमा चार अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको यस्तो भन्ने शब्दमा पहिलो विश्राम र पाएँ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा थियो भन्ने शब्दमा पहिलो विश्राम र पाएँ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा बाह्र अक्षरको लय तथा आठ चार अक्षरमा विश्राम रहेको देखिन्छ ।

२.८.३. बाह्र अक्षरको लय र छ छ अक्षरमा विश्राम

बाह्र अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा छ र छ अक्षरमा विश्राम व्यवस्था गरिएको छ । जस्तै :

मलाई बर्षात्को /बादल नसम्झ
मलाई आँखाको /गाजल नसम्झ
(शिशिर, २०५०, पृ. १८)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा मलाई बर्षात्को भन्ने पदावलीमा छ अक्षर रहेका छन् भने बादल नसम्झ भन्ने पदावलीमा पनि छ अक्षरकै व्यवस्था भएको छ । यसै गरी दोस्रो मिसरामा मलाई आँखाको भन्ने पदावलीमा छ अक्षर र गाजल नसम्झ भन्ने पदावलीमा पनि छ अक्षर प्रयोग भएका छन् । साथै पहिलो मिसरामा बर्षात्को भन्ने शब्दमा पहिलो विश्रामा रहेको छ भने नसम्झ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसरामा आँखाको भन्ने शब्दमा पहिलो विश्राम र नसम्झ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा बाह्र अक्षरको लय र छ छ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.९. तेह्र अक्षरको लय

समकालीन नेपाली गजलमा तेह्र अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि केही प्रकार छन् ।

२.९.१. तेह्र अक्षरको लय र सात छ अक्षरमा विश्राम

तेह्र अक्षरको लय प्रयोग भएका

कतिपय गजलहरूमा सात र छ अक्षरमा विश्राम व्यवस्था गरिएको पाइन्छ । जस्तै :

आँखामा विश्वासका /दीपहरू बाल
पुराना रूवाउने /यादहरू फाल
(रावल, २०४६, पृ. ८)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको आँखामा विश्वासका भन्ने पदावलीमा सात अक्षर र दीपहरू बाल भन्ने पदावलीमा छ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको पुराना रूवाउने भन्ने पदावलीमा सात अक्षर र यादहरू फाल भन्ने पदावलीमा छ अक्षर रहेका छन् । साथै पहिलो सेरमा विश्वासका भन्ने शब्दमा पहिलो विश्राम र बाल भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा रूवाउने भन्ने शब्दमा पहिलो विश्राम र फाल भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा तेह्र अक्षरको लय र सात छ अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.९.२.तेह्र अक्षरको लय र आठ पाँच अक्षरमा विश्राम

तेह्र अक्षरको लय प्रयोग भएका कतिपय गजलहरूमा आठ र पाँच अक्षरमा विश्राम व्यवस्था रहेको पाइन्छ । जस्तै :

अमृत भनी पिएँ जहर/यस पटक पनि
सकिएन गर्न ठहर/यस पटक पनि
(प्राञ्जल, २०४८, पृ. १८)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा अमृत भनी पिएँ जहर भन्ने पदावलीमा आठ अक्षर र यस पटक पनि भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको सकिएन गर्न ठहर भन्ने पदावलीमा आठ अक्षर र यस पटक पनि भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । पहिलो मिसरामा जहर भन्ने शब्दमा पहिलो विश्राम र पनि शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा रहेको ठहर भन्ने शब्दमा पहिलो विश्राम र पनि भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा तेह्र अक्षरको लय तथा आठ पाँच अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.९.३. तेह्र अक्षरको लय र नौ चार अक्षरमा विश्राम

तेह्र अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा नौ र चार अक्षरमा विश्राम व्यवस्था गरिएको पाइन्छ । जस्तै :

अँधेरी रातमा यसरी/इन्क्लाब आयो
हरायो भनेको चिठीको/जबाफ आयो
(राना, २०५६, पृ. १)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको अँधेरी रातमा यसरी भन्ने पदावलीमा नौ अक्षर र इन्क्लाब आयो भन्ने पदावलीमा चार अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा हरायो भनेको चिठीको भन्ने पदावलीमा नौ अक्षर र जबाफ आयो भन्ने पदावलीमा चार अक्षर रहेका छन् । साथै पहिलो मिसरामा यसरी भन्ने शब्दमा पहिलो विश्राम र आयो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । दोस्रो मिसरामा चिठीको भन्ने शब्दमा पहिलो विश्राम र आयो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा तेह्र अक्षरको लय र नौ चार अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१०. चौध अक्षरको लय

धेरै समकालीन नेपाली गजलहरूमा चौध अक्षरको लय प्रयोग गरिएको

छ । अन्य लयको तुलनामा आजको गजलभित्र यो लयको धेरै प्रयोग भएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकारहरू रहेका छन् ।

२.१०.१. चौध अक्षरको लय र आठ छ अक्षरमा विश्राम

चौध अक्षरको लय प्रयोग भएका यस समयका कतिपय नेपाली गजलहरूमा आठ र छ अक्षरमा विश्राम व्यवस्था भएको देखिन्छ । जस्तै :

मलाई पनि तिमीसँग /बौलौँ बोलौँ लाग्यो
एकान्तमा मनको कुरा /खोलौँ खोलौँ लाग्यो
(मिलन, २०५९, पृ. ३५)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा मलाई पनि तिमीसँग भन्ने पदावलीमा आठ अक्षर र बोलौँ बोलौ लाग्यो भन्ने पदावलीमा छ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको एकान्तमा मनको कुरा भन्ने पदावलीमा आठ अक्षर र खोलौँ खोलौँ लाग्यो भन्ने पदावलीमा छ अक्षर रहेका छन् । पहिलो मिसरामा रहेको तिमीसँग भन्ने शब्दमा पहिलो विश्राम र लाग्यो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसरामा रहेको कुरा भन्ने शब्दमा पहिलो विश्राम र लाग्यो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा चौध अक्षरको लय र आठ छ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१०.२. चौध अक्षरको लय र सात सात अक्षरमा विश्राम

चौध अक्षरको लय प्रयोग भएका समकालीन अवधिका कतिपय गजलहरूमा सात र सात अक्षरमा विश्राम व्यवस्था भएको देखिन्छ । जस्तै :

गल्ती कुनै थिएन/बिर्सिगयौ कसरी
मदेखि आज टाढा/तिमी भयौ कसरी
(मिलन, २०५९, पृ. ३७)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा गल्ती कुनै थिएन भन्ने पदावलीमा सात अक्षर र बिर्सिगयौ कसरी भन्ने पदावलीमा सात अक्षर रहेका छन् । दोस्रो मिसरामा रहेको मदेखि आज टाढा भन्ने पदावलीमा सात अक्षर र तिमी भयौ कसरी भन्ने पदावलीमा सात अक्षर रहेका छन् । साथै पहिलो मिसरामा थिएन भन्ने शब्दमा पहिलो विश्राम र कसरी भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा टाढा भन्ने शब्दमा पहिलो विश्राम र कसरी भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा चौध अक्षरको लय र सात सात अक्षरमा विश्राम व्यवस्था रहेको देखिन्छ ।

२.१०.३. चौध अक्षरको लय र नौ पाँच अक्षरमा विश्राम

चौध अक्षरको लय प्रयोग भएका केही गजलहरूमा नौ र पाँच अक्षरको विश्राम व्यवस्था भएको देखिन्छ । जस्तै :

जीवन जसलाई तिमी पानीको /फोका सम्झिन्थ्यौ
छाती चिरी देखाउँदा पनि /धोका सम्झिन्थ्यौ (क्षेत्री, २०६०, पृ. ४२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको जीवन जसलाई तिमी पानीको भन्ने पदावलीमा नौ अक्षर र फोका सम्झिन्थ्यौ भन्ने पदावलीमा पाँच अक्षरको विश्राम रहेको छ । त्यसै गरी दोस्रो मिसरामा रहेको छाती चिरी देखाउँदा पनि भन्ने पदावलीमा नौ अक्षर र धोका सम्झिन्थ्यौ भन्ने पदावलीमा

पाँच अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको पानीको भन्ने शब्दमा पहिलो विश्राम र सम्झिन्थ्यौ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसरामा रहेको पनि भन्ने शब्दमा पहिलो विश्राम र सम्झिन्थ्यौ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा चौध अक्षरको लय र नौ पाँच अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.११. **पन्ध्र अक्षरको लय**

समकालीन नेपाली गजलमा पन्ध्र अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकारहरू रहेका छन् ।

२.११.१.पन्ध्र अक्षरको लय र आठ सात अक्षरमा विश्राम

पन्ध्र अक्षरको लय व्यवस्था भएका यस चरणका कतिपय गजलहरूमा आठ र सात अक्षरमा विश्राम व्यवस्था भएको पाइन्छ । जस्तै :

तिम्रो सुन्दर मुहारको /तस्बिर बनाइदिऊँकि

इन्द्रेनीको रङ्ग चोरी /तिम्लाई रङ्गाइदिऊँ कि (पत्थर, २०५३, पृ. १)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा तिम्रो सुन्दर मुहारको भन्ने पदावलीमा आठ अक्षर र तस्बिर बनाइदिऊँ कि भन्ने पदावलीमा सात अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको इन्द्रेनीको रङ्ग चोरी भन्ने पदावलीमा आठ अक्षर र तिम्लाई रङ्गाइदिऊँ कि भन्ने पदावलीमा सात अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको मुहारको भन्ने शब्दमा पहिलो विश्राम र कि भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसरामा रहेका चोरी भन्ने शब्दमा पहिलो विश्राम र कि भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा पन्ध अक्षरको लय तथा आठ सात अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.११.२. पन्ध्र अक्षरको लय र सात आठ अक्षरमा विश्राम

पन्ध्र अक्षरको लय प्रयोग भएका कतिपय गजलहरूमा सात र आठ अक्षरमा विश्राम व्यवस्था भएको छ । जस्तै :

चलेकै छ कामधन्दा /अरू के नै चाहियो र ?

उठेकै छ दामचन्दा /अरू के नै चाहियो र ? (राना, २०५६, पृ. १९)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको चलेकै छ कामधन्दा भन्ने पदावलीमा सात अक्षर र अरू के नै चहियो र भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको उठेकै छ दामचन्दा भन्ने पदावलीमा सात अक्षर र अरू के नै चाहियो र भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा कामधन्दा भन्ने शब्दमा पहिलो विश्राम रहेको छ भने र भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यस्तै दोस्रो मिसरामा दामचन्दा भन्ने शब्दमा पहिलो विश्राम रहेको छ भने र भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा पन्ध्र अक्षरको लय तथा सात आठ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.११.३. पन्ध्र अक्षरको लय र नौ छ अक्षरमा विश्राम

पन्ध्र अक्षरको लय प्रयोग भएका समकालीन समयका कतिपय गजलहरूमा नौ र छ अक्षरमा विश्राम

व्यवस्था रहेको पाइन्छ । जस्तै :

सिसाकलमले कोरिएको/
धर्काजस्तो लाग्छ

जिन्दगी यहाँ बिग्रिएको /चर्काजस्तो लाग्छ (पौडेल, २०५९, पृ. ३६)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा सिसाकलमले कोरिएको भन्ने पदावलीमा नौ अक्षर र धर्काजस्तो लाग्छ भन्ने पदावलीमा छ अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको जिन्दगी यहाँ बिग्रिएको भन्ने पदावलीमा नौ अक्षर र चर्काजस्तो लाग्छ भन्ने पदावलीमा छ अक्षर रहेका छन् । पहिलो मिसरामा रहेको कोरिएको भन्ने शब्दमा पहिलो विश्राम र लाग्छ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा बिग्रिएको भन्ने शब्दमा पहिलो विश्राम र लाग्छ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा पन्ध्र अक्षरको लय तथा नौ छ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.११.४.पन्ध्र अक्षरको लय र दश पाँच अक्षरमा विश्राम

पन्ध्र अक्षरको लय प्रयोग भएका यस अवधिका कतिपय गजलहरूमा दश र पाँच अक्षरमा विश्राम व्यवस्था रहेको छ । जस्तै :

पर्खेर बसैं आउँछ्यौ कि भनी /आइनौ किन हो

मुटुमा माया साँचेर राखैं /लाइनौ किन हो (मिलन, २०५९, पृ. ५२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको पर्खेर बसें आउँछ्यौ कि भनी भन्ने पदावलीमा दश अक्षर र आइनौ किन हो भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको मुटुमा माया साँचेर राखें भन्ने पादावलीमा दश अक्षर र लाइनौ किन हो भन्ने पदावलीमा पाँच अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको भनी भन्ने शब्दमा पहिलो विश्राम व्यवस्था गरिएको छ भने हो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा रहेको राखें भन्ने शब्दमा पहिलो विश्राम र हो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा पन्ध्र अक्षरको लय र पाँच अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.१२. सोह्र अक्षरको लय

समकालीन नेपाली गजलमा सोह्र अक्षरको लय पनि प्रयोग गरिएको छ । यो पनि आजका गजलमा निकै थैरै प्रयोग गरिएको लय हो । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकार छन् ।

२.१२.१. सोह्र अक्षरको लय र आठ आठ अक्षरमा विश्राम

सोह्र अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा आठ र आठ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

उदाएको साँझ थियो/ बिहानीको नाम लाग्यो

अनिदा छन् आँखाहरू/ रातभरि घाम लाग्यो (ब्राजाकी, २०५१, पृ. ३८)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको उदाएको साँझ थियो भन्ने पदावलीमा आठ अक्षर र बिहानीको नाम लाग्यो भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको अनिदा छन् आँखाहरू भन्ने पदावलीमा आठ अक्षर र रातभरि घाम लाग्यो भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । साथै पहिलो

मिसरामा थियो भन्ने शब्दमा पहिलो विश्राम र लाग्यो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा आँखाहरू भन्ने शब्दमा पहिलो विश्राम र लाग्यो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा सोह्र अक्षरको लय र आठ आठ अक्षरमा विश्राम व्यवस्था गएिको छ ।

२.१२.२. **सोह्र अक्षर र दश छ अक्षरमा विश्राम**

सोह्र अक्षरको लय प्रयोग भएका आजका कतिपय गजलहरूमा दश र छ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

बिर्सनै पर्ने कुरालाई पनि /बिर्सन सकिनँ

फर्कनै पर्ने दोबाटोबाट /फर्कन सकिनँ (तृषित, २०५४, पृ. २४)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको बिर्सनै पर्ने कुरालाई पनि भन्ने पदावलीमा दश अक्षर र बिर्सन सकिनँ भन्ने पदावलीमा छ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको फर्कनै पर्ने दोबाटोबाट भन्ने पदावलीमा दश अक्षर र फर्कन सकिनँ भन्ने पदावलीमा छ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको पनि शब्दमा पहिलो विश्राम र सकिनँ शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा दोबाटोबाट शब्दमा पहिलो र सकिनँ शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा स्रोह अक्षरको लय तथा दश छ अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.१२.३. **सोह्र अक्षरको लय र नौ सात अक्षरमा विश्राम**

सोह्र अक्षरको लय प्रयोग भएका आजका कतिपय नेपाली गजलहरूमा नौ र सात अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

पिएर हेर कस्ता हुन्छन् /धोखाका प्यालाहरू

कस्को निम्ति उनी राखेकी /यी फूलमालाहरू (साश्रु, २०५७, पृ. १५)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेका पिएर हेर कस्ता हुन्छन् भन्ने पदावलीमा नौ अक्षर र धोखाका प्यालाहरू भन्ने पदावलीमा सात अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको कस्को निम्ति उनी राखेकी भन्ने पदावलीमा नौ अक्षर र यी फूलमालाहरू सात अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको हुन्छन् शब्दमा पहिलो विश्राम र प्यालाहरू शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा राखेकी भन्ने शब्दमा पहिलो विश्राम र फूलमालाहरू शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा सोह्र अक्षरको लय र नौ सात अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.१३. **सत्र अक्षरको लय**

समकालीन नेपाली गजलमा सत्र अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकार छन् ।

२.१३.१. **सत्र अक्षरको लय र दश सात अक्षरमा विश्राम**

सत्र अक्षरको लय प्रयोग भएका आजका कतिपय गजलहरूमा दश र सात अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

दोष दिनु किन कसैलाई / जलिरहेछु आफै

आँशु बनी आफ्नै आँखाबाट / बगिरहेछु आफै (रावल, २०४६, पृ. १४)

उदाहरणमा दिइएको सेरको

पहिलो मिसरामा रहेको दोष दिनु किन कसैलाई भन्ने पदावलीमा दश अक्षर र जलिरहेछु आफै भन्ने पदावलीमा सात अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको आँशु बनी आफ्नै आँखाबाट भन्ने पदावलीमा दश अक्षर र बगिरहेछु आफै भन्ने पदावलीमा सात अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको कसैलाई भन्ने शब्दमा पहिलो विश्राम र आफै भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा रहेको आँखाबाट भन्ने शब्दमा पहिलो विश्राम र आफै भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस गजलमा सत्र अक्षरको लय र दश सात अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

२.१३.२.सत्र अक्षरको लय र आठ नौ अक्षरमा विश्राम

सत्र अक्षरको लय प्रयोग गरिएका आजका कतिपय गजलहरूमा आठ र नौ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

मेरा लागि आँखाहरू/कल्पी कल्पी रून रहेछ

आँसुहरू बगाएर/गालाहरू धुन रहेछ (प्राञ्जल, २०४८, पृ. २२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको मेरा लागि आँखाहरू भन्ने पदावलीमा आठ अक्षर र कल्पी कल्पी रून रहेछ भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको आँसुहरू बगाएर भन्ने पदावलीमा आठ अक्षर र गालाहरू धुन रहेछ भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा आँखाहरू भन्ने शब्दमा पहिलो विश्राम र रहेछ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा बगाएर भन्ने शब्दमा पहिलो विश्राम र रहेछ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस गजलमा सत्र अक्षरको लय तथा आठ नौ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१३.३.सत्र अक्षरको लय र नौ आठ अक्षरमा विश्राम

सत्र अक्षरको लय प्रयोग भएका आजका कतिपय गजलहरूमा नौ र आठ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

उज्यालो सहन सक्दैनन् / अन्धकारमा बस्नेहरू

बुझ्दैनन् व्यथा झोपडीको / दरबारमा बस्नेहरू (तुफान, २०४२, पृ. २३)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको उज्यालो सहन सक्दैनन् भन्ने पदावलीमा नौ अक्षर र अन्धकारमा बस्नेहरू भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको बुझ्दैनन् व्यथा झोपडीको भन्ने पदावलीमा नौ अक्षर र दरबारमा बस्नेहरू भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको सक्दैनन् भन्ने शब्दमा पहिलो विश्राम र बस्नेहरू भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा रहेको झोपडीको भन्ने शब्दमा पहिलो विश्राम र बस्नेहरू भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा सत्र अक्षरको लय र नौ आठमा विश्राम व्यवस्था रहेको छ ।

२.१३.४.सत्र अक्षर र एघार छ अक्षरमा विश्राम

सत्र अक्षरको लय प्रयोग गरिएका आजका कतिपय गजलहरूमा एघार र छ अक्षरमा विश्रामको व्यवस्था गरिएको

छ । जस्तै :

बाँच्नको् लागि सबभन्दा पहिले / आहारा चाहियो

त्यसपछि मानिसलाई दुनियाँ /यो सारा चाहियो (तुफान, २०४९, पृ. ५०)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको बाँच्नका लागि सबभन्दा पहिले भन्ने पदावलीमा एघार अक्षर र दोस्रो मिसरामा रहेको त्यसपछि मानिसलाई दुनियाँ भन्ने पदावलीमा एघार अक्षर र यो सारा चाहियो भन्ने पदावलीमा छ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको पहिले भन्ने शब्दमा पहिलो विश्राम र चाहियो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा दुनियाँ भन्ने शब्दमा पहिलो र चाहियो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा सत्र अक्षरको लय तथा एघार छ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१४.अठार अक्षरको लय

कतिपय समकालीन नेपाली गजलहरूमा अठार अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकार छन् ।

२.१४.१. अठार अक्षरको लय र दश आठमा विश्राम

अठार अक्षरका कतिपय गजलहरूमा दश र आठ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

आफ्नै रूप हेर्न खोजिरहेछु /कोही त मलाई शिशा देऊ

बाटो बिराएको डुङ्गा हुँ म / सागरमा निश्चित दिशा देऊ (रावल, २०४६, पृ. २२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको आफ्नै रूप हेर्न खोजिरहेछु भन्ने पदावलीमा दश अक्षर र कोही त मलाई शिशा देऊ भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको बाटो बिराएको डुङ्गा हुँ म भन्ने पदावलीमा दश अक्षर र सागरमा निश्चित दिशा देऊ भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । यसै गरी पहिलो मिसरामा रहेको खोजिरहेछु भन्ने शब्दमा पहिलो विश्राम र देऊ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसरामा रहेको म भन्ने शब्दमा पहिलो विश्राम र देऊ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा अठार अक्षरको लय र दश आठ अक्षरमा विश्राम व्यवस्था रहेको देखिन्छ ।

२.१४.२. अठार अक्षरको लय र आठ दश अक्षरमा विश्राम

अठार अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा आठ र दश अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

यसरी उठ्यो तूफान कि/ मैले किनारा पाउन सकिनँ

कोशिस गरी रहँ तर /पनि गीत गाउन सकिनँ (रावल, २०४२, पृ. ५५)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको यसरी उठ्यो तुफान कि भन्ने पदावलीमा आठ अक्षर र मैले किनारा पाउन सकिनँ भन्ने पदावलीमा दश अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको कोशिस गरी रहँ तर भन्ने पदावलीमा आठ अक्षर र पनि गीत गाउन सकिनँ भन्ने पदावलीमा दश अक्षर रहेका छन् । यसै गरी यसको पहिलो मिसरामा रहेको कि भन्ने शब्दमा पहिलो विश्राम र सकिनँ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा रहेको तर भन्ने

शब्दमा पहिलो विश्राम र सकिनँ भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा अठार अक्षरको लय र आठ दश अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१४.३. अठार अक्षरको लय र नौ नौ अक्षरमा विश्राम

अठार अक्षरको लय प्रयोग भएका आजका कतिपय गजलहरूमा नौ र नौ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

माया गर्न थालेको मैले /तिमी राम्री भएर हो कि

कि त राम्री भएकी तिमी/ मैले माया गरेर हो कि

(ब्राजाकी, २०५१, पृ. १३)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको माया गर्न थालेको मैले भन्ने पदावलीमा नौ अक्षर र तिमी राम्री भएर हो कि भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको कि त राम्री भएकी तिमी भन्ने पदावलीमा नौ अक्षर र मैले माया गरेर हो कि भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । यसै गरी पहिलो मिसरामा रहेको मैले भन्ने शब्दमा पहिलो विश्राम र कि भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसराको तिमी भन्ने शब्दमा पहिलो विश्राम र कि भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा अठार अक्षरको लय र नौ नौ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१५.उन्नाइस अक्षरको लय

समकालीन नेपाली गजलमा उन्नाइस अक्षरको लय पनि प्रयोग गरिएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकार रहेका छन् ।

२.१५.१.उन्नाइस अक्षरको लय र दश नौ अक्षरमा विश्राम

उन्नाइस अक्षरको लय प्रयोग गरिएका यस समयका कतिपय गजलहरूमा दश र नौ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

यही माटोमा मिल्ने छौं एक दिन/ माटोबाट उठेका हामी

यही माटोको स्वरूप फेर्न /श्रम लिएर जुटेका हामी

(तुफान, २०४९, पृ. ५३)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको यही माटोमा मिल्ने छौं एक दिन भन्ने पदावलीमा दश अक्षर र माटोबाट उठेका हामी भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो सेरमा रहेको यही माटोको स्वरूप फेर्न भन्ने पदावलीमा दश अक्षर र श्रम लिएर जुटेका हामी भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको दिन भन्ने शब्दमा पहिलो विश्राम र हामी भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा रहेको फेर्न भन्ने शब्दमा पहिलो विश्राम र हामी भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा उन्नाइस अक्षरको लय र दश नौ अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१५.२.उन्नाइस अक्षरको लय र नौ दश अक्षरमा विश्राम

उन्नाइस अक्षरका कतिपय गजलहरूमा नौ र दश अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

तिम्रो दुःखमा रोएको छु/ तिम्रो खुशीमा रमाएको छु

मेरो जीवन यात्राको तिमी/लाई मैले साथी बनाएको छु

(तुफान, २०४९, पृ. ५१)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको तिम्रो दुःखमा रोएको छु भन्ने पदावलीमा नौ अक्षर र तिम्रो खुसीमा रमाएको छु भन्ने पदावलीमा दश अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको मेरो जीवन यात्राको तिमी भन्ने पदावलीमा नौ अक्षर र लाई मैले साथी बनाएको छु भन्ने पदावलीमा दश अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको छु भन्ने शब्दमा पहिलो विश्राम र पछिल्लो छु भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । साथै दोस्रो मिसरामा रहेको तिमी भन्ने शब्दमा पहिलो विश्राम र छु भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस गजलमा उन्नाइस अक्षरको लय र नौ दश अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१६. बिस अक्षरको लय

समकालीन नेपाली गजलमा बिस अक्षरको लय पनि प्रयोग भएको छ । विश्रामका आधारमा यसका पनि विभिन्न प्रकारहरू छन् ।

२.१६.१.बिस अक्षरको लय र दश दश अक्षरमा विश्राम

बिस अक्षरको लय प्रयोग भएका यस समयका कतिपय गजलहरूमा दश र दश अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

दुःखी मानिसहरूको गिरेको/
विश्वास उठाएर आएको छु

भोको भए पनि मानिस नगिर्ने
/गीत सुनाएर आएको छु

(रावल, २०४२, पृ. २८)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको दुःखी मानिसहरूको गिरेको भन्ने पदावलीमा दश अक्षर र विश्वास उठाएर आएको छु भन्ने पदावलीमा पनि दश अक्षर रहेका छन् । यसै गरी दोस्रो मिसरामा रहेको भोको भए पनि मानिस नगिर्ने भन्ने पदावलीमा दश अक्षर र गीत सुनाएर आएको छु भन्ने पदावलीमा पनि दश अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको गिरेको भन्ने शब्दमा पहिलो विश्राम र छु भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा रहेको नगिर्ने भन्ने शब्दमा पहिलो विश्राम र छु भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा बिस अक्षरको लय र दश दश अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१६.२. बिस अक्षरको लय र बाह्र आठ अक्षरमा विश्राम

बिस अक्षरको लय प्रयोग भएका कतिपय गजलहरूमा बाह्र र आठ अक्षरमा विश्रामको व्यवस्था पनि गरिएको छ । जस्तै :

पुनःजन्म लिएर फेरि आउँला
प्रिय/ यो जिन्दगी यस्तै भयो

शायद तबै तिमीलाई पाउँला प्रिय/
यो जिन्दगी यस्तै भयो

(पत्थर, २०६०, पृ. ४६)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको पुनःजन्म लिएर फेरि आउँला प्रिय भन्ने पदावलीमा बाह्र अक्षर र यो जिन्दगी यस्तै भयो भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको शायद तबै तिमीलाई पाउँला प्रिय भन्ने पदावलीमा बाह्र अक्षर र यो जिन्दगी यस्तै भयो भन्ने पदावलीमा आठ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको प्रिय भन्ने शब्दमा पहिलो विश्राम र भयो भन्ने शब्दमा अन्तिम विश्राम

रहेको छ । यसै गरी दोस्रो मिसरामा रहेको प्रिय भन्ने शब्दमा पहिलो विश्राम र भयो भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा बिस अक्षरको लय तथा बाह्र आठ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ ।

२.१७. **चौबिस अक्षरको लय**

समकालीन नेपाली गजलमा चौबिस अक्षरको लय पनि प्रयोग भएको छ । विश्रामका आधारमा यसका पनि दुई प्रकार छन् ।

२.१७.१. **चौबिस अक्षरको लय र बाह्र बाह्र अक्षरमा विश्राम**

चौबिस अक्षरको लय प्रयोग भएको एउटा गजलमा बाह्र र बाह्र अक्षरमा विश्रामको व्यवस्था गरिएको पाइन्छ । जस्तै :

अँध्यारोमा अरूलाई भन्दा पनि/
आफूलाई नियालेर हेर्ने गर्नू
जाँदा जाँदा पुगिएन कतै भने/
ऐना अलि सम्हालेर हेर्ने गर्नू

(ब्राजाकी, २०५१, पृ. ३२)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको अँध्यारोमा अरूलाई भन्दा पनि भन्ने पदावलीमा बाह्र अक्षर रहेका छन् भने आफूलाई नियालेर हेर्ने गर्नू भन्ने पदावलीमा पनि बाह्र अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको जाँदा जाँदा पुगिएन कतै भन्ने भन्ने पदावलीमा बाह्र अक्षर र ऐना अलि सम्हालेर हेर्ने गर्नू भन्ने पदावलीमा पनि बाह्र अक्षर रहेका छन् । साथै पहिलो मिसरामा पनि भन्ने शब्दमा पहिलो विश्राम र गर्नू भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ भने दोस्रो मिसरामा रहेको भने शब्दमा पहिलो विश्राम र गर्नू भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा चौबिस अक्षरको लय तथा बाह्र बाह्र अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

२.१७.२. **चौबिस अक्षरको लय र पन्ध्र नौ अक्षरमा विश्राम**

चौबिस अक्षरको लय भएको भएको एउटा गजलमा पन्ध्र र नौ अक्षरमा विश्रामको व्यवस्था गरिएको छ । जस्तै :

लामो समयको प्रतीक्षापछि जब
कोही /हाँस्छन् त्यो आभास कस्तो होला
चराहरू खुसीले प्याँखहरू फैलाउँदै
/उडेको आकाश कस्तो होला

(रावल, २०४२, पृ.५४)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको लामो समयको प्रतीक्षापछि जब कोही भन्ने पदावलीमा पन्ध्र अक्षर र हाँस्छन् त्यो आभास कस्तो होला भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको चराहरू खुसीले प्याँखहरू फैलाउँदै भन्ने पदावलीमा पन्ध्र अक्षर र उडेको आकाश कस्तो होला भन्ने पदावलीमा नौ अक्षर रहेका छन् । साथै पहिलो मिसरामा रहेको कोही भन्ने शब्दमा पहिलो विश्राम र होला भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसै गरी दोस्रो मिसरामा रहेको फैलाउँदै भन्ने शब्दमा पहिलो विश्रम र होला भन्ने शब्दमा अन्तिम विश्राम रहेको छ । यसरी यस सेरमा चौबिस अक्षरको लय तथा पन्ध्र नौ अक्षरमा विश्राम व्यवस्था भएको छ ।

२.१८ .**अट्ठाइस अक्षरको लय**

समकालीन नेपाली गजलमा अट्ठाइस अक्षरको लय पनि प्रयोग भएको छ । यसमा चौध र चौध अक्षरमा

विश्रामको व्यवस्था रहेको देखिन्छ । यो नै आजको गजलमा प्रयोग भएको सबैभन्दा बढी अक्षरको लय हो । मनु ब्राजाकीले आफ्नो एउटा गजलमा यो लयको व्यवस्था गरेका छन् । जस्तै :

पाइँदैन केही भन्ने थाहा हुँदा हुँदै/
पाउने आशा अझै पनि लागिरहेछ
तिमी सुत्यौ मुटुभित्र मेरो निदाएर/
मनु अब रातभरि नि जागिरहेछ
(ब्राजाकी, २०५१, पृ.३४)

उदाहरणमा दिइएको सेरको पहिलो मिसरामा रहेको पाइँदैन केही भन्ने थाहा हुँदा हुँदै भन्ने पदावलीमा चौध अक्षर र पाउने आशा अझै पनि लागिरहेछ भन्ने पदावलीमा पनि चौध अक्षर रहेका छन् । त्यसै गरी दोस्रो मिसरामा रहेको तिमी सुत्यौ मुटुभित्र मेरो निदाएर भन्ने पदावलीमा चौध अक्षर र मनु अब रातभरि नि जागिरहेछ भन्ने पदावलीमा पनि चोध अक्षर रहेका छन् । यसरी यस सेरमा अट्ठाइस अक्षरको लय तथा चौध चौध अक्षरमा विश्राम व्यवस्था गरिएको छ ।

३. निष्कर्ष

समकालीन नेपाली गजलमा विभिन्न अठार प्रकारका आक्षरिक लयहरूको प्रयोग गरिएको छ । प्रयोग गरिएका आक्षरिक लयका पनि विभिन्न प्रकारहरू रहेका छन् । यस अवधिमा सबैभन्दा कम चार अक्षरदेखि बढीमा अट्ठाइस अक्षरसम्मका आक्षरिक लय प्रयोग भएका देखिन्छन् । चार अक्षरको लयमा दुई दुई अक्षरमा विश्राम व्यवस्था गरिएको छ । छ अक्षरको लयमा चार दुई अक्षरमा विश्राम व्यवस्था रहेको छ ।

आज सात अक्षरको लय पनि प्रयोग गरिएको छ । यसमा चार तिन अक्षरमा विश्राम व्यवस्था गरिएको छ । यस समयमा प्रयोग भएको आठ अक्षरको लयका दुई प्रकार रहेका छन् । एउटामा पाँच तिन र अर्कोमा चार चार अक्षरमा विश्राम व्यवस्था रहेको पाइन्छ । नौ अक्षरको लयका चार प्रकाहरू रहेका छन् । यसमा सात तिन, चार पाँच, छ तिन र पाँच चार गरी विभिन्न प्रकारका विश्राम व्यवस्था रहेको पाइन्छ ।

दश अक्षरको लयका पनि चार प्रकार रहेका छन् । यसमा सात तिन, छ चार, पाँच पाँच र चार छ गरी विभिन्न विश्राम व्यवस्था रहेको देखिन्छ । एघार अक्षरको लयका पनि चार प्रकार रहेका छन् । यसमा सात चार, पाँच छ, आठ तिन र छ पाँच गरी विभिन्न विश्राम व्यवस्था भएका लय रहेका छन् ।

बाह्र अक्षरको लयमा छ छ, आठ चार र सात पाँच गरी तिन प्रकारको विश्राम व्यवस्था भएका पाइन्छ भने तेह्र अक्षरको लयमा नौ चार, आठ पाँच र सात छ गरी तिन प्रकारका विश्राम व्यवस्था भएका लयहरू प्रयोग भएका छन् । चौध अक्षरको लयमा नौ पाँच, सात सात र आठ छ गरी तिन प्रकारका विश्राम व्यवस्था रहेका छन् भने पन्ध्र अक्षरको लयमा दश पाँच, नौ छ, सात आठ र आठ सात गरी चार प्रकारका विश्राम व्यवस्था रहेका छन् ।

सोह्र अक्षरको लयमा नौ सात, दश सात र आठ आठ गरी तिन प्रकारका विश्राम व्यवस्था गरिएको छ भने सत्र अक्षरको लयमा एघार छ, नौ आठ, आठ नौ र दश सात अक्षरमा विश्राम रहेको पाइन्छ । अठार अक्षरको लयमा नौ नौ, आठ दश र दश आठ गरी तिन प्रकारको विश्राम व्यवस्था

रहेको छ भने उन्नाइस अक्षरको लयमा नौ दश र दश नौ गरी दुई प्रकारका विश्राम व्यवस्था राखिएका छन् । बिस अक्षरको लयमा बाह्र आठ र दश दश अक्षरको विश्राम व्यवस्था रहेको छ भने अट्ठाइस अक्षरको लयमा चौध चौध अक्षरमा विश्राम रहेको पाइन्छ ।

समकालीन नेपाली गजलमा सबैभन्दा धेरै बाह्र, तेह्र, चौध, पन्ध्र र सोह्र अक्षरका लयहरू प्रयोग गरिएका छन् भने नौ, दश, एघार, सत्र, अठार, उन्नाइस र बिस अक्षरका लयहरू मध्यम स्तरमा प्रयोग भएका छन् । साथै चार, छ, सात, आठ, चौबिस र अट्ठाइस अक्षरका लयहरू निकै सीमित मात्रामा प्रयोग गरिएका छन् । त्यसमा पनि यस चरणमा चौध र सोह्र अक्षरका लय सबैभन्दा बढी प्रयोग भएका छन् । यसरी समकालीन नेपाली गजलमा आक्षरिक लयको प्रयोग एउटा महत्वपूर्ण प्रवृत्ति बन्न पुगेको छ । आजका अधिकांश नेपाली गजलकार हरूले यही आक्षरिक लयको प्रयोग गरेर गजलहरू लेखेका छन् ।

सन्दर्भसूची

एटम, नेत्र (२०६०), भित्र कतै दुख्छ भने, काठमाण्डौं : दोभान प्रकाशन ।

ओली, खड्गसेन (२०५४), बादलको गुफा, काठमाण्डौं : लेखक स्वयम् ।

ढुङ्गेल, डी.बी. र अन्य (२०६०), स्पन्दन, रोल्पा : दियो प्रकाशन समूह ।

तृषित, राममान (२०५४), प्रेयसीका आँखासित पिरतीका कुरा, काठमाण्डौं : बासु शशी स्मृति परिषद् ।

तुफान, धर्मोगत शर्मा (२०४२), तुफानका गजलहरू, काठमाण्डौं : विप्लव प्रकाशन ।

तुफान, धर्मागत शर्मा (२०४९), देशको माटो दुख्ने गर्छ, काठमाण्डौं : विप्लव प्रकाशन ।

पत्थर, श्रेष्ठ प्रिया (२०५३), पग्लिएका व्यथाहरू, कैलाली : कलश साङ्गीतिक समूह ।

पत्थर, श्रेष्ठ प्रिया (२०६०), आँसुको सौगात, कैलाली : सुदूर पश्चिमाञ्चल गजलमञ्च ।

पथिक, गोपीकृष्ण ढुङ्गाना (२०६०), मौतनाका रातहरू, काठमाण्डौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

परिश्रमी, घनश्याम न्यौपाने (२०५३), घामको छहारीमा, काठमाण्डौं : पम्फा नेपाल ।

पौडेल, गोपाल (२०५९), छातिभरि तिम्रो माया, चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

प्राञ्जल, रवि (२०४८), तारिदेऊ न माझी दाइ. काठमाण्डौं : अनुराग प्रकाशन ।

ब्राजाकी, मनु (२०५१), गजलङ्गा, काठमाण्डौं : साझा प्रकाशन ।

मरासिनी, शशि (२०६०), नजुरेको धुन, काठमाण्डौं : दधिराम मरासिनी स्मृति प्रतिष्ठान ।

मिलन, शम्भुकुमार (२०५९), तिम्रो सहरमा, काठमाण्डौं : श्रीमती निर्मला रेग्मी ।

राजभण्डारी, रोशनकुमार (२०५६), गजल पुष्पाञ्जली, भाग–३, भक्तपुर : श्री दशरथ रिसाल तथा श्रीमती पूर्णशोभा रिसाल ।

राना, बूँद (२०५६), रातो मलाई प्यारो, काठमाण्डौं : राष्ट्रिय जनसाँस्कृतिक मञ्च ।

रावल, ललिजन (२०४२), केही गजलहरू, काठमाण्डौं : साहित्य सन्ध्या परिवार ।

रावल, ललिजन (२०४६), बिरानो यो ठाँउमा, काठमाण्डौं : महेशबिक्रम शाह ।

शिशिर, कुमार (२०५०), शिशिरका शीतहरू, बानेश्वर : प्रतिभा समूह ।

साश्रु, मधु (२०५७), पीडा अनन्त हुन्छ, बर्दिया : लेखक स्वयम् ।

श्रेष्ठ, चङ्की (२०६०), फूलबिनाको शाखा, काठमाण्डौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

क्षेत्री, कृसु (२०६०), अर्द्धमुदित आँखाहरू, दो.सं. काठमाण्डौं : वसुन्धरा–मान प्रज्ञाप्रतिष्ठान ।

अङ्कित अधिकारी
सुन्दरबस्ती, ठोरी, पर्सा

एक

गरीबीकै कारण आमाले परदेशतिर धाउनुपऱ्यो
सानो बालक छँदा पनि फाटेकै लुगा लाउनु पऱ्यो

साहुहरू घरमा आँउदा कलिलो मन दुखको थियो
परदेश गई अब आमा टिनले घर छाउनु पऱ्यो

सुखमा जीवन जिउने रहर मेरो पनि त थियो नि,
निमुखाले नि अब सरकार राम्रो न्याय पाउनु पऱ्यो

किन लाग्थें पराईको मुलुक आफ्नै देशमा गाँस पाए
चैनको सास फेरेर सिर्जनाको गीत गाउनु पऱ्यो ।

दुई

जनताका छोरा गाँस खोज्न खै कता गएका छन्
व्याकुल बनी बेवारिसे टहरामा रहेका छन्

गिट्टीसँग खेल्ने तिनै सिर्जनशील हातहरू
सडेगलेका आलु जतिकै निकम्मा भएका छन्

दिन्छन् भाषण नेताहरू भन्छन् मांग पूरा हुन्छ
हेर यता जनताले आँशुले मुख धोएका छन्

गर्छन् जनता अपार श्रम तर जीवन उल्टै
रुखोसुखो खाएर अथाह पीडा सहेका छन् ।

अर्जुन थापा
वर्दिवास, महोत्तरी

एक

जनता पछि लाग्छन् आश्वान छाँटेपछि
चुपो पनि लाग्छन् नेताजीले डाँटेपछि

नेपालभरि सबै नेता जनता खै अचेल
किनारा लाग्छन् माथिकाले झाँटेपछि

तलकाको पौठेजोरी आजन्म हुने गर्छ
समाज एक हुँदैहुँदैन जनता फाँटेपछि

आङको भैंसी हैन अर्काको जुम्रा देख्दा
विस्फोट पक्कै होला बारम्बार ढाँटेपछि ।

दुई

बाँच्ने आशा जगाई बिचल्लीमा पाऱ्यौ प्रिय
हुन्छ हुन्छ भनेरै भाका मात्रै साऱ्यौ प्रिय

जस्तै कष्टमा पनि साथ दिन्छु दिन्छु भन्थ्यौ
सुखको प्रयोग गरी दुःख मात्र साऱ्यौ प्रिय

खोट रहेछ तिम्रो दिलमा थाहा पाइन मैले
स्वार्थ बोकी कहिले समस्या नि टाऱ्यौ प्रिय

सँगै जिउने मर्ने कसम खाएकी थियौ नि
मझधारमा एक्लै पारी जिउँदै माऱ्यौ प्रिय ।

अमर त्यागी
कलैया, बारा

एक
कहीं लाभ हुन्छन् , कहीं हुन्छ हानी
यही लाभ हानी न हो जिन्दगानी

पुगी भोट खाडी स्वयं बिक्नु पर्ने
युगौँदेखि उस्तै छ हाम्रो कहानी

छुटाएर आफ्ना दुखाएर छाती
बिझेको छ काँढा बनी राहदानी

यहाँ कर्मभन्दा अरू छैन ठुलो
महान् बन्छ मान्छे भए कर्मध्यानी

सदा शूरताको दसी हो जवानी
र हो विश्व ठेकी जुनी हो मदानी ।

दुई
झुटो साथ अर्कै जुटायौ तिमीले
सही साथ मेरो छुटायौ तिमीले

नमर्दै मलाई चितामा जलाई
निसङ्कोच नाता टुटायौ तिमीले

निथारेर छाती दिँदा प्रेम चोखो
लगाएर गुण्डा कुटायौ तिमीले

खुसीले भरेको थियो चित्त मेरो
बनाएर रित्तो लुटायौ तिमीले

म ऐना बनेको थिएँ दृश्य हेर्ने
घृणाले खसाली फुटायौ तिमीले ।

अधिकारी कुमार अनल
हिमालीवास, रौतहट

एक

संसारमा सबैभन्दा जाती हुन्छिन् आमा
सगरमाथाभन्दा पनि माथि हुन्छिन् आमा

घाम लाग्दा छायाँ, झरी पर्दा ओत दिने
चौतारीमा पीपलुको गाँछी हुन्छिन् आमा

सानो खुसी ठुला हुन्छन् सन्तानले दिने
सफलतामा बजिरहने ताली हुन्छिन् आमा

मल-जल गरी-गरी विश्वास फुलाउँदै
बगैँचाको मिहिनेती माली हुन्छिन् आमा

सुखमा त साथदिने कति हुन्छन् कति
दु:खमा साथ दिने केवल हुन्छिन् आमा

दुई

जिउनु कि मर्नु भएँ, दोधारमा पाऱ्यो हजुर
काँडा त भिक्नु हुन्थ्यो, वचनले माऱ्यो हजुर

साथ थियो, हिम्मत थियो, दुनियाँ नै जित्दै थिएँ
त्यही साथ छुटेपछि आफ्नै मन हाऱ्यो हजुर

तिमी आफ्नो मान्छे, मेरा सबै तिम्रो भन्दै
सर्वस्व लिएपछि त काँडेतारले बाऱ्यो हजुर

गन्तव्यमा पुग्छु भन्दै, काँडा पन्छाई हिँड्दै थिएँ
आज त्यही बाटोले नै भड्खालोमा हाल्यो हजुर ।

इशहाक हुसेन
डुमरवाना, बारा

छ टल्किँदै साहित्य जुनझैँ सगरको
हो यो लालटिन उपमहानगरको

दशैभरि छरिहेछ सुवास
सगर नमको हो यो बत्ती अमरको

चिरायु भइरहनु नारायणीमाझ
तिमी सुन्दरी हौ यो वीरगञ्ज सहरको

बगिरहनु कलकल हिमनदीझैँ
मेटाइरहे तृष्णा पाठक नजरको

सदा एकनासै रहे फर्फराई
देऊ गर्न रसपान पाना लहरको

माया तिम्रो पाए सजीव हुनेछ
लडेको त्यो निर्जीव ढुंग बगरको

दिवाना भयो तिम्लाई पाएर ईशहाक
आनन्द आयो नौलो यो साथ सफरको ।

ओमप्रकाश पटेल 'अविरल'
वीरगञ्ज, पर्सा

एक

भगवानलाई प्राथना गर्छु अनि याद आउँछ तिम्रो
उसको जब पाउ पर्छु अनि याद आउँछ तिम्रो

हात समाई गोरेटो हिँडेको सम्झना अझै छ मुटुमा
जीवन सागर एक्लै तर्छु अनि याद आउँछ तिम्रो

तिम्रो साथ र साहसले सदा लड्दथेँ म दुनियाँसँग
भीडमा जब एक्लै डर्छु अनि याद आउँछ तिम्रो

ठेस लाग्दा जीवनमा सधै मेरो सहारा बन्थ्यौ तिमी
जीवन भीरबाट हिँड्दै झर्छु अनि याद आउँछ तिम्रो

जूनी-जूनी सँग-सँगै बाँच्ने, सँगै मर्ने तिम्रो त्यो वचन
छट्पटिँदै जब एक्लै मर्छु अनि याद आउँछ तिम्रो ।

दुई

'क्रान्ति' शब्दले रगत सुक्नुको कुरा नगर तिमी
परतन्त्रमा अस्मिता झुक्नुको कुरा नगर तिमी

धर्तीको हृदय, आमाको मुटु, देखाईदिए दुश्मनले
उठाई खुकुरी वैरीलाई, चुक्नुको कुरा नगर तिमी

शिर हाम्रो यो शिखरको टुप्पो, नझुकोस सदा-सदा
सङ्कल्प बोकी पाईला रुक्नुको कुरा नगर तिमी

माग्यो मेरो देश रगत अर्पिन्छु, दुधको साटो बरु
कायर बनी कदापि गुन थुक्नुको कुरा नगर तिमी

धर्ती रङ्गाउ 'शान्ति' शब्दले,भई एकताकर्मी सदा
विनाशको यहाँ बिगुल फुक्नुको कुरा नगर तिमी ।

कविराज सुवेदी कन्जुस
बागमती, सर्लाही

एक
कति कठोर अनि बन्जर बनिरहन्छौ
शिशा बनुन्जेल म पत्थर बनिरहन्छौ

पुल्कित भै बालापन सिरिया पुग्दा
रसियाझैँ तिमी बर्बर बनिरहन्छौ

सकिन्न रैछ मेट्न जे लेख्यो भाविले
तिमी झन अभागी खप्पर बनिरहन्छौ

दिल जलाउनै मजा छ तिमीलाई त
र त छेक्नै नसक्ने रहर बनिरहन्छौ

जति लुकाउन खोज्छु दुखी कहानी
झन तिमी वक्ता प्रखर बनिरहन्छौ ।

दुई
जबदेखि आफ्नो हातको ठेला पढिएछ
अनि बल्ल बाआमाको हत्केला पढिएछ

जति बुझ्यो उति कठीन झन गाह्रो भो
छैन उत्तर जिन्दगीको झमेला पढिएछ

परीक्षाको गोप्य शाखा तिम्रो हृदयमा
दिन्थे पक्कै उत्तर प्रश्न अबेला पढिएछ

मान्छे पढ्न गाह्रो झन गाह्रो मन पढ्न
आँखा राम्रा निर्मोहीको परेला पढिएछ

पढ्नु पर्ने अर्कै पो रैछ ज्ञान भयो ऐले
नाच नाटक जादु टुना खेला पढिएछ ।

कुमार दाहाल
बागमती, सर्लाही

एक
तिमी साधना हौ म साधन हुँ तिम्रो
उडी साथ जाऊँ म गागन हुँ तिम्रो ।

गरी सिद्ध जीवन अझै उच्च आऊ
तिमी घोर वर्षा म सावन हुँ तिम्रो

सबै शब्द तिम्रा अनि सङ्गीत उस्तै
आऊ झुम म तिमी मादन हुँ तिम्रो

नशामा नशाले छ धर्ती अनौठो
तिमी भीरपाखा म पाटन हुँ तिम्रो

अहो ! फुर्फुराई र झुमाएर नाच्ने
तिमी नर्तकी हौ म आँगन हुँ तिम्रो ।

दुई
यही पत्र तिम्ले नकेरी नजाऊ
र कात्रो मलाई नबेरी नजाऊ ।

यही त इच्छा थियो रे तिमीमा
जलेको चिता यो नहेरी नजाऊ

हाँस्न सक्छ्यौ जसो हुन्छ गर्दा
त्यही भावभङ्गी नफेरी नजाऊ

उठाएर मुद्दा लगाए त कसैले
नियाधीश उम्दा नघेरी नजाऊ

बहाना अनेकौँ बिथोल्नेहरू छन्
सही ज्ञान तिम्ले नटेरी नजाऊ ।

कुल क्षेत्री
चन्द्रपुर, रौतहट

एक

रहर गाठो पारी परदेश जान्छौ किन ?
आफ्नो बाझो राखी पराय खन्छौ किन ?

मक्किएको छानो नछाएर वर्खा मास
तिम्रै रहर पूरा गर्न गएको भन्छौ किन ?

छोरो कहिले आउला आमा सोधी राछिन्
नफर्केर सम्झी आमा मुख धुन्छौ किन ?

सुख छैन होला त्यहाँ दुःख छैन यहाँ पनि
बनाई कुलो खनौ बारी त्यसै डुल्छौ किन ?

दुई

खै कसरी भनूँ म फूल टिप्ने भुल्छ अरे
तिमीभित्र मायाको नरित्तिने मुल्छ अरे

भेट हुँदा रिसाएर छड्के नजर हेरे पनि
रत्तिएसि अन्तरात्मा रेडियोझैं खुल्छ अरे

मनकारी राति रानी लुकि लुकि बसे पनि
अधरमा चन्द्र सूर्य त्यसै त्यसै फुल्छ अरे

सुरक्षित छैनौ तिमी काँडाबिच फुले पनि
सैतानी त्यो भमरा त तिमीसँगै डुल्छ अरे

इच्छा तिम्रो बुझेर नै मौनतामा बसे पनि
कुल तिम्रो वृद्धि गर्न जानी जानी भुल्छ अरे ।

कृष्णा दाहाल
हजारबिघा, सर्लाही

एक
टाउको ओताउने छानो बनाउनुछ
यसैलाई ज्ञानको रानो बनाउनुछ

बिउको महत्व जानी सपनाको
मुठी रोपेर मैले मानो बनाउनुछ

कोसिस गरेर आफूले आफैँलाई
आँखाको नानीझैँ सानो बनाउनुछ

टुक्र्याउन मिलोस् यसरी दुःखलाई
काटेर त्यसको चानो बनाउनुछ

नागरिकताले परिचय नखुलेपछि
प्रेमपत्र लेख्ने पानो बनाउनुछ ।

दुई
उता कृष्णाकृष्ण छ यता राधाराधा
पूरा बनोस् जीवन मिलेर आधाआधा

एउटा सफर त पूरा गरोस् जिन्दगी
आनन्द मान्दै हटाई सारा बिघ्नबाधा

कुन रङ्गले सजाऊँ मेरी सानू तिमी
दुनियाँ कतै रङ्गिन त कतै सादासादा

करार गरे सकिन्छ सीमा समयको
बरु राख मलाई बनाई प्रेमको बाँधा

समर्पण तिम्रो पनि रहोस् उसै गरी
म कसरी बन्छु र पिरतीमा व्याधा ।

खेमप्रसाद बोलखे
चन्द्रपुर, रौतहट

एक

हात्ती छापमा हिँड्ने गाडी चढी डुल्न थाले
आजकाल दिन नढल्दै नेताजति झुल्न थाले

पहिले पहिले यो गर्छु त्यो गर्छु भनी हिँड्थे
महलमा पसेपछि झुपडीलाई भुल्न थाले

नम्र बोली राम्रो स्वभाव पहिले राम्रै थियो
अहिले त नदेखेझैं गमक्क भएर फुल्न थाले

पाउने अवसरहरूमा साना देखि पालो भन्थे
भेटेजति आफ्नैलाई कारखानामा हुल्न थाले

हाम्रा नेता असल भनी धेरै भजन गाइयो
भित्रका नराम्रा काम भर्खर पो खुल्न थाले ।

दुई

धनीलाई हैन हजुर गरिबलाई हेर्ने गरौँ
रुढीवादी परम्परा क्रमैसँग फेर्ने गरौँ

पैसा हुँदा जे नि हुने परम्परा शुरु भयो
कहिलेकाहीँ निमुखाका कुरा पनि टेर्ने गरौँ

विकृति विसंगति समाजमा बढ्न थाल्यो
सबै मिली बेइमानको घाँटी नै सेर्ने गरौँ

ठूलाबडाहरू नै भ्रष्टाचार गर्ने रहेछन्
झुपडीलाई हैन हजुर महललाई घेर्ने गरौँ ।

खेमराज पोखरेल
सप्तरी

एक

मुटु भित्र प्वाल थियो तिम्ले टाली दियौ
अनि मन गाउन लाग्यो तब ताली दियौ

तिमी थियौ म निश्चिएँ संसारको प्रित भयो
माया लायौ नबिर्सिने ओठको लाली दियौ

लाली सँग पग्ली पग्ली धेरै वर्ष बित्यो
आजआइ के भो प्रिया मात्र गाली दियौ

बैंस मेरो सुखा थियो, खडेरीमा बाँचें तर
नदी ठानी सोचें साँच्चै गन्धे नाली दियौ

मुटु मेरो घोचि घोची फेरि पाऱ्यौ प्वाल
घाइते यो मेरो मुटु त्यसै फाली दियौ ।

दुई

मदिराको प्याला भित्र तिमीसँग गीत गाएँ
रात भरि कोल्टे फेरें अधर सँग मित लाएँ

तिम्रो रूप्को सुगन्धले धेरै रात बिति सके
जिन्दगीमा हारिरहें तिमी भित्र जित पाएँ

तिमी बिना चन्द्रमाको रूप हेर्ने कोही छैन
भिजी रात तकियाम ाकल्पनामा धित पाएँ

नदी पारि नदी वारि जुटाउने कोही छैन
मुटुभित्र छाल उर्ल्यो छालभित्रै चित खाएँ

फूलफुल्यो जाइजुही टिपि लाउने कोही छैन
वास्ना चल्यो हावा भरि हावासँगै प्रितलाए ।

गान्धी गौतम
चन्द्रपुर, रौतहट

एक
संसारमा सबै भन्दा जाती बुबा आमा
आाकाश भन्दा अझ माथि बुबा आमा

बालापनमा कति दुःख कष्ट दिएको छु
जीवन डोऱ्याइ दिने साथी बुबा आमा

रगरूपी संसारमा जन्म कर्म पाएको छु
चलेको छ मुटु धड्कन छाती बुबा आमा

पिर लिनु पर्दैन है छोरो मुस्लानिए पनि
पाएको छु आशीर्वाद र पाति बुबा आमा ।

दुई
केही गरौँला पियारी बाँचिएछ भने
सोचेका जो सपना साँचिएछ भने

मरिन्न यसै कहाँ हरेस किन खान्छौ
दवाई मूलो बेलैमा जाँचिएछ भने

जिन्दगी चलाउने अभिभारा सुम्पन्छु
तिमी र म खुसी हुँदै नाचिएछ भने

ओइलाए पातहरू झरिगए पलाउँछन्
के हुन्छ र एउटा हाँगा भाँचिएछ भने ।

गीता भण्डारी
वीरगञ्ज, पर्सा

एक
लाग्ने गर्‍यो यो सारा संसार तिमी हौ
मैले पाउने सम्पूर्ण अधिकार तिमी हौ

कल्पनाले बनाएको सुन्दर महल भित्र
खुसी पोख्ने पहिलो आधार तिमी हौ

त्यसैले त दिएँ मनसँगै मुटु आफु रित्तिएर
मैले टेक्ने पहिलो पाइला संघार तिमी हौ

झूटो रहेछ तिम्रो प्रेम खोक्रो बनाई छाड्‌यौ
दिनलाई रात एकै पार्ने कलाकार तिमी हौं

स्वतंन्त्रपूर्ण जीवन बाँच्न चाहार्थे मैले तर
बन्धक बनाई बरिष्ठ बन्ने सरकार तिमी हौं ।

दुई
केही बाध्यताले अनि केही रहरले सिकायो
अभावमा सङ्घर्ष गर्नुपर्छ अवसरले सिकायो

लर्खराउन खोजें कयौं पटक मेरा गोडाहरू
लडिहाले सम्हाल्ने छ हात भरले सिकायो

तिम्रो सामीप्यमा हो हिम्मत बढ्ने मेरो तर
कहिलेकाहीं रिसाउँछौ भन्ने डरले सिकायो

हो गाह्रो छ जीवन सोचें झैं छैन बाँच्न यहाँ
विलाशी जीवन बाँच्न यहाँ शहरले सिकायो

साच्चिकै सुखको अनुभूति गर्न बग्नुपर्ने रहेछ
यो खोला किनारमा हाँसिरहने बगरले सिकायो ।

गोपाल अश्क
बीरगञ्ज,पर्सा

एक

चलेको छ हावा, बगेको छ पानी
भएको छ जीवन, भुलै भूल बानी

गरँ भूल रोजेर मैले सधैँ नै
तिम्रो जीत भो हार मेरो कहानी

सुनाऊँ कसोरी पिडा जिन्दगीको
भएको छ तातो मिठो जिन्दगानी

निराशा उदायो बिहानै – बिहानै
उडायो हुरीले सुनौलो बिहानी

तिमी जिन्दगी हौ,मृत्यु हौ तिमी नै
तिमी फूल काँडा, तिमी घाम पानी ।

दुई

जीत केही हैन मेरो, जिन्दगीमा हार नै हो
हारलाई नै गरेको प्रीत माया सार नै हो

फूलजस्तो जिन्दगी काँडासरी भो हेर साथी
रात पऱ्यो जिन्दगीमा जिन्दगीको धार नै हो

के सुनाऊँ, गीत गाऊँ, के कहानी जिन्दगीको
भर्खरै हाँसेफुलेको फाँट नै हो टार नै हो

आँसु आँखामा भरेकोले देखिन्न बाटो कुनै नै
पाइलापिच्छै लडेको यो खुट्टाको भार नै हो

को कहाँ धोका दिने छन् छैन थाहा अश्कलाई
हैन केही जिन्दगी यो मृत्युको उपकार नै हो ।

जि.सी. हरि
गरुडा, रौतहट

एक
माया‌को डोरी तान भन्छु तान्दिन भन्छे
प्रीति लगाउन जान भन्छु जान्दिन भन्छे

यो दुनियाँ त सारा रंगीन फूलबारी हो
मनपर्ने फूल छान भन्छु छान्दिन भन्छे

तीरैतीरको महासागर पो हौ त तिमी
एउटा तीर हान भन्छु हान्दिन भन्छे

सृष्टि त चल्नु पर्छ नि जसरी तसरी
यति बिडो थाम भन्छु थाम्दिन भन्छे

एक दिन संसार छाड्नु छ है सबैले
यति कुरा मान भन्छु मान्दिन भन्छे ।

दुई
मरुभूमिमा निर्मित नहर छ
विडम्बना यो कस्तो प्रहर छ

मनमुग्ध शृङ्गार छ बाहिर
भित्र अस्थिपञ्जरको शहर छ

मृत्यु त अवश्यम्भावी छ नै
तैपनि बाँच्नलाई कहर छ

जन्मिएँ यदि अर्को जुनी भने
ब्रह्माण्ड घुम्ने पुरै रहर छ ।

जीवन आचार्य निश्चल
बागमती, सर्लाही

एक

बहिराहरूको शहरमा कथा सुनाउँन मन'छ
अन्धाहरूको बस्तीमा आँखा जुधाउन मन'छ

यो वर्षौंवर्ष देखिको चाहाना हो र रहर हो
सरकारलाई बुख्याचा सँगै उभ्याउन मन'छ

फुलेपछि ओइलाएर झर्नुपर्छ हामीले पनि
काडाँ पुष्पलतासँगै जीवन कटाउँन मन'छ

कम्ता हैरान हुँदैन तर पनि मज्जा लाग्छ
यसै कारणले बहर बाच्छा दाउन मन'छ

परदेशी कहिले आउँछौं मंसिर खेर जाला
रातै चुरा सिन्दुर नामको लगाउन मन'छ ।

दुई

गोठालो गएन, गोठालो गयो
पालो नआइकन पालो गयो

उँभो लागियो कुलो बनाएर
पानी ओरालै ओरालो गयो

एउटा कुम्भकर्ण ओछ्यानमा
खेतीमा कुटो-कोदालो गयो

बाघ देखेर डराएका बच्चाका
बिरालो देखेर सातो गयो

लाग्छ मलाई त्यो सर्पजस्तै
बाङ्गोटिङ्गो गढीमा बाटो गयो ।

जुनु क्षेत्री
कलैया, बारा

एक

जिन्दगीमा मैले कहिल्यै नसोचेको बात भयो
आफ्नैबाट अनायासै आज अन्तर्घात भयो

माया गरी मायालुले बारम्बार दिएका ती
चोट, व्यथा र वेदना छातीभरि खात भयो

चोखो श्रध्दा, सम्मान र सद्भावको बदलामा
आफूमाथि सधैँ ईख साँध्ने धारे हात भयो

भन्न पनि लाज लाग्ने भो अचेल आफैँलाई
औधी स्वार्थी र निष्ठुरी मानिसको जात भयो

नौलो नौलो सृजनाको रसरागको नसा हो यो
जुनुलाई जुनी भरिकै निमित्त पो मात भयो ।

दुई

जनताका कथाव्यथा सुनिँदैन किन होला
भ्रष्टताका खुल्ला ढोका थुनिँदैन किन होला

बेईमानी जाली पुरुछन् शासनमा सधैँभरि
इमान्दार सच्चा नेता चुनिँदैन किन होला

मान्छे औधी निठुरी र बैगुनी छन् आजभोलि
श्रध्दा, हित, हार्दिकता गुनिदैन किन होला

ईर्ष्या, धोका, फाटो मात्रै छ अचेल सबैतिर
प्रेम, निष्ठा र सद्भाव बुनिँदैन किन होला

बटुलेर खुसीहरू जति तुन्न खोजे पनि
धुजा धुजा मन मेरो तुनिँदैन किन होला ।

तोयाराज घिमिरे
जनकपुर, धनुषा

एक
गरी ध्यान सारा
जपँ प्रेम – माला

उनैको दिलैमा
नि जाला नजाला

नजिकै उनी छिन्
ठिकै देख्छु चाला

लगौं ट्याक्क आजै
लगाएर माला

म राजा उ रानी
कुरा अन्त जाला

दुई

लगाएर मोती कहाँ जान खोज्यौ
हटायौ मलाई नयाँ प्रेम रोज्यौ

म वेली चमेली र मोती नि चुन्छु
बगैंचा छ टम्मै न भेट्दा म रुन्छु

बगे आँसुको भेल निस्कन्छ मोती
मिले घामपानी सधैं झर्छ मोती

जता हेर्छु मोती छरेको म देख्छु
जहाँ टिप्न खोजँ नभेट्दा म रुन्छु

छ मुस्कान मोती तिमी हाँस हर्दम्
जुनेली निशाको उजेली झैँ चम्चम्

परी स्वर्गबाटै सुसेल्छे म सुन्छु
विलाएर जान्छे नभेट्दा म रुन्छु

सजाएर औंठी नि मोती गडेको
सुनैको छ सिक्री नि मोती जडेको

महङ्गो छ मोती म सस्तो नि खोज्छु
कमै मुल्यमा धेर खोज्दा म रुन्छु

यहाँ देशले दिन्छ मोती हजारौं
गरौं साधना नित्य मोती उचालौँ

हिमाली पहाडी तराई म डुल्छु
कतै मेल बेमेल भेटे म रुन्छु

दिनेश गुप्ता
बीरगञ्ज, पर्सा

एक
केही नगर्नुभन्दा केही गर्नु बेस
नदी तर्न नसके खोला तर्नु बेस

पीडा दिनेहरूको कमी छैन यहाँ
सक्छौ भने कसैको दुख हर्नु बेस

आफ्ना लागि त गर्छन सबै यहाँ
पर पीडा नहर्नेले डुबी मर्नु बेस

ठुलै हावाहुरी यदि आउने छ कतै
त्यहाँबाट धरै नै पर बस्नु बेस

दुष्टको टाउकोमाथि बस्नुभन्दा
असल मानिसको खुट्टा पर्नु बेस

दुई
तिम्रो तस्बीर मुटुमा सजाएको छु
म आफैलाई तिमीमा हराएको छु

धेरै कतै टाडा सपना को देशमा
तिम्रो निम्ति घर एउटा बनाएको छु

तिमीलाई हेर्दा लाग्छ मलाई यस्तो
जीवन भरिका सारा खुशी पाएको छु

कुनै मतलब छैन कसौसित मेरो
तम्मै लागि यो संसारमा आएको छु

जहिलेदेखि तिमीसित भेंट भयो मेरो
पृथ्वीदेखि आकाशसम्म छाएको छु

दीक्षा सुवेदी
बीरगञ्ज, पर्सा

एक

मौसमझैँ हर क्षण बदलिने गर्छन् मान्छे
सत्य आडमा झुटको बीज छर्छन् मान्छे ।

पद प्रतिष्ठा सम्पत्तिको गुण गाइन्छ सदैव
अरूको भाग खोसी पोल्टा भर्छन् मान्छे ।

कानुन अन्धो न्याय बहिरो छ हेर चारैतिर
आफैँमा काटमार दिन-रात मर्छन् मान्छे ।

देखावटीको आदर्शमा रम्यो हाम्रो समाज
पुर्खा सामु नजरबाट आफैँ झर्छन् मान्छे ।

परिवर्तन चाहन्छन् सबै हुन नचाहने कोही
जानी नजानी खाल्टोमा आफैँ पर्छन् मान्छे ।

दुई

देशको चिन्ता छैन सबैले बाटो बिराए
विकाशको फुटाउँछु भन्ने कता हराए

स्वाभिमानी भेटिएनन् जति खोज्दा पनि
देश दाजुभाइले जब परदेश मन पराए

काम भन्दा बोल्न सजिलो भयो अचेल
आश्वासन र झुटले सबैको पेट भराए

उन्नति प्रगति सीमितको हातमा मात्र
मानवताको सबैले आफ्नो पोल्टा सराए

देश एक्लो छ यति धेरै सन्तानमा पनि
स्वार्थको खेलमा सबै जोडजोडले कराए ।

देवकरण माझी
राजविराज, सप्तरी

फूटीरहेको नेताको पाटीको मलाई, कथाचाहिँदैन
सता समिकरणको हल्लाचल्दा, बैंसको व्यथाचाहिँदैन

लाग्छ अब ढल्यो सरकार, कठपुतली नै बन्या,रैछ
छिमेकी राष्ट्रहरुसंग झुक्ने, वीरताको गथाचाहिँदैन

गोरखालीको वीरतालाईवदनाम गराइ सके आज
के अर्थ रहयो हजुर यो शरीरको, सगरमाथा चाहिँदैन ।

आफ्नै पाटी बाट लडछु प्राणै दिन्छु,देशकै निम्ति त हो
सपुतभनी सम्मानखातिर, मलाई खादाचाहिँदैन ।

सम्बीधानलाई कुल्चिएर, देश र पाटी नै भाँड्ने गरी
आफूलाई राष्ट्रवाद ठान्ने, देशलाई हुने बाधा चाहिँदैन

धीरकुमार श्रेष्ठ
सप्तरी

एक

एउटै सहरमा सम्बन्ध हाम्रो टाढा भयो
बुझ्न सकिएन मित्रता, कसरी गाढा भयो ?

जनम जनम साथ रहने वाचाकसम हाम्रो
फूलैफूलको बागबीच, कसरी काँडा भयो ?

मायाको अमृत भनी प्यालामा के पिलायौ ?
मन्द विष मिसायौ जुन, कसरी काँढा भयो ?

धड्कनमा मुटुभित्र दियो सल्किरहँदा नि
कसरी काम सकी अफालिएको भाँडा भयो ?

जीवन एउटै मरण एउटै सबैको तर पनि
उज्यालो वर्तमान आज, कसरी डाँडा भयो ?

दुई

देशबासीको अचेल बेहाल छ
भन्यो भने झन् अवगाल छ ।

हाँस्ने हाँसेकै छन्, नाच्ने नाचेकै
नेताका बिचमा ठुलो खाल छ ।

रुने रोएकै छन्, हराएका हराएकै
सब ठिक छ भन्नुमा पनि जाल छ ।

काम नगरी गफ गर्नेहरूको
न हाँस न कुखुराको चाल छ ।

घाँटीमा लागेको रोगको उपचार
खुट्टामा गर्ने यिनको ताल बेताल छ ।

धीरेन्द्र प्रेमर्षि
जनकपुर, धनुषा

एक
सरगम सजाई गाएको त्यो गान क्या मीठो
'चूना लगाई' बेच्छन्, मीठा पान क्या मीठो

महिमा कति सुनाऊँ, उनको उदारपनको
खेती डुबाई बाँड्छन्, राहत धान क्या मीठो

सपनाका यी शिकारी, यिनको गजब तयारी
धरती धुल्याई गर्ने, राष्ट्रोत्थान क्या मीठो

गाउँदैथ्यो एक पागल, पागल हुन् शहीद भन्दै
बन्छन् भग्राङ तिनकै, फाली ज्यान क्या मीठो

दिलमा कति-कति छन्, उनले दिएका घाऊ
मनले तथापि भन्छ, त्यो मुस्कान क्या मीठो

आशा अझै छ जिउँदो, जागेकै छन् नियन्ता
रातै स्याहार्दा आउँछ, नयाँ विहान क्या मीठो ।

दुई

सुशासने याम फेरि आयो बरी लै
धनुर्धारी राम फेरि आयो बरी लै

उज्यालोकै लागि हो रे लाएको डढेलो
जे-होस् चर्को घाम फेरि आयो बरी लै

सन्त्रास र शोकै सधैँ ल्याउने हुलाकीले
हातमा लिई खाम फेरि आयो बरी लै

भोकले भूँडी दुखेकोलाई चट्टै निको पार्न
लिई झण्डूबाम फेरि आयो बरी लै

महाभारत लेख्न पनि विगतमै जस्तो
रामायण नाम फेरि आयो बरी लै

खालि बोतलसँगसँगै थोत्रा कागजको
अचाक्लिको दाम फेरि आयो बरी लै

बेरोजगारी बढ्यो भन्ने सुर्ता अब गयो
भजन गाउने काम फेरि आयो बरी लै

आफूलाई जन्ती ठानी नाच्दै रमाउने
मलामीको लाम फेरि आयो बरी लै

द्यौतै नाचे मन्दिरका, बल्ल नेपालीको
आयो, परमधाम फेरि आयो बरी लै ।

ध्रुबराज गिरी 'रोदन'
बर्दिवास, महोत्तरी

एक

भुलेर कर्तव्य ज्युँदो लास बन्दै छ मान्छे
चुमेर अहम्को शिखर खास बन्दै छ मान्छे

विमुख होस् कर्तव्य, भुलून् दायित्व गोरेटा
कतै ऊ नजरमा उपहास बन्दै छ मान्छे

लुछेर छिया-छिया चर्काऊन् चट्टान छाती
होऊन् गोही वरपर गाँस बन्दै छ मान्छे

टल्किन नै खोज्दै छन् जडेर सीताराहरू
आर्तनाद अटाउने आकाश बन्दै छ मान्छे

बुज्रुकता सायद त्यही हो सुम्पेर समर्पण
बेचेर स्वाभिमान दास बन्दै छ मान्छे ।

दुई

शब्द मात्रै फरक नि भाकाहरू उही हुन्
तरिका अलग लुट्ने डाकाहरू उही हुन्

केन्द्र त्यही गर्दै छ सपना फलाउँदै बाँड्न
लोकतान्त्रिक भनिएका शाखाहरू उही हुन्

दिवार उही, भेद उही झूठा हुन् समानता
वर्ग र जात बिचका नाकाहरू उही हुन्

के मर्म, के घाउ झल्केलान् त्यहाँ भित्र
बदलियो चस्मा तर आँखाहरू उही हुन्

कृत्रिमता पोतेर रौनक जति फैलाउन्
बदलिएन विकटता भीर पाखा उही हुन् ।

डा. ध्रुवचन्द्र गौतम
बीरगञ्ज, पर्सा

एक

खुकुरीको चोट तिमी अचानालाई सोध
भोक के हो भन्ने कुरा खानालाई सोध

रमाइलो हुन्छ हुन्न बर्सातको याम
धेरै-धेरै चुहिएका छानालाई सोध

किन यसरी बेसुरो भो जिन्दगीको सुर
पीडा पोख्ने गाइनेको गानालाई सोध

धेरै धेरै युग हाँक्ने मानिसको कथा
जान्ने भए इतिहासको पानालाई सोध

किन रुन्छ 'तूफान' उसलाई सम्झी-सम्झी
कसले कसलाई के के दियो जमानालाई सोध ।

दुई

कैयौं पल्ट जिन्दगीलाई झोकिएर हेरें
हिँड्दा हिँड्दै अनायासै रोकिएर हेरें

बढ्छ कि कसैको आँचल आँखातिर भनी
धेरै पल्ट आँखाबाट पोखिएर हेरें

आफ्नै खुट्टा पाखुरामा भर पर्दै जाँदा
धेरै पल्ट भाग्यसँग ठोकिएर हेरें

विश्वास अझै ज्यूँदै रै'छ मुटु छामी हेर्दा
आस्थाको तराजूमा जोखिएर हेरें

नन्दलाल आचार्य
गोलबजार, सिरहा

एक

सेतो कपडामा दाग लागे मेट्न गारो हुन्छ
मूर्ख मित्रभन्दा विद्वान् शत्रु भेट्न सारो हुन्छ

पछुतो नहुने काम गरी मन जित्ने काम गरे
प्रत्येक पल उसका लागि दूधको धारो हुन्छ

आपत्मा कर्तव्य छाडी अधैर्य अंगाल्दा भने
रक्तकुण्डमा गाडी जाक्ने राक्षसी दारो हुन्छ

प्रेम सबलाई विश्वास केहीलाई गरी हिंडेमा
धन नभए के भो विद्या नै ठूलो चारो हुन्छ ।

दुई

यस माटोका हाँडिफोर मार्न जाग सबैजना
अँध्यारोमा जन्मने विष नास्न जाग सबैजना

मन मन भाँडिएर बलेको यस रिसरागलाई
समानता एकताले गाँठो पार्न जाग सबैजना

रगतमा फुल्ने फल्ने बिरुवाहरू सबै मासी
नओइलाउने मखमली सार्न जाग सबैजना

एक अर्कालाई लडाएर मज्जा लुट्नेहरूको
कालो मनको कर्तुत बुझ्न जाग सबैजना

यस भेगका हरेउहरू हरियैमा सर्वस्व लुट्छन्
अब त आफ्नो भाग्य फर्काउन जाग सबैजना ।

नारायण निराशी
हरिवन, सर्लाही

एक

सबैका भागमा एकै परे बेग्लै मजा हुन्थ्यो
बिहानी बेलुकी गर्जो टरे बेग्लै मजा हुन्थ्यो

सजाई देश आँखामा तराईका पुगून् लेक
रमाई लेकका बेंसी झरे बेग्लै मजा हुन्थ्यो

कतै ओछ्यान पैसाको कतै भोकानाङ्गा छन्
सबैको दु:खमा दुख्ने गरे बेग्लै मजा हुन्थ्यो

दिनेभन्दा लिने धेरै भएछन् संसारमा आज
बनी दानी घटे मानो भरे बेग्लै मजा हुन्थ्यो

लगाई ज्यानको बाजी बचाई देशको माटो
कमाई नाम धर्तीमा मरे बेग्लै मजा हुन्थ्यो ।

दुई

अन्जानमा नै पराई ठान्नेहरू सयौँ छन्
हिँड्दा पछाडि खुट्टा तान्नेहरू सयौँ छन्

खुस्क्यो भने लँगौटो छोपिन्न लाज आफ्नो
खुस्काउने कुरामा जान्नेहरू सयौँ छन्

पर्दा अगाडि मीठो बोलेर शत्रु साँध्न
पर्दापछाडि भाला हान्नेहरू सयौँ छन्

मौका परे अरूको फाँडेर कर्कलो त्यो
सक्तीर्ण जिन्दगानी धान्नेहरू सयौँ छन्

पूर्वीय सभ्यताको खिल्ली सधैँ उडाई
संस्कार, धर्म अर्कै मान्नेहरू सयौँ छन्

वेला भयो कुवेला बेहोसमा नहिँड्नू
अस्तित्व लुट्न चेली छान्नेहरू सयौँ छन् ।

निर्मोही व्यास
कलैया, बारा

एक

गोटी षड्यन्त्रका चाहे जति चालिसियोस् प्रभु !
खसी घोर्ले, सिसी झिल्के जति ढालिसियोस् प्रभु !

सेतो पार्न त गाह्रै छ 'कालो धन' मरे पनि
'पुरस्कार' भनी चारो जति फालिसियोस् प्रभु !

घाम-जून हजूरैका हुने पेवा गए दिन
नौ लाख पिल्पिले तारा जति बालिसियोस् प्रभु !

चल्दैन अब क्यै दैया सत्यलाई दबाउन
अल्सेसियन मापाका जति पालिसियोस् प्रभु !

विद्रोही 'व्यास' लाई यो किन खोज्नु फकाउन ?
आफ्नो विवेकको भ्वाङ बरु टालिसियोस् प्रभु !

दुई

पासो थापी, मुस्कानको चारो छर्न सकिएन
मर्दै ज्यूनु परे पनि ज्यूँदै मर्न सकिएन

लुँड्याउन खोज्नेलाई चरन छन् जतातै
शर्म-धर्म भर्सेलामा पारी चर्न सकिएन

इमान र स्वाभिमान प्राणभन्दा प्यारो लाग्यो
बरु गर्दन गए जाओस् तल झर्न सकिएन

पदोन्नति-पुरस्कार सजिलै पो मिल्दो रैछ
पत्तो पाए पनि हजूर पाउ पर्न सकिएन

विवेकका अन्धासित चोचोमोचो मिलाएर
गधालाई 'गाई' भन्ने भूल गर्न सकिएन ।

परशुराम घिमिरे निदान
लालबन्दी, सर्लाही

एक

म आएँ दियालो उठी बाल सानी
पिलाए मलाई ल बसाएर तानी

म सोभ्को सबैको छु तारो बनेको
पकाएर तातो खुवाऊ न नानी

नराखेर मैलो बसाऊ न भित्रै
उघारेर ढोका सराबी न ठानी

छुने छैन प्याला नशाले भरेको
म सुर्धैं अहिल्यै छुटाएर बानी

म तिम्रै छु भुन्टी समाले खुसी
अँगालो लगाऊ न शंका नमानी ।

दुई

तपस्वीका पूरा ध्यानै लुटेकी हौ जवानीमा
शिशाजस्तै चरक्कै पो फुटेकी हौ जवानीमा

थियौ बोल्ने बहानामा सबै लट्ठै बनाएकै
चमेली झैं छरी बास्ना जुटेकी हौ जवानीमा

दियौ पैले परेलीले लजाएरै निमन्त्रणा
हिँडेकीथ्यौ तरी आँखा घुरेकी हौ जवानीमा

पखेरीमा सुसेली त्यो बजाएको सुनेकै हो
तिमीले खै क-कस्लाई कुरेकी हौ जवानीमा

झमेला चैं भयो पक्का कुमारीका कुरा चल्दा
मिलायौ फूलझैं हाँसी थुरेकी हौ जवानीमा ।

प्रकाश तिमल्सिना
चन्द्रपुर, रौतहट

एक

माया गर्थैं धेरै सम्झँ त्यसैले घात लाग्यो
त्यस्तो के भनिएछ तर आज बात लाग्यो

टाढा हुन्छिन् बोल्दिनन् नचिनेझैं गर्छिन्
मनमा राखेँ सम्झँ तर आँसु हात लाग्यो

मेरो केश मुसारेर भन्थिन् मनको राजा
भेटघाट हुनै छाड्यो कसैको साथ लाग्यो

तारा जब आकाश ढाक्थे जाने कुरा गर्थिन्
म ओइलिई सुक्दा यहाँ उनमा पात लाग्यो

सुन्छु कसैको उनी रानी बन्नेवाला छिन्
म जलेँ खाकसरी सम्पत्तिको मात लाग्यो ।

दुई

आफ्नो सधैं बनाउन तिमीलाई सोचेको मैले
त्यसैले त दोबाटोमै तिमीलाई सोधेको मैले

सधैंसधैं स्मृतिले मुहार त्यो भुल्न नसके पछि
मनको क्यानभाषमा तिम्रो मुहार पोतेको मैले

तिमीमा सधैंभरि उमंग छाइरहने कामनामा
फूलबारीमा फुलाउन बगैंचा जोतेको मैले

सपनीमा रातभरि एक्लै छोडेर गएपछि
विपनीमा पाउन तिमीलाई खोजेको मैले

भन कस्तो लाग्यो प्रकाशका मनको इच्छा
जीवनसाथी बनाउन तिमीलाई रोजेको मैले ।

प्रमिला पोखेल
बरहथवा, सर्लाही

एक

लाखौँको भिडमा मन पराएँ तिमीलाई
खुसी छु रोजेकै मान्छे पाएँ तिमीलाई

कठीन छ लय तिम्रो बुझ्न झनै गाह्रो
मीराझैँ दिवाना भई गाएँ तिमीलाई

पाउनु गुमाउनु हो कहाँ खोज्न जाऊँ
विलीन भयौ ममा नै हराएँ तिमीलाई

ईश्वर पनि मानव नै हुन् भन्छन् सबै
मन मन्दिरमा सदा सजाएँ तिमीलाई

टाढा नजिक भ्रम रहेछ बल्ल थाहा भो
यति दूर राख्यौ भन्दै कराएँ तिमीलाई

दुई

तिमी कता जाँदै छौ नेपाली संस्कृति बिर्सेर
विजेता वीर पुर्खाको महान आकृति बिर्सेर

कति लड्यौ कति खेल्यौ यै माटोमा तिमी
माटोले हुर्काए बढाएको सत्कीर्ति बिर्सेर

रहनसहन भेषभूषा बिर्सेर बोल्ने शैली
मिजासिला नेपालीको यो प्रकृति बिर्सेर

बूढा बा आमा खै कता छोडेका छौ ?
माया माऱ्यौ दुबैको स्वीकृति बिर्सेर

देश बनाउने जिम्मेवारी ल काँधमा छ
जननी नबिर्स विदेशको विकृति बिर्सेर ।

प्रितिन्जला थापा
वर्दिवास, महोत्तरी

एक
कापी कलम समाएर लेख्दै छु गजल
विगतका पल गुमाएर लेख्दै छु गजल

ठुल्ठुलै सपना देखेका थियौँ नि हामीले
सम्झी सपना रमाएर लेख्दै छु गजल

कुनै बेला थियो होला कमसल मान्छे
मिल्ने हैसियत कमाएर लेख्दैछु गजल

चुनौतीको सामना गर्दै अघि बढ्दै गएँ
र नयाँ सृष्टि जमाएर लेख्दै छु गजल ।

दुई
खाने भए ख्वाउने भए गर्ने भएनन्
चढ्ने भए झर्ने भए भर्ने भएनन्

सबै मान्छे टिप्नै खोज्छन् यहाँबाट
झार्ने भए टिप्ने भए छर्ने भएनन्

आयोग पनि रद्द भयो बुझ्नु भो
आफ्ना मान्छे प्रक्रियामा पर्ने भएनन्

अजम्बरीकै बुटी खाएझैं गर्छ मान्छे
बोल्ने त भए देश हित गर्ने भएनन् ।

बेनु अधिकारी
बरहथवा, सर्लाही

एक

झुल्के घाम बिहानीको तापौँ तापौँ लाग्छ
तिम्रो माया कति होला नापौँ नापौँ लाग्छ

जाडो याममा राती एउटै बिछ्यौनामा पनि
एक पछि अर्को खास्टो खापौँ खापौँ लाग्छ

ख्याल ख्याल कता कता तिमी रिसाउँदा
अनायासै तिमीलाई च्यापौँ च्यापौँ लाग्छ

खुसीका ती आँसु त्यसै त्यसै झरी दिँदा
अघि सरी यी हातमा थापौँ थापौँ लाग्छ

हाम्रो माया प्रेमको यहाँ बहार आइदिँदा
रङ्गिन त्यो हाम्रो छवि छापौँ छापौँ लाग्छ ।

दुई

किन किन हिजो आज गजल कोर्ने रहर हुन्छ
शब्द गुच्छा मिलन पछि अनि मात्र बहर हुन्छ

काफियाको मिलन भए पाँचवटै ती शेरहरू
पढ्नेलाई लय हाली गजल भन्ने ठहर हुन्छ

रदिफको मुद्दा पर्ला हजुरले उता शब्द छान्दा
जितेपछि बल्ल फेरि त्यो गजलकै शहर हुन्छ

मात्राहरू शेरहरूका फेरि ती सबै शब्द सङ्ख्या
मिलेका ती पङ्तिहरू गजलको धरोहर हुन्छ

मक्ता फेरि बिदा लिई हजुरबाट ओझेल हुँदा
गजल लेख्ने उत्कण्ठाको यहाँ कस्तो लहर हुन्छ ।

एक

प्रिय, अनायासै तिमीले नसोध्नू
जान्छु वनवासै तिमीले नसोध्नू ।

रमेकीछ्यौ त्यहाँ आनन्द जहाँ छ
आँसु मेरो गाँसै ! तिमीले नसोध्नू ।

नियति नै यस्तो भाग्य रै'छ खोटो
भयो भने नासै ! तिमीले नसोध्नू ।

हे सुवासिनी, रूपकि मन मोहिनी
गनाउला सासै ! तिमीले नसोध्नू ।

दु:खमा नै बित्यो जीवन कहानी
कहाँ गयो लासै तिमीले नसोध्नू ।

दुई

प्रतीक्षामै दिन ढल्यो अनि आस मऱ्यो सानु
सन्ध्याको दीप जल्यो अनि आस मऱ्यो सानु ।

शीत सरी अश्रुधारा जब पुग्यो मेरो वक्षमाझ
सुकाउन हावा चल्यो अनि आस मऱ्यो सानु ।

सम्झनाका हर बातहरू मनभित्र बल्झिएर
राख बन्दै शिखा बल्यो अनि आस मऱ्यो सानु ।

दर्दले रात बित्यो र सम्झनाले सताइरह्यो
बिहानीमा आँत गल्यो अनि आस मऱ्यो सानु ।

प्रातमा पदचाप त 'निर्मल' कै समीप देख्दा
भाग्यले मलाई छल्यो अनि आस मऱ्यो सानु ।

बोधराज पौडेल
वर्दिवास, महोत्तरी

भवानी घिमिरे
बागमती, सर्लाही

एक

ए, नेताहरु हो भाषण छाँटेर मात्र हुँदैन
आफु ठूलो हुन कुरा काटेर मात्र हुँदैन

राष्ट्रियतामा समर्पणको भाव झल्कनु पर्छ
साझा ती सोझा जनतालाई ढाँटेर मात्र हुँदैन

अनैतिकताको खेलमा कति दिन अलमल्याउँछौ
समृद्धिको लागि डटेर लाग आँटेर मात्र हुँदैन

के तिमीले बिर्सियौ जोइकोलोवा रोपेको दिन
स्वार्थको निम्ति छिनभर आत्मिएता साटेर मात्र हुँदैन

यदि तिमी सच्चा नेता हो भने सीमाका लागि बोल
जालझेलको डोरी व्यर्थमा बाटेर मात्र हुँदैन ।

दुई

सास फेर्न साह्रै गारो चारैतिर जहर भएपछि
दुई दिने जिन्दगीमा गरिबीको कहर भएपछि

प्रकृतिको निशाना तिनै माथि परेका दिन
मुटु थिचिन्छ बस्ने वास बगर भएपछि

धर्म, संस्कार, कानून तिनले नै थेग्नु पर्ने
अर्कै चोट दाइँजो दिने बाध्यात्मक रहर भएपछि

अझ पिडा नारी अस्मिता दिन दिनै लुटिँइदा
अकालमा नै मृत्यु वरण गर्ने सहर भएपछि

खै कहाँ भो नयाँ नेपाल अनि के को संविधान
साना सधैँ पिल्सिरहनु पर्ने ठहर भएपछि ।

भक्ति रिजाल
हरिवन,सर्लाही

एक
तिम्रो यौवनको कुरा गर्नेहरू धेरै छन्
तिमीलाई पाउन मर्नेहरू धेरै छन्

आकाशका तारा झार्छु भन्दिन म
तारा झार्दा आफैं झर्नेहरू धेरै छन्

तिम्रो तारिफ अचम्मै लाग्छ वा
तारिफ गर्दा जेल पर्नेहरू धेरै छन्

भर्खरै फक्रिएको गुराँसे पाखा जस्तै
पाए तिमीतिर बसैं सर्नेहरू धेरै छन्

मानौं तिमी खोली हौ कल्कलाइ बग्ने
खोलीमा पाइला राखी तर्नेहरू धेरै छन् ।

दुई
म यो तक्दिरैमा ठीक छु
एक्लै म शिशिरैमा ठीक छु

दुख्यो ? भन्छ्न सोध्नेहरु
साथ चाहिँदैन पिरैमा ठीक छु

लैजाउ खुसीका पलहरू
उनिनुनैछ, म झिरैमा ठीक छु

निस्प्राण पहिले नै ठानेथ्यौ
बेप्रमाण म तिरैमा ठप्क छु

तिमी ठूलो महलमा हौली
म खोली गडतिरैमा ठीक छु ।

भीम विराग
बीरगञ्ज,पर्सा

एक

देशै दुखिरहेको बेला म हाँस्न सक्दिनँ
आँसु बोकी तिमीसँग माया गाँस्न सक्दिनँ

प्रीतिका बात छोड मनै रित्तिएछ मेरो
अँगालोभित्र ओठ जोडी म बाँच्न सक्दिनँ

मान्छेको सिकारी यहाँ मान्छे नै भएको छ
दाजुभाई नासिएको देखेर नाच्न सक्दिनँ

शान्तिको प्रतीक थियो विश्वमै देश हाम्रो
कुन अबुद्धको आँखा लाग्यो भाँच्न सक्दिनँ

कसैको मुहार उज्यालो देखिँदैन आजभोलि
फोका कति मुटुमा छन् म जाँच्न सक्दिनँ

सबै मिली फूल रोपौँ हसाऔँ है देशलाई
आमाका आँसुसँगै कसैलाई साट्न सक्दिनँ ।

दुई

विषलाई पिएर कसरी बाँचिरहेछ मान्छे
मृत्युलाई अँगालेर पनि हाँसिरहेछ मान्छे

च्यातिन्छ तन्कियो कि कमजोर सारै हुन्छ मन
आफैले आफ्नो मुटु कसरी टाँकिरहेछ मान्छे

छोपिँदैन जब केहीले जीवनका कुनै अङ्ग जब
कात्रो नै बेरेर सिरमा किन मात्तिरहेछ मान्छे

ठुलो चोट खाई चुपचाप सहनेहरू धेरै छन्
सियोको घोचाइमा कसरी नाचिरहेछ मान्छे

हाँसेर साँझलाई र रोएर रात काटिरहेछन्
मुटुभित्र व्यथाको सागर साँचरिहेछ मान्छे ।

भोला चौलागाई
निजगढ, बारा

उज्यालो भएपछि पनि फेरि रात हुन्छ
अँध्यारो धेरै टिक्दैन, चाँडै प्रभात हुन्छ

सारा चोट थाके भनी ढुक्क बस्नुहुँदैन
पक्कै कतै न कतैबाट फेरि घात हुन्छ

जाली जाल गरेरै माथि गएपछि यहाँ
सुधोको थाप्लोमा त सदा बज्रपात हुन्छ

हाँसो, सुख र हर्ष लुटेराले लुटेपछि
पीडितको मनमा फगत बिस्मात हुन्छ

बैगुनी खोज्दै गयो भने दुनियाँमा अब
सबैभन्दा बैगुनी त मान्छेकै जात हुन्छ ।

मदन आले
राजविराज, सप्तरी

एक
आशाको पर्खाल ढाल्न नआउनु
चिनो मायाको फाल्न नआउनु

आउनु बरू सधैँलाई आउनु
आइकन फर्की हाल्न नआउनु

अब त अँध्यारो बानी नै भयो
भो आशाको दीपबाल्न नआउनु

मनै त हो धोका पाउँदा रून्छ
खसेको आासु सँगाल्न नआउनु

रून् त छँदैछ एकान्तमा सधैँ
भेटहुँदा रून थाल्न नआउनु

श्रद्धाका दुईशब्द भए त पुग्छ
गोहीको आँसु खसाल्न नआउनु ।

दुई
सुन चाँदी हैन दिन्छौँ भने प्यार देऊ
निराकार यो मनलाई आकार देऊ

निस्सार के बाँच्नु अनमोल जीवन
भए जीउनुको केही त सार देऊ

जति उठ्न खोजे नि धरातलबाट
अनि चाहिने उही आधार देऊ

जताफर्के नि अन्धकार देखिन्छ
थोरै भएपनि उज्यालो संसार देऊ

एक जीवन सयौँ जीवन हो भने
त्यो जीवनको आहुति बारबार देऊ ।

मनु ब्राजाकी
औरही, महोत्तरी

एक

जति पटक जागे पनि अँध्यारैमा जाग्दोरहेछु
साहुनी त सुतिसकिन् रक्सी मात्र माग्दोरहेछु

साथीहरू घर – घरै न्यानो गरी सुते होलान्
आफू भने 'मनु'जीको पछि–पछि लाग्दोरहेछु

खेदो गर्न थालेपछि धमिला यी सम्बन्धले
जतातिर शिकारी छ उतैतिर भाग्दोरहेछु

साहुनीको मायालाई भन्दा पनि रक्सीलाई
विष हो कि होइन भनी बारम्बार चाख्दोरहेछु

जाँड खाने देवता छन् हाम्रा धेरै भन्ने ठानी
पूजा गर्न आफ्नो फोटो तखतामा राख्दोरहेछु

दुई

ढाँटी छली आफूलाई कति बाँच्न सकिएला ?
हृदयमा पीर बोकी कति हाँस्न सकिएला ?

छलछन्द, परिबन्द, व्यवहारिक भूलहरू
यिनीहरूसँगै माया कति गाँस्न सकिएला ?

हृदय त एउटै हो, एउटै हो माया पनि
कागतको नोटजस्तै कति मास्न सकिएला ?

धूजाधूजा पारेको त्यो मायालुको तस्विरलाई
हृदयको भित्तामा के फेरि टाँस्न सकिएला ?

ममताज रायभाट
गुजरा, रौतहट

एक

नगर न साइली तिमी गहनाका कुरा
देश बनाउने हो यो चाहनाका कुरा ।

सप्तरंगी साडीझैं हुन सक्छन् धेरै
फलिभूत हुँदैन सबै कामनाका कुरा ।

हकीकतमा हो बाँच्ने सबैले बाँच्नुपर्छ
देख्न छोड्नु पो हुँदैन सपनाका कुरा ।

डराएर नभाग साइली हो जीवनदेखि
पीडासँग गर्नु छ जो सामनाका कुरा ।

देश पनि मान्छेबाटै बन्छ नि नानी
मिलेर मिलाउने सबै भावनाका कुरा ।



माधव काफ्ले
चपुर, रौतहट

एक
सतहमा धुम, केतु गाढा हुँदैगाछन्
लाग्छ जून, ताराहरू टाढा हुँदैगाछन्

बाली लगाई फल टिप्न मुख मिठ्याएथ्यौं
साँडेहरू चारैतिर छाडा हुँदैगाछन्

आगो ताप्न जलाइँदैछ आफ्नै घर, गोठ
अत्यासले कपाल सबै ठाडा हुँदैगाछन्

आसा जगाउँदै देको तिम्रो उपादान
विश्वासको फूलहरू काँडा हुँदैगाछन् ।

दुई
आदर्शको लेप गरी धाउ ऐले
कोपर्दैछन् स्वाभिमानको घाउ ऐले

खाल बीच घिसारेर देशलाई
हानीदैछ छाती ठोकी दाउ ऐले

मूल्यभित्र सजाएर हरेक चिज
गरिराछन् लुट, कमाउ, खाउ ऐले

थलापऱ्या अतिसारको रोगीलाई
ख्वाइँदैछ पथ्य चाउचाउ ऐले

इज्जतको द्यौतालाई पन्छाएर
पुजिँदैछ शकुनीको पाउ ऐले ।

मीना देवकोटा
लालबन्दी, सर्लाही

एक

कहिले हल्क्यो छछल्क्यो जवानी सफरमै
कहिले यसै किन ढल्क्यो जवानी सफरमै

अनमोल लाग्थ्यो जीवन कहिले मलाई प्रिय
धरखराई अचम्मैले पल्ट्यो जवानी सफरमै

छेकेथँ सूर्य हातले निधार माथी पाली लगाई
क्रमैले छातिभित्र नि झल्क्यो जवानी सफरमै

न दोष बदनको न दोष यो फिरन्ते मनको
थाहै भएन नि कसरी सल्क्यो जवानी सफरमै

नाम हजार भए यसको काम एउटै छ आखिर
निल्यो चपायो अनि पल्क्यो जवानी सफरमै

दुई

यो त गुराँस सँगै प्रेम फक्रने फागुनको मास हो
जिन्दगी नै छ रित्तो नसम्झनु साथी उजास हो

मेरो अनि हजुरका अनगिन्ती सुन्दर सपनाहरू
साकार पार्ने थलो अवसर दिने मिठो सुबास हो

आकाशको तारा चन्द्र सूर्य सागर पवन थाक्दैन ती
सुख खुशी दिने नित्य खटन गराउने अभ्यास हो

यहाँ जिन्दगी बदलिन्छ रङ्गीन कहिले फिँका हुँदै
जो भोग्नु पूर्व गर्दैन बिचार त्यो नै सुरदास हो

कल्पनामै भए पनि पराइ विरानो को छ र यहाँ
देश एउटा पूजाको थाली हो भक्ति आकाश हो

रमेश अजिब रश्मि
वर्दिबास, महोत्तरी

एक
नआउने मान्छे के सुरमा आयौ
खुसीले हो कि मजबुरमा आयौ

नबोल्ने कहिल्यै खाएर कसम
बोलाउँदै श्रुति मधुरमा आयौ

थाहा छैन कसले के–के सुनायो
लाग्दछ कसैको उजुरमा आयौ

न जा न त बस् नै भन्न सक्छु
सजिएर अर्कैको सिन्दुरमा आयौ

मलाई त स्वप्नझैं तिम्रो जीवन
किन त्यागी स्वर्ण पतुरमा आयौ ।

दुई
साँझ–बिहान जिन्दगानी भोकमा तड्पिन्छ
झुप्राको को हुन्छ र सब थोकमा तड्पिन्छ

अभावको डस्नामाथि दुःखको सिरानीमा
तुषारोको सिरक ओढी शोकमा तड्पिन्छ

धेरै चोटी लडिसक्यो उसले मुक्ति युद्ध
जिती–जिती हार्नु परेको झोकमा तड्पिन्छ

धनको नाता कैल्यै पनि मनको मीत हुन्न
मतलवी ती आफन्तका चोकमा तड्पिन्छ

छ भने राष्ट्रियता झुपडीमै बाँचेको छ
धेरै दुख्छ, ऊ देशको बिजोगमा तड्पिन्छ

रमेशमोहन अधिकारी
चन्द्रपुर, रौतहट

एक

नाघ्नसम्म नाघ्यो है खुराफातीको हद
अर्कालाई होच्याउने आफैँ हेर्नु पर्छ कद ।

जसलाई जे मन लाग्छ त्यही गरे भयो
सीमा नाघेरै बढ्न लाग्यो मानिसमा मद ।

आफू ठिक अरू बेठिक कस्तो हो चलन
आफू बसे मात्र ठिक हुने भयो कुनै पद ।

आफूमा अभिमान भए छोड्नुपर्छ रमेश
अनि मात्र हर्षले हुन पाइनेछ गद गद ।

दुई

किन बुन्छौ अझै षड्यन्त्रका तानाहरू
ननिका लाग्दै छन् नि तिम्रा बानाहरू ।

खान पायौ अथवा खान खोज्यौ केही
ठान्छौ उसकालाई आफ्नै नानाहरू ।

गाइराख तिमी खलहरूसँग नै गीत
पचाउनलाई उसका हरदम मानाहरू ।

आफू पुड्के भैकन किन हान्छौ झट्टी
बजाइराख तिम्रा ती दाँत सानाहरू ।

रबेन्द्र 'रवि'
डाक्नेश्वरी, सप्तरी

एक

खुसीले दिएको दाइजो पनि रीत भएछ
नामीले लेखेको मुक्तक पनि गीत भएछ ।

मुसो, बिरालो मिलेछन्, राजनीतिको खेलमा
त्यसैले त सर्पसँग भ्यागुतोको जीत भएछ ।

हत्या, हिंसालूट, पिट गर्थे जसले सधैँसधैँ
उही नै आज हाम्रो समाजको मीत भएछ ।

त्रेतायुगमा पुजिन्थे अरे आदर्श बनी राम
ओहो कलियुगमा उही राम पतित भएछ ।

बैरी भनेर जसलाई मैले सधैँ हेप्ने गर्थे
उसैसँग पो आज मेरो पनि प्रीत भएछ ।

'रवि' सधैँ उनीसँग खेल्थ्यो त लुकामारी
बिछोड पछिको त्यहीं पल अतीत भएछ ।

दुई

मेरो बारेमा कति कुरा गर्छन् यहाँका मान्छे
धूलोलाई चन्दन सम्झी घस्छन् यहाँका मान्छे ।

तिम्रो भट्टीमा आउने भए ल भन आऊँ कसरी
पानी खाए पनि जँड्याहा सम्झन्छ यहाँका मान्छे ।

हाम्रो प्रेमको डुंगालाई चल्न दिनु नि स्वेच्छाले
कुरा काट्छन् र खेदो पनि गर्छन् यहाँ मान्छे ।

तिमी गर्छ्यौ सधैँभरि सँगै जीवन जिउने कुरा
पाइला-पाइलामा नाता बदल्छन् यहाँका मान्छे ।

राजेश विद्रोही
लहान, सिरहा

एक
उकाली ताछेर पार्नु छ समथर नभन त्यसरी
मैदान उठ्छ भनेर तिमी त्यसै नखन त्यसरी

मूर्ति बनाउँछु भन्दै सारालाई चकित तुल्याएर
साकार पार्छु सपना भनी अहिल्यै नबकन त्यसरी

एकाध कुराकै भरमा सारा एउटै ड्याङको ठानी
मानिसको दिलभित्र नपसिकन सहजै नगन त्यसरी

मिलेर आऊ भनी त्यसरी धम्की दिँदैमा हुँदैन हजुर
निर्दयी मन पोसी राख्ने त्यस्तो घमण्डी नबन त्यसरी।

दुई
सदैव बाटो हेरेर बस्ने यिनले भएन हजुर
अलकापुरी बनाए हुन्थ्यो रिनले भएन हजुर

भाइले टीका लगाए दाजु विजयी भए पो
कमारो हात समाए हुने घिनले भएन हजुर

सफलता टाढा थिएन तर हिम्मत नै आएन
चुलीलाई छुन मनको त्यो हीनले भएन हजुर

अमिल्दोलाई मिलाई छाड्छु भनिरहँदा पनि
उठेर हिँड्नलाई खराब दिनले भएन हजुर

मौसम सधैँ सबैको लागि सहज भए हुन्थ्यो
गर्मीलाई पिउन घरको यै टिनले भएन हजुर।

एक

म एक्लै बलेको दियालो हुँ टुकी-टुकी बालेर झलमल्ल पार्छु
एउटै बियाँ हुँ झ्याङिन्छु फैलिन्छु हाडा काटी बेर्ना म सार्छु

असिना आँधी चट्याङ जतिचोटि विध्वंस-ताण्डव मच्चाउँछौ
त्यति पटक म बाँझो धरामा बाली र फूलका बिरुवा उमार्छु

गल्ने छ असिना गल्दैन पौरख विध्वंशले यो सृजन रोकिँदैन
पसिना पौरख नेपाली हो नहाऱ्यो कहिल्यै नकहिल्यै म हार्छु

मेरो सामु विकराल भुक्तछ काल मरण जित्ने महाक्काल मै हुँ
मै प्रलयक्तर सृजन हुँ जनक बुद्धको करुणा भई धर्ती सिँगार्छु

सूर्य र चन्द्र रगतमा बग्छन् यो छातीभित्र ब्रह्माण्ड राख्छु
हिमालझैँ अटल भए पनि पग्लिन सक्छु र धरणी स्याहार्छु

दुई

म अलमस्त फकीर हुँ मेरो छैन कुनै ठेगाना
आज यहाँ छु भोलि कुन्नि हुन्छु कहाँ रवाना

'म' 'मेरो'को भरमको जालो रच्ता माकुराझैँ
थाहा भएन हान्छ खरेटो जालो हुन्छ विराना

सुन चाँदी र हीरा मोती तिम्रो ठूलो दौलत
मेरो दौलत माया सबको टन्न भएछ खजाना

इन्द्रेणी हुँ बाँध्न नखोज साँध लगाई मलाई
हुन्न साथी इन्द्रेणीको जात धरम र सिमाना

रोगी तन भग्न मन जर्जर यो जीवन छ
भैगो साथी फाल्न देऊ चोला भए पुराना

हिड्ने हतार छ साथी आऊ रमाऔँ एक छिन
हिँडेपछि छाड्ने छु तिमीलाई आँसुको मोती-दाना

धर्ती बाँड्यौ अम्बर बाँड्यौ नबाँड मानवलाई
शान्ति त्यसै बर्सिन्छ 'विमल' गाऊ प्रेम-तराना

राजेन्द्र विमल
जनकपुर, धनुषा

राधा दाहाल
बरहथवा, सर्लाही

एक

तिम्रा लागि उपहार आज लिन जानु थियो
तिमीसँगसँगै बसी आज चिया, खानु थियो ।

मन भरी उमंग थियो तिमी सँग भेट्न प्रिय
पिरतीको घरमाथि मायाको छानो छानु थियो ।

मेरो रोजाइ तिम्रो खुसी मिसाएर मलाई
सबै भन्दा विशेष उपहार त्यो लानु थियो ।

आयोजना ठुलै रै'छ मान्छे पनि धेरै थिए
अरु कोही चिन्दिनँ म मेरो मात्र रानु थियो ।

घाम लाग्यो मम्मी अब उठ्नु छोरो बोले पछि
थाहा भयो ऊ त मेरो सपनीको सानु थियो ।

दुई

सोह्र शृङ्गार चाँहिदैन भो पाए पछि तिम्रो हात
औँसी पनि उज्यालो हुन्छ साथ हुँदा तिमी रात

चारैतिर उमङ्ग छ हृदयदेखि नै म खुसी हुन्छु
हर्ष आफै आउँदो रै'छ प्रणयको लाग्दा नि मात

जता जान्थेँ ठेस अनि ठक्कर मात्र लाग्थ्यो पैले
चुलिँदैछन् जतातै अहिले हेर उमङ्गका खात

ब्यन्जनहरू खान खोज्दा हुक्क-हुक्क आँसु झर्थ्यो
तिमीसँग बसी खाँदा मिठो लाग्दछ नुन भात

पहिला तिम्रो बोली सुन्दा झर्को लाग्थ्यो सुन प्रिय
हिजोआज सबै भन्दा मिठो लाग्छ तिम्रो नै बात ।

राम उदित
चन्द्रपुर, रौतहट

एक

रङ्गमा नहुँदा के मज्जा र जिन्दगीको
तिमीसँग नहुँदा के मज्जा र जिन्दगीको

सप्तरङ्गी इन्द्रेणीको खुशीयाली बहारमा
आफ्नो अङ्ग नहुँदा के मज्जा र जिन्दगीको

फूलहरू फुलेकै छन् जूनतारा खुलेका छन्
आफैं दङ्ग नहुँदा के मज्जा र जिन्दगीको

बग्न जाने झरनाको पानी यही जिन्दगानी
ज्यूने ढङ्ग नहुँदा के मज्जा र जिन्दगीको

विपनाको तरङ्गमा झस्किएर घरिघरि
स्वप्न भङ्ग नहुँदा के मज्जा र जिन्दगीको ।

दुई

हावासँग के रिस गर्नु पानीसँग के रिस गर्नु
बग्न खोज्ने आँसुको बानीसँग के रिस गर्नु

रिस त मलाई उठ्ने गर्छ चेतनाका रोगीदेखि
बाँच्न मात्रै विवश जिन्दगानीसँग के रिस गर्नु

भावना हो मनभित्र अनायासै उठिदिन्छ
अपलक ती आँखाका नानीसँग के रिस गर्नु

सृजनाको सौभाग्यले चम्किने हो हीरामोति
सीप छैन दबिएका खानीसँग के रिस गर्नु

मागेर नै नाथलाई सधैँ पेट भर्नु पर्छ
दिँदा दिँदै भोकाएका दानीसँग के रिस गर्नु !

रामकृष्ण काफ्ले
सपही, बारा

एक

खेल्दाखेल्दै तिमीसँग हारूँ जस्तो लाग्छ
तिम्रै छेउछाउ फेरा मारुँ जस्तो लाग्छ

गरुँ कि त तिम्रै पूजा भजन र आरती
प्रसादमा आफैलाई पारुँ जस्तो लाग्छ

टाढिएर आजभोलि मुस्किल छ भेट
तिम्रैतिर घरडेरा सारुँ जस्तो लाग्छ

टिपुँभने हातलम्काई नभेटिने दुरी,
यो मायाँको झटारोले झारुँ जस्तो लाग्छ

हैन भनौं डरलाग्छ हो भनौं त लाज
हो होइनको बीचबीचै छारुँ जस्तो लाग्छ

दुई

सबैभन्दा प्यारो लाग्छ नाउँ हजूरको
कसम म विश्वासमा खाँउ हजूरको

मदनकी मुना भन्दा भाग्यशाली हुन्थें
पाए बस्न हृदयमा ठाँऊ हजूरको

पीयुष झैं मधूर वाणी सुनुसुनु लाग्छ
आफ्नै जस्तो लाग्छ मलाई गाँऊ हजूरको

साथसाथै हिड्दा सोधे को भनेर मलाई
आफ्नै भनी नामनाता लाँऊ हजूरको ?

छैन यात्रा कतै अब परें बीचोबीच छु,
जता पाइला चल्छन् उतै जाऊँ हजूरको ?

राम खनाल
निजगढ, बारा

एक
माथिबाट हुन थाले अपराधका खातहरू
बारुदमा पर्न लागे सिर्जनशील हातहरू

फुल भनी ठानेको तीखा निलकाँडा रैछौ
तिमीबाटै हुन गए घात प्रतिघातहरू

बुद्धत्वको आलोक छर्ने उनकै जन्मभूमिबाट
कुकर्ममा बित्न लागे आजकालका रातहरू

जनताको टाउको टेकी माथि चढ्नेहरुलाई
थिचोमिचो देखापछि बर्सदैछन् लातहरू

भ्रष्टाचार व्यविचार गर्नेहरूबाट सधै
जतिसुकै जे जे भनुन सही दिनछन् बातहरू ।

दुई
निठुरीको बगैंचामा डेला मैले सारेको छु
मायाँ लाउन खोज्दा खोज्दै सधैभरि हारेको छु

मत्स्यगन्धासँगै भुल्ने पराशर नभए पनि
तीरमा अल्झिएकालाई परिपट्टि तारेको छु

छटपटाइरहेका मायालु ती देखेपछि
दुःख हेर्न नसकेर पीडा तीनको टारेको छु

साँढे बनी डुग्रिएर बस्तीभरी सताउँदा
पौठेजोरी खोज्नेहरुको सेखी मैले झारेको छु

बेइमानी गरेर सबै दिन धोका दिएपछि
कष्टकर बनदाबनदै यो मनलाई खारेको छु ।

रामचन्द्र तिमल्सिना
चन्द्रपुर, रौतहट

एक
माया नलाग्ने मान्छे देश सरेर के भो ?
साथै नहिड्ने साथी खोली तरेर के भो ?

बैगुनीलाई गुन लाएर पो हुन्छ के र ?
छोडेर जानेलाई माया गरेर के भो ?

गर्छ आघात मौका खोजेर खेप खेपै
बुझेपछि उसैले दागा धरेर के भो ?

खेलेर भावनामा चोट दिएको मान्छे
असह्य बेदनाले मूर्छा परेर के भो ?

देखेर लास मेरो दुख्दैन तिम्रो छाती
वास्ना नलिने फुल भैँमा झरेर के भो ?

दुई
नेता चुन्दा होस गर दुखदायी हुन सक्छ
मुसोलिनी र हिट्लरको गुरुभाइ हुन सक्छ

जनताको काम भन्दा दलालीमै रमाउने
भ्रष्ट र कमिसनको व्यावसायी हुनसक्छ

टुक्राटुक्रा पारी देश फुटाउने राष्ट्रघाती
ऊ रुसी गोर्भाचोभको अनुयायी हुनसक्छ

रगतको होली खेल्दै आफू सत्तासीन हुन
लासमाथि टेकी हिँड्ने आततायी हुनसक्छ

चुँडाएर डोरीलाई सामाजिक एकताको
जातीय नारा लाउने साम्प्रदायी हुनसक्छ ।

रामपवित्र साह
रामनगर, सर्लाही

एक

धेरै दिन रोइसकँ अब मुस्कुराउन चाहन्छु
यी आँखामा सुन्दर सपना सजाउन चाहन्छु

चन्द्रमाजस्तो चन्द्रमुखी उनको सुन्दर रूप
त्यस रूपको छहारीमा आश्रय लिन चाहन्छु

उनको प्यारा आँखामा सागरजस्तो गहिराई
त्यस गहिराईमा अब म डुबी जान चाहन्छु

धेरै कठिन छ प्रेमको यात्रा थाहा छ मलाई
तर पनि जिद्द छ त्यो यात्रा गर्न चाहन्छु

अझ अलिकति साथ देओस् जीवनले मेरो
यो पल उनको साथमा बिताउन चाहन्छु ।

दुई

मायालुको विछोडपछि दिन पनि राती लाग्छ
आशाहरू टुटेपछि देवता पनि पापी लाग्छ

हो मेरो वियोगमा विलाप गरी नरोऊ तिमी
एकान्तमा बसेपछि छाँया पनि साथी लाग्छ

दुःख बिर्सी आश लिई सपनीमा रमाऊ सधैँ
मायालुसित भेटेपछि दर्द पनि जाती लाग्छ

पर्खी बस अवश्य आउँछ मिलनको दिन
दिनहरू फिरेपछि विरान छाती लाग्छ

जतन गरी राख तिमी मुस्कान त्यो रूप
तिम्रो मुस्कान पनि जूनभन्दा माथि लाग्छ

रामप्रसाद साह
कलैया, बारा

एक
कोइली र सुनाखरी मीत भएपछि
मधेश र पहाडको गीत भएपछि

घिरौँला र सिमीको व्यङ्ग्यवाण पनि
भुत्ते साबित भई गीत भएपछि

के चाहिन्छ पहाड र मधेशलाई
सबैको मानवता रीत भएपछि

एउटा भूकम्प बाढीमा मिली गए सबै
रोए सबै एकनास हित भएपछि

बानी व्यहोरा सबै सुधारी लिऊ साथी
निश्चल मायाआफूसित भएपछि ।

दुई
चैन छैन निद्रा पनि छोडि सक्यो रानी
घाउसँगै पिडा पनि जोडि सक्यो रानी

आशा एक बाँकी थियो मनमा कताकता
त्यसले पनि मुख आफ्नो मोडि सक्यो रानी

बाटो पनि उदास उदास खेत पनि बाँझो
मुख कान्ति पनि हात जोडि सक्यो रानी

चाउरिएको गाला समेत दाह्रिले छोपेछ
आँखा धसियो भित्र मन फोडियो रानी

जीवन बन्यो अस्तव्यस्त अनि बेकामको
मुटुभित्रको शान्ति पनि चोरि सक्यो रानी ।

रामभक्त ठाकुर
बीरगञ्ज, पर्सा

एक

न भन एक मुट्ठी सासमा बढेछ जिन्दगी
यो कसैलाई भेट्ने आसमा अडेछ जिन्दगी

सुखद् मिलनको स्मृतिमा रसाएका आँखा
टुटेर जाने त्रासभित्र कतै चढेछ जिन्दगी

मायाको कुसुम फुल्दा आत्माको उपवनमा
कसैको बज्र प्रहारले आज लढेछ जिन्दगी

जीवनको मलामि पछ्याउँदै आएछ कोही
आँसु झरेको देखेर साँच्चै सढेछ जिन्दगी ।

दुई

नजर के फेऱ्यौ तिमी निरव यहाँ बिहान भो
बहार वियावन भै मुटुको व्यथा निशान भो

मायाको सागरमा चञ्चल मुस्कानको लहर
ती कोमल पद स्पर्श बिना सब रेगिस्तान भो

जुन बाटो हिँडी जान्थे सब पुग्थ्यो तिम्रै शहर
तिमी ढोका बन्द गऱ्यौ हर डगर अनजान भो

मादक आलिङ्गनमा फुलेका पुष्प प्रेम वाटिका
रहर के बदल्यौ तिमी मेरो जीवन मसान भो

नयनको निमन्त्रण तिम्रो मनमा बास पाएथ्यो
आज किन त्यही हृदय मेरो प्रेमको चिहान भो ।

रितु गुप्ता
बीरगञ्ज, पर्सा

एक

फेरि गल्ती, दोहोराएको त होइन ?
अन्धकारमा, म हराएको त होइन ?

मनको बाघले खान्छ त दिनरात ?
निराश छु, ब्यर्थै डराएको त होइन ?

मनले डोऱ्याउँदा पछि पछि गए म
खोज्दा बाटो त्यो बिराएको त होइन ?

आफ्नो बनायो, आफ्नो जस्तो लागेर
वेसरमलाई दिलमा छिराएको त होइन ?

जून तारा होइन तिम्रै सपना देख्छन्
धड्कनले तिम्रै नाम बोलाको त होइन ?

चम्किला आँखा, बिर्सिन मैले सकिनँ
कतै मैले आत्मा मन पराएको त होइन ?

दुई

प्रेमलाई अधिकार चाहिन्छ
प्रेमलाई सत्कार चाहिन्छ

परिस्थितिसँग लड्ने हिम्मत
साथ दिने संस्कार चाहिन्छ

लाचारीले रुने रुवाउने होइन
मिजासिलो कलाकार चाहिन्छ

तिम्रा लागि सर्वस्व हारे पनि
प्रेममा सधैं जयकार चाहिन्छ

तड्पिएँ सधैं विरहको अग्निमा
मलाई शीतल पुरस्कार चाहिन्छ

शब्दशब्द जोडी यो जिन्दगीलाई
गीत बनाउने गीतकार चाहिन्छ

चाहे जितुँ चाहे हारूँ अब मलाई
जीवनमा तिम्रै सरकार चाहिन्छ ।

रूपेश पटेल
बलरा, सर्लाही

एक

सजिएर आयौ अप्सरा बनी राम्रो लाग्यो
तिमीले लगाको सारी चोलो राम्रो लाग्यो

फूलबाट चोऱ्यौ कि जुनबाट चोऱ्यौ भन
तिम्रो त्यो अमूल्य मुस्कान राम्रो लाग्यो

ओठ रसिलो रेशमी त्यो कपालले मोहित
पागल दुनियाँ तिम्रो कम्मर राम्रो लाग्यो

लजालु नजर अनि चन्द्र मुखी रूप आहा
कसरी देख्यौ रूपेशको दिलो राम्रो लाग्यो ।

दुई

तोरी फूलको खेतमा तिम्रो ख्याल आयो
अनेक थरीका मनमा मेरो सवाल आयो

नजर दोषी भन्छ बुढा पाका युवकको
सपनामा देखे देशमा नयाँ नेपाल आयो

दिन दिनै कुकर्म बढिरहेछ यहाँ महोदय
विनाशकारी वाणी भन्दैछ काल आयो

हामी मिलेर एक हुने वाचा कसम गर
प्रेमी बीचमा समाजको पर्खाल आयो ।

रुबि रौनियार
गरुडा, रौतहट

एक
कहिले आँसु सुकेर रोएँ
कहिले मुटु दुखेर रोएँ

हिँड्दा हिँड्दै ठेस लागी
पीडा र मर्म बुझेर रोएँ

सोचेको सबै पुग्छ र कहाँ
आफ्नै तालमा चुकेर रोएँ

रोएर मात्र बस्न पाइन्न
कहिले भाग्य टुटेर रोएँ

हाँस्नु दुर्लभ भयो जुनीमा
आफ्नै शिर झुकेर रोएँ ।

रेणु गुप्ता
गरुडा, रौतहट

एक
तिम्रा नयन मेरो लागि मार भयो
तिम्रा चयन मेरो लागि हार भयो

तिम्रे मुस्कान अनि हिँडाइ र नजर
तिम्रा अयन मेरो लागि तार भयो

तिम्रा सपनाहरू हुन थाले मेरा
तिम्रा विजयन मलाई मार भयो

सोचेथेँ हार जित बन्ला एक दिन
जितको सपना निद्राको पार भयो

कहाँ पुगनुपर्ने कहाँ पो आइपुगेछौँ
यात्राको रहर जीवनको भार भयो ।

दुई
म बेकारको जात भै छु अचेल
सत्तामा पुग्नेको मात भै छु अचेल

कुर्सी लुछा लुछको यो समयमा
आफ्नै नजरको घात भै छु अचेल

कहिलेसम्म यो फुटको स्वाद लिने
जुटेर सब एक खात भै छु अचेल

भोज खाए, रमाए सबै आफ्नै तालमा
म मात्र एक्लो जुठो पात भै छु अचेल

उज्यालो बिहान बाँड्दा बाँड्दै रित्तिएर
आँखै नदेख्ने औसीको रात भै छु अचेल ।

रेणुका जिसी
चन्द्रपुर, रौतहट

एक

नदी खहरे आउँछ, कहीं बगर आउँछ
मनको के सकिन्छ रहरको लस्कर आउँछ

तिमीले के के लेखेर पठायौ हावाभित्र, के
मनभित्रै काउकुती लगाउँदै खबर आउँछ

यो चिल्लो सडक यत्तिकै आएन गाउँसम्म
घरनजिक मन बनाउँदै अब सहर आउँछ

यसलाई घृणा कि प्रेम बताइदिनुस् महोदय
नदेखूँ भन्छु जसलाई उही बारबार आउँछ

पत्थरमा दूधभन्दा वृद्ध ओठमा पानी देऊ
तीर्थ पर्दैन दैलो खोज्दै स्वयं ईश्वर आउँछ ।

दुई

यी आँखामा बस्ने जसको आदत थियो
प्यार थिएँ म उसको मेरो जरुरत थियो

दोस्रो लोक त्यस्तो कहाँ भेट्टूँला फेरि
जहाँ जहाँ उभियो त्यहीं जन्नत थियो

सपनाहरू साझा ती सोध्छन् बरोबर
हामी टुट्नुमा कस्को कैफियत थियो

दुनियाँलाई देखाउन आँसु पनि रहेन
खाली छु म सकियो जे बचत थियो ।

लक्ष्मण आचार्य
चन्द्रपुर, रौतहट

एक
आफ्नै चिनारी छ रौतहटको
आफ्नै बिमारी छ रौतहटको

पूर्व वाग्मती पश्चिम बकैया
प्रकृति छहारी छ रौतहटको

शिक्षा स्वास्थ्य अनि चेतना
साह्रै पछाडि छ रौतहटको

ल्याउँछ सधैं नै एउटा तरंग
नामै अगाडि छ रौतहटको

जुँगा उखाल्थ्यो सामन्तहरूको
काम क्रान्तिकारी छ रौतहटको ।

दुई
मान्छे जति सोझो सादा देखिन्छ
जीवनमा उति नै बाधा देखिन्छ

जोसँग हुँदैन ज्ञान, बुद्धि, विवेक
घमण्ड उसैमा हेर ज्यादा देखिन्छ

चोर भ्रष्ट भनी जो चिनिएको छ
उसैको काँधमा नै खाँदा देखिन्छ

भोकालाई रुवाएर लड्डु चढाउँछन्
पापीहरू त मन्दिर जाँदा देखिन्छ

अनयास उठ्छ मन भित्र तरंग
जब कसैको चेहरा आधा देखिन्छ ।

लक्ष्मी श्रेष्ठ
बीरगञ्ज, पर्सा

एक

अन्तिम इच्छा म लक्ष्मीको पूरा गरि दिनु साथी
जब मेरो अर्थी उठ्छ एक फेर नाम लिनु साथी

जीवनभरि हाँसी राख्यौ मलाई पिडा सुम्पिएर
अहिले पनि अघि बढ्नु अलिक न आत्तिनु साथी

जति लेखें तिमीलाई चिट्ठी सिरानमुनि नै छन्
पढिकन तिमी फेरि पहिलाझैं न मात्तिनु साथी

जीवनसाथी बनाएर सारा जीवन बिताउँला
वाचा गरेको थियौ कुनै दिन त्यति सम्झिनु साथी ।

दुई

कहाँ पाऊँ अब यो मोल सरल जिन्दगीको
खोजूँ सोधूँ कोसित बोल सरल जिन्दगीको

हिंड्दाहिंड्दै खेप्नु पर्ने हत्या लुटको नै पिडा
खोजुँ कहाँ शान्तिको टोल सरल जिन्दगीको

यात्रैयात्रामा बित्न थालेको छ जीवन मेरो
तर बाजेको सुनिदैंन ढोल सरल जिन्दगीको

पारी पुग्छु भन्दाभन्दै वारीमा नै मर्न थालें
अहिलेसम्म पाइनँ कुनै खोल सरल जिन्दगीको

चोटैचोटमा हाँस्यो लक्ष्मी रुन कहिल्यै जानिनँ
चौटेचोटमा कहाँ खोजूँ झोल सरल जिन्दगीको ।

लीलाराज दाहाल
बागमती, सर्लाही

एक

स्वार्थको झोला बोकेका छन् उनले
झोलामा खोला बोकेका छन् उनले

केटाकेटी सम्झेर भुलाउन नै होला
हेर कोकाकोला बोकेका छन् उनले

तस्करी गर्छन् हिरा जवाहरातको
तोलाका तोला बोकेका छन् उनले

मित्रजनलाई भेटे सताउनका लागि
बारुलाको गोला बोकेका छन् उनले

सानालाई भेटे भने ताकेरै हान्छन्
हातमा सोला बोकेका छन् उनले

भित्र राक्षसीपन छ तर वाहिर भने
मान्छेको चोला बोकेका छन् उनले ।

दुई

नचाहेको पाठ पनि घोक्नु पऱ्यो आज
दुश्मनलाई प्रतिनिधि तोक्नु पऱ्यो आज

घृणाको त्यो सुइरोले त घोचीरन्छ सधैँ
उसैलाई काँधमाथि बोक्नु पऱ्यो आज

गर्छन् सधैँ आफ्नाको किन स्वार्थ सिद्दी ?
यस्तो प्रथा सबै मिली रोक्नु पऱ्यो आज

सानो आवाज जहिले पनि रह्यो दबिएरै
त्यसैले त ठूलै स्वरमा खोक्नु पऱ्यो आज !

बागियान शर्मा
स्वाभिमानबस्ती, बारा

एक

चकमन्न गाउँ सहर मन छ कोलाहल
रोपँ मैले विश्वास यहाँ फके कोलाहल

बसन्त हो तर कोइली गाउनै छाडे गीत
रङ्ग छाम्छु लालीगुराँस लाग्छ कोलाहल

हिजो माया दिन्छु भन्दै आज काडाँ भए
परिवेश दुख्दै गा छ बाँच्छु कोलाहल

'बागियान'को जीवनवृत्त भा छ खहरेझैं
आँधीहुरी मूल्याङ्कनमा व्याप्त कोलाहल ।

दुई

हिजोका ती शहादत आज जम्मै खेल भए
बाघ-बाखा एकै खोर यी अनौठा मेल भए

दिनदहाडै ताण्डव नृत्य यहाँ चलिरहेको छ
अतीतका उत्साह सब खहरेका भेल भए

जसलाई आजसम्म मनमा राखिएको थियो
फुत्के भागे छातीबाट यी अनौठा नेल भए

छँदै छैन परिभाषा नसोध्नु भो म सँग त
त्यसैले अतिथिगृह समेत काला जेल भए

बेथिति असमेलले चकित चकित छ मन
कसरी खुट्याउनु बुझ्नै कठीन झेल भए ।

एक

पाएपछि कोही वस्तुभाउझैं चर्ने गर्छन्
बाँड्नु परे मित्र कनिकाझैं छर्ने गर्छन्

मानव मान्यताको बखान गरी नथाक्ने
निमुखाको गाँस खोसी भुँडी भर्ने गर्छन्

कति सुन्नु सिद्धान्त माथि चढ्ने कुरा
व्यवहारमा तिनै नालामा नै झर्ने गर्छन्

न्याय अन्याय छुट्याउने अन्धो तराजु
मत्स्य न्यायमा सधैं माछो पर्ने गर्छन्

घाम-बर्खा-शीत दिन-रात परिश्रम गर्ने
खान लाउन नपाई भोक नै मर्ने गर्छन् ।

दुई

जीवन आफैमा बदनाम त्यो रेड लाइट हो कि
न अँध्यारो न उज्यालो त्यो बेड लाइट हो कि

भुक्तानी नगरी कहीँ कतै केही बन्दैन आफ्नो
मधुरो बल्ने जीवन त्यो कतै पेड लाइट हो कि

कतिले कतिको जीवन नै उज्यालो बनाउँछन्
आफ्नै जीवनद्वीप कतै त्यो शेड लाडट हो कि

मरम्मत नगराई सञ्चो नरहने मेरो जीवन
आफ्नै बाटो देखाउने त्यो हेड लाइट हो कि

आफैले आफ्नो जीवनको गोरेटो बनाउनु पर्छ
साँच्चै मित्र, जीवन सेल्फ मेड लाइट हो कि ।

विक्रान्त शर्मा
गरुडा, रौतहट

विवश पौडेल
हरिपुर, सर्लाही

एक

नहेर लाजले सँधै जुधाऊ नेत्र प्रेयसी
कुटुक्क खान्छ मनै जुधाऊ नेत्र प्रेयसी

झुकेर बस्नु के मजा उठेर लड्नु पर्छ
डरेर भाग्छन् सबै जुधाऊ नेत्र प्रेयसी

नहार युद्धमा तिमी भनेर भन्न सक्तछ्यौ
अडेर बस्छु लौ सँगै जुधाऊ नेत्र प्रेयसी

जितेर स्वर्ग पाउँछ्यौ र हारमा यसै गरी
म भन्न सक्छु है कठै जुधऊ नेत्र प्रेयसी

सुरा पिएर सुन्दरी बसौं गरेर मोज यो
पिएर प्रेमको रसै जुधाऊ नेत्र प्रेयसी

दुई

यस्तै गरेर मलाई माया गऱ्यौ भने
तिम्रै म बन्न सक्थें स्यूँदो भऱ्यौ भने

माया रहन्न माया विश्वास घातमा
ढाँटेर मलाई अन्तै डेरा सऱ्यौ भने

माया दया नराखी पीडा थपी थपी
खोजेर सूक्ष्म गल्ती दागा धऱ्यौ भने

थामेर हात तिम्ले मझधारमा पुगी
छोडेर फेरि एक्लै खोला तऱ्यौ भने

घृणा सहेर बाँच्दा गाह्रो छ जिन्दगी
मगमग बसाउनेछौ माया छऱ्यौ भने ।

विश्वनाथ सञ्जेल
गरुडा, रौतहट

एक

भावपूर्ण अभिव्यक्ति गाना प्यारो लाग्ने
छरपस्ट शब्दहरू पाना प्यारो लाग्ने

अनुभूति नै पोखाइ हो सृजनाको रूपमा
गीत गजल कविताको दाना प्यारो लाग्ने

फक्रिन फूल कोपिलाको सृष्टि हुनै पर्छ
भोलि बुद्ध गान्धी बन्ने साना प्यारो लाग्ने

जन्म–मृत्यु सुख–दुःख भन्नु रीत एउटा
आश्चर्यको घर मान्छे छाना प्यारो लाग्ने

सादा जीवन भए विचार उच्च हुन्छ हुन्छ
बानी पऱ्यो गुन्द्रुक ढिँडो खाना प्यारो लाग्ने ।

दुई

ठूलाले सानालाई निल्छ भन्छन् सुदामाजी
यसरी कहाँ न्याय मिल्छ भन्छन् सुदामाजी

रवाफले जिउँछन् यहाँ स्वार्थी मान्छे सधैँ
साँच्चै पत्थरकै दिल छ भन्छन् सुदामाजी

दुःखी राख्छ यो छातीमा किन घरिघरि
अदृश्य पीडामा खिलछ भन्छन् सुदामाजी

लुकाउन दिन्नन् आँखा बर्सिएर साउनझैँ
त्यसैले आँखा टिलपिल्छ भन्छन् सुदामाजी

कस्तो धर्म कस्तो कर्म बेमतलबी छ साह्रै
दुनियाँ हेर्दै मान्छे जिल्छ भन्छन् सुदामाजी ।

वीणा सिन्हा
सर्लाही

एक

साथी मलाई आज बढी रुन मन लागिरहेछ
जिन्दगीसँग जिन्दगी मेरो आज भागिरहेछ

उठिरा'छ सम्झनाको तरङ्ग तिम्रो मुटुभरि नै
मन मेरो प्रियतम तिम्रो तन मन मागिरेहछ

मानिस आज मानिसको बैरी हुँदै गइरा'छन्
यही वेदनाले मन मेरो सुते नि जागिरहेछ

गाउँ बिरानो भइसक्यो, शहर पनि हुन थाल्यो
मन मेरो पागल बस्तीमा अझै चहारिरहेछ

तोडिगयो 'वीणा' तिम्रो तार नै त्यो निष्ठुरीले
आज मैले थाहा पाएँ माया नै पराइ रहेछ ।

दुई

जसलाई आफ्नो मानेको थिएँ, उही नै छोडेर गयो
मसँग खाएको किरिया कसम वाचा नै तोडेर गयो

हिँड्दाहिँड्दै बाटोमा पिरतीको अचानक एक दिन
थाहा छैन कुन्नि कसरी त्यो बाटो मोडेर गयो

के गरूँ गुनासो म कोहीसँग त्यो दृश्य देखेपछि
जलिरहेको तन मनलाई मेरो त्यो खोरेर गयो

तोड्नु छैन कुनै बन्धन, फोड्नु छैन पहाड कुनै
जब मेरो मायालुले नै मन मेरो फोडेर गयो

'वीणा' लाई यति मात्र सम्झना आइरहेको छ
जानुभन्दा पहिला ऊ दुवै हातहरू जोडेर गयो ।

वैकुण्ठ नेपाल
स्वाभिमानबस्ती, बारा

एक
तिमीले मलाई नलुटेको छिन छैन
सीमानाका खम्बाहरु नसरेको दिन छैन

अन्जान अनि जन्मान्धमै तिमी हुँदा
भ्रष्ट अनि लुट गरी नपचेको घिन छैन

क्यानभासको कोलाज भित्र तिमी पस्दा
नागवेली प्रकृतिका छटाहरुको सिन छैन

दर्शन र भेटघाटको तल्लीनमा तिमी नै छौ
मृतसागर पुगेमानि त्यहाँ पनि मीन छैन

गुँरास र कमलका बास्नाहरु यहाँ हुँदा
माया अनि दया गर्ने उत्तरको चिन छैन ।

दुई
दैनन्दिन चेलीहरु हर्दा तिमी जन्मान्ध छौ
जहिले पनि जङ्गे पिलर सर्दा तिमी जन्मान्ध छौ ।

मेची काली हिमाल पारी हुइकिराछन् वैरीहरु
लिपुलेकमा रिपुहरु चर्दा तिमी जन्मान्ध छौ ।

बुट परे पराइका काला पानी सुस्तामा नि
परायाले ताण्डवहरु गर्दा तिमी जन्मान्ध छौ ।

निर्मला र भागीरथीले जीउँदै मर्नुपर्छ यहाँ
ब्वाँसाहरुका गिद्धेनजर पर्दा तिमी जन्मान्ध छौ ।

वितण्डा नै मच्चाएर नाच्छौ तिमी सेतो घरमा
मेची काली शत्रुहरु तर्दा तिमी जन्मान्ध छौ ।

शिव सन्देश
सिम्रौनगढ, बारा

एक

फेरि त्यही झुठो गीत गुनगुनाए हुन्थ्यो
तराईको शीतमा लहर लिन पाए हुन्थ्यो

मर्नेहरू मर्दै रहन्छन् गाँसबाँसको कमीले
अब त झुठो आश्वासन नबताए हुन्थ्यो

घटनापछि गाइने मानवअधिकारको गीत
घटना अगाडि नै त्यो गीत गाए हुन्थ्यो

भोटको बेला गर्छन् नेताहरू करोडौँ खर्च
पैसाले रोजगार दिने उद्योग चलाए हुन्थ्यो

चाहिँदैन विभाजित गर्ने दुई दिनको होली
सम्पूर्ण नेपाल एकै दिनमा रङ्गाए हुन्थ्यो ।

दुई

घडी लगाए पनि समय मिलाउन गाह्रो भो
पूँजीवादी दौडमा सरल जिन्दगी साह्रो भो

अशान्ति छरिँदैछ सर्वत्र शान्तिको आडमा
बाँच्न स्वतन्त्र जीवन निकै अप्ठ्यारो भयो

सीमित हुँदैछ भावना र प्रेम गीत गजलमा
दिलभन्दा आवाज दिमागको टङ्कारो भयो

यहाँ जिन्दगी जिउन त पिउनै पर्ने रहेछ
पिउन जाऊँ हामी पनि अब अँध्यारो भयो

धेरै भएका छन् सुन्ने भन्दा सुनाउने यहाँ
फिर्ता नहुने शिवका सन्देश उधारो भयो ।

श्रवण के. भट्टराई
हरिवन, सर्लाही

एक

प्रेमको पानाभरि विवशताको सार लेखँ
तिमीमा समर्पण साट्न बाँकी प्यार लेखँ

तिमीलाई जून मान्थँ अन्धकार संसारको
ताराहरू माझ जून बीनाको संसार लेखँ

मनमा भावनात्मक अभिव्यक्ति पोख्ने बेला
एक किनारा छ्यौ आँसुको खोला पार लेखँ

शून्य जिन्दगीमा आगमन तिम्रो झल्किँदा
क्षितिजपारि शून्यता, रङ्गमञ्चमा हार लेखँ

बोकेर पोल्टो बाध्यताको कोरा कल्पनादेखि
गर्न सम्बोधन भावनाको बेग्लै आधार लेखँ ।

दुई

तिमीमा मेरो कहानी प्रेमको जोडेर आउनू
र, बाधाको पर्खाल समाजको फोडेर आउनू

ढिलो चाँडो तिमीले छोड्नु छँदैछ त्यो घर
सन्नाटाको आँधी हुरी त्यहीँ छोडेर आउनू

जीवनमा बाटा अनगिन्ती भेटिन्छन् प्रिये
अपेक्षामा छु साथको गोरेटो मोडेर आउनू

फूलजस्तै माया फुलाउन रंगीन हामीमा
फुल्दैछ प्रेमिल फूल बगैँचामा गोडेर आउनू ।

शीतल गिरी
गौर, रौतहट

एक
अलिकति रातिको आलस्य छाएकै थियो साथी
नजाने किन हो अलिकति वेदना दियो साथी

कहाँ बच्यो र दिल छिया छिया बनाई दिइन्
एकान्तमा त्यसले मेरो भावना लियो साथी

हिजोसम्म दशैँको रमझम थियो मेरो मन
तर आज गममा मदहोस हुन पियो साथी

रितिसकेको बोतल बने उनकै प्यारमा परेर
बाल्न चाहन्न अब म प्यारको दियो साथी

दिन सहजै बित्छ नबित्ने भो सहजसँग रात
एकान्त बिथोलेर दिनदिनै मारी दियो साथी ।

दुई
प्रेमको ताजमहल दिनहुँ ढल्दैछ किन
अस्मिता भक्षगरी गिद्ध ठूँड मल्दैछ किन

हिमकन्यामाथि कामुक नजर पऱ्यो कस्को
कोठीहरूमा लाज दिनहु बिक्दैछ किन

सोरठी र संगिनीको भाका गुनगुनाउथी
झूठो मायाजालमा परी आज जल्दैछ किन

मिठो खाने राम्रो लाउने पैसाको सपनामा
बल्छी थाप्नेहरूकै अझै पनि चल्दैछ किन

सपना सजाएका थुप्रै आँखामा छ आँशु
दिलको आरनमा आगो अझै बल्दैछ किन ।

श्याम सहनी चन्द्रांशु
गरुडा, रौतहट

एक
सधैँ मुस्काउने तिम्रो बानी राम्रो लाग्छ
पास आएर लजाउने बानी राम्रो लाग्छ

अल्झाएछ मिठो मुस्कानले मलाई पनि
बोलाउने मुस्कानले बानी राम्रो लाग्छ

एता उता डुल्ने मन नजिक ल्याइदियौ
सब समीप बनाउने बानी राम्रो लाग्छ

तिम्रो झ्यालको धैरै याद आउँछ बेसरी
हो सपनामा जगाउने बानी राम्रो लाग्छ

दुई पलको समुन्द्र पारी लाग्न थाले छ
प्रितम हुन् बताउने बानी राम्रो लाग्छ ।

दुई
विश्वास उही छ भरोसा उही छ
रमिता उही छ तमासा उही छ

नयाँ परिवेशमा यो उमङ्ग नयाँ
भनूँ कसरी यहाँ निराशा उही छ

पुरानै छ रक्सी बोतल उही हो
फरक मन गरे पनि आशा उही छ

शासन उही अनि सुशासन उही
मलाई आज किन गुनासा उही छ ।

श्रीराम पाण्डे
निजगढ, बारा

एक
तिर्खा रहेछ भित्र यो आँत हर्हरायो
पानी भनेर मागँ किन हात लाग्यो

आँखाभरि सुन्दर सपना कता बिलाए
मधुमास खोज्दा विरात खात लाग्यो

संसार नै दयाको खानी भनेर ठान्थँ
घृणाको बीउ रोप्ने मान्छे जात लाग्यो

बदनामीले पिरोल्ने बिचरो पथिकलाई
गल्ती गर्दैनगरी उसकै पो बात लाग्यो ।

दुई
आगो बलेर के भो ज्वाला कतै उठेन
यो मन जलेर के भो चर्चा कतै चलेन ।

चुपचाप बन्द ओठ एकनाश दिन रात
सुनसान जिन्दगीको वास्ता कतै चलेन ।

ज्वालामुखी पीडाको फुटेछ छातीभित्र
मुटु सह्यो जलन थाहा कतै चलेन ।

एक्लै हिंडिरहेछ एकलास यो शहरमा
सारा भए मलामी हल्ला कतै चलेन ।

गुम्सेर भित्रभित्रै बाँच्यो पथिक अगाभी
पिल्सायो जिन्दगीले धुवाँ कतै चलेन ।

श्रुति आले
वर्दिबास, महोत्तरी

एक

त्यसै-त्यसै आजभोलि किन अत्यास लाग्छ
न त हर्ष मनमा कतै न त उल्लास लाग्छ

मान्छेसँग आजभोलि त सङ्गत छैन मेरो
तिमी पत्थर हौ तर तिम्रो विश्वास लाग्छ

झुपडीमै खुसी देख्थँ नि वृद्ध बाबा-आमा
महल बनेपछि किन रुँदै वनवास लाग्छ

सम्झन्नँ भन्थँ तिमी संयोगले भेट भयो
कल्पिएर अतीत फेरि किन निराश लाग्छ

खुसी किन्न छोराहरू परदेश लागे देखि
दराज पनि आमाको काठको बाकस लाग्छ ।

दुई

नबुझी प्याच्च बोल्नेहरूको भीड छ यहाँ
जिउँदो मान्छे पोल्नेहरूको भीड छ यहाँ

देशभक्तिको नारा त हर कोही लाउँछन्
मौका मिले देश छोड्नेको भीड छ यहाँ

विकास उन्नति आफैँभित्र सीमित रह्यो
आदर्शको खोल ओढ्नेको भीड छ यहाँ

सपथ खान्छन् देशलाई ज्यानै दिन्छु भनी
आफूलाई मात्र पोस्नेहरूको भीड छ यहाँ

प्रजातन्त्र, लोकतन्त्र,गणतन्त्र जे आए पनि
बाँच्न पाउने हक खोस्नेको भीड छ यहाँ ।

सञ्जय साह 'मित्र'
मित्रनगर, गरुडा, रौतहट

एक

तिम्रो हरेक दर्शनले काव्यको नयाँ गर्भाधान गर्दछ
मुस्कानले हर हृदयमा समस्याको समाधान भर्दछ

हाम फाल्दै आउँछ पहाडबाट नदीहरू उत्साहले
झरी मधेसमा आफैँ शान्तचित्त ती स्नान गर्दछ

जनक बुद्ध जानकी र सहलेशको प्रादुर्भाव यहीँ
देवभूमि धरती यो पुराणमा सर्वत्र बयान गर्दछ

अनेक भाषा जाति र धर्म अनि एकता बलियो
सिञ्चित धरती परिश्रम सदा यशोगान गर्दछ

गर्दछ स्वागत अभ्यागतलाई यो धरणीले सदा
सम्झनेलाई ओछ्याएर हृदय यो सम्मान गर्दछ ।

दुई

प्रश्न गरूँ आफैले सहिदलाई भुल्ने को हो
सिद्धान्तलाई मिल्काई सत्तामा झुल्ने को हो

सोझा-सिधा जनतालाई सपना अनेक देखाई
गुलियो बनी तिनलाई विषभित्र घुल्ने को हो

देश र जनताका बैरी हुन् चिनाउँदै हिड्ने
काँधमा हात राखी डुलाउँदै डुल्ने को हो

कुर्सीभन्दा जनसेवा सर्वोपरि धर्म ठान्ने
पाएपछि त्यो बसेर गजक्क फुल्ने को हो

त्याग र निष्ठालाई हुत्याएर त्यो कुनामा
स्वार्थी र स्वार्थलाई सबैतिर हुल्ने को हो ।

सञ्जय सुदामा
बलरा, सर्लाही

एक

छ्यौ तिमी यौवना हे प्रिया नाम छ
याँ छु खाली म केही कहाँ काम छ

खेर फाले न यो रात बाँकी अझै
मस्त पैलो छ यो साम औ जाम छ

बन्द गम्भीर छ्यौ या उदासै तिमी
प्रेममा नि दिलै यो खुला खाम छ

छैन प्रेमै भने साथमा छ्यौ किन
या त हातै छुरी मुखमा राम छ

हा, यसोरी बसी थाकिए प्यासले
छ्यौ महङ्गो कि मेरै घटी दाम छ ।

दुई

अहिले पहिले जहिले नि तिमी
दिलमा बसिछ्यौ गुनशील सरी

कहिले म कहाँ कसलाई गुनँ
म सुनँ खुद छ्यौ ढुकढुकी बनी

म गएँ नि जहाँ सँगसाथ गयौ
नसमाझ हुल्यौ सुतरङ्ग चली

सब कोषहरू भरिए तिमीले
मनमा सजिछ्यौ हर पर्त भई

सब सोच पहुँच उचाइ तिमी
किन छ्यौ मनदेखि उदास अनि ।

समीर पाखिन
निजगढ, बारा

एक
टाढै बसौं सकभर, नजिकिनु ठीक छैन
संयमित बनौं सकभर, हत्तारिनु ठीक छैन

आशा गरौं, पक्कै आउनेछ राम्रो दिन
बर्बाद हुने भो भनी, हत्तासिनु ठीक छैन

अर्थतन्त्र तङ्ग्रिएको छ निश्चय अघि बढछ
बन्दाबन्दी होला फेरि भनी आत्तिनु ठीक छैन

संकट सबैतिर नै छ विश्व आक्रान्त देखिन्छ
मौकाको फायदा उठाई, सत्तासिनु ठीक छैन

जो जो जहाँ छन्, कुशलताको कामना गरौं
भेटघाट अवश्य हुने नै छ, उदाशिनु ठीक छैन ।

दुई
परीक्षाको यो घडीमा को पास को फेल होला
यसका लागि अवश्य एक न एक खेल होला

तारो बनेका छन् एक अर्कामा कुम जोड्नेहरू
कसैको पाउ मोल्न हातमा पक्कै तेल होला

भिरालो बाटो हिँडेका छन् तल भीर छ ठुलो
सोच्न यतिखेर वाध्य छु के यिनको मेल होला

टोल्हाएका छन् आँखाहरू परिस्थिति अनौठो छ
मनहरू खलबल्याउने पक्का कुनै झेल होला ।

सरू बस्नेत
निजगढ, बारा

एक

मान्छेको पहिचान उसको संस्कारमा देखिन्छ
देख्न हुने, नहुने दुर्घटना यो संसारमा देखिन्छ

एकपल्टको जित सधैंको जित देखिन्न हजुर
अर्को अवसर र सम्मान, जुन हारमा देखिन्छ

आज हो कि भोलि छोड्नु त छँदै छ दुनियाँ
निर्दयी भित्ताको घडी सधैँ हतारमा देखिन्छ

जिन्दगीलाई शब्द बाट परिभाषित गर्नुभन्दा
नियाली हेर्नुस् जीवन नदी किनारमा देखिन्छ

महोदय,तपाई अरूको अवगुण नगाउनुहोस्
जहाँ गुण भन्दा अवगुण, हजारमा देखिन्छ ।

दुई

भयो धेर पीडा रुवाएर जाँदा
यता स्वप्न मेरो बिगारेर जाँदा

थियौ खास आधार बाँच्ने तिमी नै
सहँ कष्ट आशा टुटाएर जाँदा

कमी के ममा थ्यो भनेनौ कदापी
मरे जत्तिकै भो दुखाएर जाँदा

मर्यो प्रेम आजै तिमीबाट बुझ्नू
कराएँ निराशा बनाएर जाँदा

नबाँच्ने म सोचैं दुखी जिन्दगी यो
अनायास डोली सजाएर जाँदा ।

सुनील कुमार
बरियारपुर, बारा

एक
न यसरी तिमी आँखा उघार
बाँच्नु छ अझै अहिले नमार

ओठमा अनि मुस्कान थपेर
नदेउ मनलाई यतिको भार

बसाएर मलाई आँखैमा आफ्नो
आँसु यसरी प्रिय फेरि नझार

खसँ भने तिम्रो आँखाबाट म
के हुन्छ ? अलि सोच विचार

डुब्नेलाई सुन्छु बचाउँछौ तिमी
सुनीललाई पनि एकफेर तार ।

दुई
प्रेमका फूल सजाएर हेर
मसँग फेरि लजाएर हेर

रुनहुन्न एक्लो भएँ भनी
सबैलाई मीत बनाएर हेर

थाक्छु किन म यत्तिकै पिएर
जति पनि पिउँछु पिलाएर हेर

रुँदैन 'सुनील' जति देउ दुख
घाइते मुटुलाई दुखाएर हेर ।

सुमन घिमिरे अग्रिम
लालबन्दी, सर्लाही

एक
कलुषित तिम्रो नेतृत्व बगाऊँ म कसरी ?
छन् सुतेका बस्तीहरू जगाऊँ म कसरी ?

हर्दम पाखा लागिरह्यो भुइँ तहको मान्छे
मान्छेका लागि समृद्धि मगाऊँ म कसरी ?

विचार बेचे सपना बेचे बेच्नै लागे देश
देशै बेच्ने नीति कोर्रा लगाऊँ म कसरी ?

कुर्सी कठोर भइरह्यो बुझ्दैन भाव भुइँको
कुर्सी रुँघ्ने थोत्रा मगज भगाऊँ म कसरी ?

दुई
जता छाम्छु उतै देश रोएको पाउँछु
कुण्ठित छन् मन, भेष रोएको पाउँछु

मुख हजार सल्बलाए छ एक चोक्टा
बराबरी भाग नपुग्दा शेष रोएको पाउँछु

फुटाउँछु लट्टा भन्दै गुजुल्ट्याउने देखि
शिवजीको जटा झैँ केश रोएको पाउँछु

आज पुर्खा रिसाए देखेर छिना-झम्टी
जता हेऱ्यो त्यतै परिवेश रोएको पाउँछु

सच्चिँदैनन् पाइला, गोरेटा सम्याउँदा नि
घच्घच्याएर सुधार्ने ठेस रोएको पाउँछु ।

सुमन पौडेल
लालबन्दी, सर्लाही

एक

जति टाढा भए पनि याद आउँछ किन ?
चोटमाथि फेरि पनि चोट छाउँछ किन ?

रङ्गी संसार पायौँ र बालक्रीडा भुल्यौ
चिनो सम्झी मन अझै धाउँछ किन ?

भूल हो मेरो हाँसो ठान्दै बस्नु मैले
बिछोडमा कोइली गीत गाउँछ किन ?

मिलनको सागरभित्र छचल्किने छाल
प्यास पिउँछु तर मुख बाउँछ किन ?

दुई

दोबाटोमा एक्लै छोडेर नै पो के भो र
तिमीले कसम तोडेर नै पो के भो र

लुकाएँ पीडाहरू जति तिम्रा खुसी चाहँ
हाँस्दै नाता अन्तै जोडेर नै पो के भो र

मेरा लागि कहाँ बाँचेकी नै छौ र भन्नू
चित्तामा मनमो घडा फोडेर पो के भो र

पुग्न सक्छौ गन्तव्य नि एक्लो नहुनू है
हिँड्दा हिँड्दै बाटो मोडेर पो के भो र

सुमित्रा आचार्य
लालबन्दी, सर्लाही

एक

नजर मिलायौ, सुस्तरी सुस्तरी,
असर दिलायौ,सुस्तरी सुस्तरी

पिउस प्यारको भनी हाँसी हाँसी,
जहर पिलायौ, सुस्तरी सुस्तरी

तिमी त्यो साँझमा मुस्कुराएर
नगर हिलायौ, सुस्तरी सुस्तरी

अतृप्त प्यासको सुवास खातिर,
अधर सिलायौ,सुस्तरी सुस्तरी

म फूल वासना तिमी बन्यौ रहर,
प्रहर बिलायौ, सुस्तरी सुस्तरी ।

दुई

शिक्षक पोशाकमा भट्टि धाउनेसँग गुनासो छ
दोहोरो नागरिकता दिने पाउनेसँग गुनासो छ

एकै छिनको वाहवाहीमा आफूलाई बिर्सिएर,
नाङ्गिएर मन्चमा नाच्ने गाउनेसँग गुनासो छ

छेपाराले रोगन फेरेजस्तो गरेर हिजोआज,
मुहार फेरिकन माया लाउनेसँग गुनासो छ

अनियमितता,भ्रष्टाचारको पट्टी बाँधिदिई,
गोरू दाएझैं कार्यकर्ता दाउनेसँग गुनासो छ

केवल पैसै सबथोक ठानी मातृभूमि बिर्सिई
विदेश गएर उतै हराउनेसँग गुनासो छ ।

सुशीला पौडेल
लालबन्दी, सर्लाही

एक

खुसी विनाको मुस्कान अब के गर्नु
तिमी विनाको बिहान अब के गर्नु

मरेछन् त आस्थाका फूलहरू पनि
लासविनाको चिहानलौ अब के गर्नु

भाग लगाउने रीति यहाँ बढेको छ
शिर विनाको सिरान नि अब के गर्नु

जून निभेको रातमा घामको टुकी छ
बैँस विनाको जवान यो अब के गर्नु ।

दुई

कहाँ हिँडेका होलान् हतार कस्तो
आमा नमिल्ने कतै बजार कस्तो

पैसा आउने, बैँस रित्याउने युग
कस्तो जमाना हो यो प्यार कस्तो

बरू यहाँहरू मुर्ति बोल्न तयार छन्
बोल्दै नबोल्ने लाटो सरकार कस्तो

साग बेचेर झैँ ज्यान बेचेर बच्छन्
कसै कसैको ! बाँच्ने आधार कस्तो ?

सौगात विश्वकर्मा
चन्द्रपुर, रौतहट

एक

मलाई जित्नेहरूको संगत मन परेको थिएन
जाने लासको खल्तीमा कैल्यै धन परेको थिएन

नातिले अहिले आई उद्योग नै खोलि दिएको छ
हजुर-बुबाको दाँतमा भने मन्जन परेको थिएन

परदेशीले तस्बिरहरूलाई यसकारण पनि हेरेन
बसेर धेरै बेर रोएको आँगन परेको थिएन

सम्पत्तिसँग दुश्मन जन्माउने तागत हुने रहेछ
अंश बाँड्नुभन्दा पहिले भनाभन परेको थिएन

उसको काँधमा हतियार बनाउने जिम्मा पऱ्यो
जसको भागमा घन थिए आरन परेको थिएन ।

दुई

म सोचथेँ मर्ने बेलामै हो आफ्नाहरू आउने
आज नदीभित्र छु भइरहेछ दुश्मन बचाउने

नछोई उसले तहसनहस बनाउँछ थाहा छ
जसलाई सुम्पेको छु जिम्मा घर भत्काउने

हरेक काम प्रेयसीले सिकाएपछि नै गर्थ्यो
दोधार पऱ्यो गएर यो सर्ट कसरी लाउने

हिटलर बनाऊ या बनाऊ बुद्धको जस्तो
कसैले काम दियो मलाई दिल बनाउने

हजुर जहिल्यै हाल हेरी हेरी डराइसिन्छ
कला चाहिन्छ यार हातखुट्टामा रमाउने ।

प्रदेश दुईको साहित्यिक इतिहास जीवन्त र अनुकरणीय छ

– गोपाल अश्क, साहित्यकार

(नवप्रज्ञापन साहित्यिक पत्रिकाको प्रदेश दुईस्तरीय प्रतिनिधि गजल विशेषाङ्कका निम्ति साहित्यकार गोपाल अश्कसँगको कुराकानी : नवप्रज्ञापन डेस्क)

० गोपालजी नमस्कार

- नमस्कार, नमस्कार ।

० अचेल के गरिरहनु भएको छ ?

- हिजोआज म प्रज्ञाको अनुवाद विभागको एउटा योजनाको कार्यमा व्यस्त छु । कुरो के छ भने जति हामी नेपालका पाठक तथा साहित्यकारहरू भारतको साहित्य, खास गरी हिन्दी साहित्यको बारेमा जान्दछौं, त्यति भारतका पाठक तथा साहित्यकारहरू हाम्रो नेपाली साहित्यको बारेमा जान्दैनन् । उनीहरूलाई नेपाली साहित्यबारे थाहा नै हुँदैन । यही अभिप्रायले मैले अनुवाद विभागका प्रमुख प्रा. डा. उषा ठाकुरज्यूसित कुरा गरेर नेपालका ५१ जना विशिष्ट समालोचकहरूको प्रतिनिधिमूलक समालोचनाहरूलाई हिन्दी भाषामा अनुवाद गर्ने परियोजनामा काम गरिरहेको छु ।

० तपाईका कृति कति छन् र कुनकुन विधामा कलम चलाउनु भएको छ ?

– तपाईले यो पनि सोध्नु पर्दथ्यो तपाईं कुन कुन भाषामा लेख्नु हुन्छ ? अनि मलाई जवाफ दिन अलिक सजिलो हुन्थ्यो । ल, ठीक छ । तपाईंले सोधे पनि, न सोधे पनि सम्बन्धित र सान्दर्भीक भएकोले म जवाफ दिँदै छु । हेर्नुस्, म नेपाली, भोजपुरी, हिन्दी, अङ्ग्रेजी र मैथिली भाषामा लेख्ने गर्दछु । यीमध्ये नेपाली, भोजपुरी र हिन्दीमा त निरन्तर र समान अधिकारले लेख्ने गर्दछु । यो भो मैले आफ्ना रचना तथा कृतिलाई समाजीकरण गर्ने माध्यम भाषाको कुरा । अब आउँछ विधाको कुरा । (हाँसेर) म पद्य र गद्य दुवै विधामा कलम चलाउँछु । मलाई मन

पर्ने विधा हो कविता, गीत, गजल, खण्डकाव्य, महाकाव्य, कथा, उपन्यास, नाटक, निबन्ध, नियात्रा, संस्मरण, समालोचना, शोध र अनुवाद आदि । मौलिक, अनूदित, शोध समालोचना, पाठ्यपुस्तक, शब्दकोश निर्माण र सम्पादित गरी मेरा पचास ओटा जति पुस्तकहरू प्रकाशित छन् ।

० एउटा मात्र कृतिको नाम लिनु पर्दा कुन कृतिलाई सम्झनु हुन्छ ?

- यो अलिक होइन, निकै कठिन कुरो सोध्नु भयो । कुनै एक कृतिको नाउँ लिन साह्रै गाह्रो । मेरा सबै कृति मलाई त्यत्तिकै प्रिय छन् । कम से कम नेपाली र भोजपुरीमा गरी दुई ओटा कृतिको नाम लिन छुट त दिनुस् । मैले आफ्नै मनले भर्नै हैं - भोजपुरीमा 'धँधोर' महाकाव्य र नेपालीमा 'प्रेमान्तर' (गजल महाकाव्य) । तर मैले आफ् ना सबै कृतिहरूलाई त्यत्तिकै मन पराउँछु ।

० यहाँको बसाई कता छ अचेल ?

- म यसलाई हेडक्वार्टर भन्ने गरेको छु । म अहिले ललितपुर महानगरपालिकाको हरिसिद्धि, प्रज्ञानगर टोलमा बस्ने गर्दछु ।

० यता बस्न थालेकामा उताका साथीहरू सन्तुष्ट छैनन् भन्ने सुनिन्छ , केही महशुस गर्नु भएको छ कि ?

– तपाईंले अलिक मिठो र नरम भाषामा भन्नु भयो । मैले त यहाँसम्म सुनेको छु कि गोपाल अश्क वीरगञ्जबाट पलायन भइसके । महसूस त किन नगर्नु । एक त आफू जन्मेको, हुर्केको, पढेलेखेको, खेलेकुदेको ठाउँको यसै सम्झना आइरहन्छ, त्यो पनि रिटायर्ड भइसकेपछि त झन आउँछ । त्यसमा पनि गोपाललाई गोपाल अश्क बनाएको त त्यही मेरो वीरगञ्ज हो । म कसरी बिर्सिन सक्छु आफ्नो ठाऊँ र आफ्ना साथीभाइहरूलाई । धेरै महसूस गर्दछु धेरै नै ।

० जागिर छाडेर पूर्णकालीन लेखक बन्नु भएका तपाई आफ्नो कर्मबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

– म २०७२ मा अनिवार्य अवकाशको कारणले सेवानिवृत्त भएँ । तपाईंलाई पनि थाहा छ, म बीमा क्षेत्रमा काम गरेको व्यक्ति हुँ । निर्जीवन र जीवन बीमा दुवैमा । त्यही आधारमा मैले बीमा सर्भेयरको लाइसेन्स प्राप्त गर्न सकैं र लगभग एक वर्ष जति बीमा सर्भेयर भएर काम पनि गरैं । तर एक वर्षमै थाहा पाई सकैं- यो काम गर्न म बनेकै होइन । सकिनँ । यद्यपि मेरो बीमा सर्भेयरको इजाजत पत्र नवीकरण हुँदै आएको छ । तरम अहिले, तपाईंले भने बमोजिम पूर्णकालीन लेखक बनेको छु । म त आफ्नो लेखन कर्मबाट पूर्ण रूपमा सन्तुष्ट छु । किनभने मलाई कसैले लेख भनेर लेख्न थालेको होइन, आफ्नै मनले भनेपछि यस क्षेत्रमा लागेको व्यक्ति हुँ । अब असन्तुष्टि कोसँग र किन गर्ने ? म पूर्ण सन्तुष्ट छु ।

० विभिन्न विधाहरूमा हात चलाउनु हुन्छ पाठकहरूले तपाईलाई कसरी चिन्ने त ?

– एकभन्दा बढी भाषा र विधामा कलम चलाउनेहरूको जीवनमा पहिचानको यो समस्या स्वाभाविक रूपमाआउने गर्दछ । म भाग्यमानी छु, मेरो लगभग सबै चिनारीलाई

पाठकहरूले मन पराइदिनुभा' को छ । म नेपाली साहित्यजगत्मा कथाकार, गजलकार, समालोचक तथा अनुवादकको रूपमा चिनिएको हुँ जस्तो लाग्छ । भोजपुरी साहित्यमा भोजपुरी भाषा र साहित्यको अभियन्ताकै रूपमा चिन्ने गर्दछन् । मलाई एउटा साहित्यकारको रूपमा चिने पुग्छ ।

० तपाई त बीरगञ्ज निवासी प्रदेश दुईको साहित्यिक अवस्था कस्तो छ ?

– प्रदेश दुईको साहित्यिक अवस्थाबारे सोध्नु भयो । के भनूँ, के नभनूँ जस्तो लाग्न थाल्यो । तपाईँलाई पनि थाहा भएकै कुरा हो, प्रदेश दुईमा आठ ओटा जिल्लाहरू छन् । पुरानो इतिहासको कुरा गर्ने हो भने समग्र नेपाली साहित्यलाई नै नेतृत्व प्रदान गर्ने तथा गरिमामय स्थानमा पुऱ्याउने कार्य प्रदेश दुईले गरेको देखिन्छ । उदयानन्द अर्ज्यालदेखि नै यो परम्परा चलिआएको छ । आठै जिल्लामा महान् साहित्यसाधकहरूको उपस्थिति रहेको देखिन्छ । नेपाली कविता,कथा, उपन्यास, गीत, नाटक, शोध समालोचना आदिका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने स्रष्टाहरूलाई यो प्रदेशले जन्माउने मौका पाएको छ । यस प्रदेशको साहित्यिक इतिहास निकै नै जीवन्त र अनुकररणीय रहेको छ । यस प्रदेशका साहित्यसाधकहरूको नाउँ यदि झिकिदिने हो भने, नेपाली साहित्यमा ठुलो रिक्तता आउँछ । तर वर्तमान समयमा प्रदेश दुईको साहित्यिक अवस्था त्यत्ति सन्तोषजनक देखिँदैन । प्रदेश सरकारसँग आशा गर्ने कि नगर्ने स्थितिमा यहाँका साहित्यिक मनहरू देखिन्छन् । अहिलेसम्म यस प्रदेशले न त आफ्नो नामकरण गर्न सकेको छ, न त भाषा, साहित्य, कला र संस्कृतिको विकास एवम् सम्वर्द्धनका निम्ति कुनै ठोस कामै गर्न सकेको छ । स्थानीय निकायहरूले केही मात्रामा गर्ने प्रयास गरेको देखिन्छ । वीरगञ्ज महानगरपालिकाले यो क्षेत्रमा अनुकरणीय र प्रशंनीय कार्य गरेको छ । भोजपुरी प्रतिष्ठानको गठन, त्यसको भवनको शिलान्यास, पं दीपनारापण मिश्रको नाउँमा तथा अन्य पुरस्कार हरूको घोषणा आदि कार्यले निश्चित रूपमा । हामी साहित्यकार, र त्यसमा मजस्तो वीरगञ्जेली साहित्यकारलाई त भनै आश्वान्वित तुल्याएको छ । निजी स्तरमा साहित्यिक संघ-संस्थाको सक्रियतामा अलिक बढी क्रियाकलाप गर्ने जिल्लामा सर्लाही अगाडि देखिन्छ । त्यहाँका नव पिँढिका साहित्यकारहरू उत्साही देखिन्छन् । प्रकाशनको क्रममा अगाडि बढ्दै छन् । यो जिल्लामा गजल लेख्ने क्रम अलिक बढी देखिन्छ । हालसालै 'सर्लाही जिल्लाका प्रतिनिधि गजलकार' (२०७७, सम्पादक : विवश पौडेल र अन्य) प्रकाशित भएको देखिन्छ । यो नराम्रो होइन, तर अन्य विधामा पनि साहित्यकारहरूको कलम चलिदिएको भए नेपाली साहित्य वाङ्मयलाई फायदा हुन्थ्यो ।

जहाँसमम मेरो शहर वीरगञ्जको कुरो छ, यहाँको पनि अवस्था ठीकठीकै रहेको छ । केही साहित्यिक कृतिहरू प्रकाशित भएका देखिन्छन् जसमा दिनेश गुप्ताले डा. ध्रुवचन्द्र गौतमको उपन्यास 'फूलको आतंक' को भोजपुरी

अनुवाद 'फूल के आतंक' (२०७७) र 'सेमर के फूल' (मुक्तकसङ्ग्रह, २०७७), गोपाल अश्कले भोजपुरी भाषामा लेखिएका १४ जना कथाकारका १४ ओटा कथाको नेपाली अनुवाद 'प्रज्ञा भोजपुरी कथा', गोपाल अश्क (२०७६) र डा. विश्वम्भरकुमार शर्माद्वारा लिखित 'भाषा र भोजपुरी भाषा' (२०७७) गोपाल अश्कको 'आधुनिक भोजपुरी समालोचना'(२०७७) डा. विश्वम्भरकुमार शर्माको 'नेपाली लघुकथा : दशा र दिशा'(२०७७), गणेशप्रसाद लाठका ' अघटित' र 'क्षमादान' (उपन्यास,२०७७) आदि कृतिहरू हालसालै प्रकाशित भएका देखिन्छन् । तर साँच्चि नै भन्नु पर्दा धेरै सन्तोष लिने ठाउँ छैन ।

खास गरी भोजपुरी भाषा साहित्य सिर्जना गर्नेहरूको दरिलो उपस्थिति देखिँदैन । स्वअध्ययनको कमी, फेसबुके साहित्यकार बन्ने होड, सामाजिक सञ्जालबाट चाहिनेभन्दा बढी वाहवाही लिने प्रवृत्तिले गर्दा राम्रो लेखन भइरहेको पाइँदैन । फेरी आत्मश्लाघाको भूत टाउको चढेर बोलिरहेको पाइन्छ । जसो तसो एउटा कविता, गजल वा मुक्तक लेख्ने, त्यसलाई फेसबुकमा तुरन्त पोस्ट गरिहाल्ने, तुरन्त पाठक प्रतिक्रिया, वाहवाही पाइहाल्ने, त्यसपछि त ....के भन्ने.... सबैभन्दा ठुलो साहित्यकार हुँ भन्ने भाव बोधले ग्रसित भइ अरूलाई बाल नगन्ने प्रवृत्ति यता अलिक बढी मौलाएको छ । फेरि प्रवृत्ति सबै भाषामा रचना गर्ने रचनाकारहरूमा देखिएको छ । मात्रा, कम बेस होला, त्यो अलग कुरो हो ।

वीरगञ्जमा साहित्यिक संघ-संस्थाहरू कुम्भकर्ण निद्राको अवस्थामा देखिन्छन् । मरे तुल्य गरी निदाएका छन, भन्दा पनि अत्युक्ति नहोला । एउटा थियो नारायणी वाङ्मय.....भन्ने बेला आइसकेको छ । एका देशमा एउटा थियो नेपाल भोजपुरी प्रतिष्ठान, नेपाल भोजपुरी समाज पनि भन्ने बेला आएको छ । अब यो भरखरै स्थापित भएको संस्था भोजपुरी प्रतिष्ठानको बारेमा स्वागत छ है बाहेक केही भन्न जरूरी छैन । यसबारे केही दिनपछि मात्र केही भन्न सकिएला । समग्रमा भन्नु पर्दा, प्रदेश दुईको साहित्यको वर्तमान अवस्था त्यत्ति सन्तोषजनक छैन ।

० **पुराना केही साहित्यकारहरूको नाम सुनाउनुस् न** ?

– मैले पढेको मात्र होइन, संगत पनि गरेको र कुनै न कुनै रूपमा उहाँहरूबाट लाभन्वान्ति पनि भएका साहित्यकारहरूको नाउँ लिन्छु है । यो खाली नाउँ लिनको लागि नाउँ लिएको होइन, श्रद्धा पनि प्रकट गरिएको हो मबाट । म नेपाली र भोजपुरी भाषा साहित्यकारहरूको नाउँ लिन चाहन्छु । नेपालीका वरिष्ठ उपन्यासकार धनुषचन्द्र गौतम (ध.च.गोतामे), डा. ध्रुवचन्द्र गौतम, प्रेमा शाह, डा.भीमचरण थापा, भीम विराग, विनय रावल, विमल निभा, रमेश गोर्खाली, डा. केशवप्रसाद उपाध्याय, निर्मोही व्यास, मुकुन्द आचार्य, डा. महावीर मयंक, डा. सूर्यदेव सिंह प्रभाकर, पं. दीपनारायण मिश्र, पुरूषोत्तम शर्मा, माधवप्रसाद गौतम, इश्हाक हुसैन, गोविन्द भट्ट, धुस्वा सायमी आदिको व्यक्तित्व र

कृतित्व सम्झिरहेको छु, अहिले । नयाँ अथवा मसँगसँगै लेख्ने साहित्यकार हरूको नाउँ लिन्न मैले । तपाईंको प्रश्न पनि होइन यो ।

० यहाँको त गजल महाकाव्य नै प्रकाशित छ, के प्रेरणाले लेख्नु भयो ?

– (हाँस्दै) प्रेममा पाएको असफलता र विफलता नै प्रारम्भिक प्रेरणाका स्रोत भए मेरो गजल महाकाव्य 'प्रेमान्तर' को विषयवस्तु वर्तमान समयमा देखिएका प्रेम प्रणयका विसङ्गतिहरू नै प्रेरणाका श्रोतहरू हुन् ।

० गजलका अन्य कृतिहरू पनि छन् कि ?

– छन् छन् । नेपालीमा 'जीवनको लेक र बेसी', भोजपुरीमा 'अभी बाकी बा' र 'बेकहल जिन्दगी', हिन्दीमा ' आग का मौसम' र अपनी भूलों के साथ अब रहने दो' (सम्पादक- कुमार सच्चिदानन्द) । यसका साथसाथै ' पर्वतों की ओट में' ३१ ऋोटा गजलहरू सङ्गृहीत छन् ।

० तपाईको दृष्टिमा गजल के हो ?

– ठ्याक्क यही प्रश्न कुनै बेला मेरा परम मित्र एवम् नेपाली गजलका एक सिद्धहस्त हस्ताक्षर डा. घनश्याम न्यौपाने परिश्रमीज्यूले गर्नु भा' को थियो । मैले भनेको कुरो उहाँले आफ्नो 'गजल सौन्दर्य मीमांसा' नामक पुस्तकमा पनि राख्नु भयो । मैले भन्दै आएको छु -' गजल आफैमा एउटा कठोर अनुशासनपद्धति र काव्यसिद्धान्त बोकेको स्वतन्त्र काव्यविधा हो जसमा विषयगत विविधता र मानवमनका हरेक लहरलाई समेट्ने कला सन्निहित हुन्छ । .... मानवमनका व्यथा, कथा र भोगाइलाई कलात्मक र आकर्षक ढङ्गले प्रस्तुतीकरण गर्न सक्ने साहित्यिक विधा गजल हो जसको आफ्नै मीमांसा रहेको छ ।

० गजल किन लेखिन्छ ?

– कुनै पनि विधाका रचना किन लेखिन्छन्, त्यसको जवाफ नै गजल किन लेखिन्छको जवाफ हो ।

० प्रदेशमा गजलको अवस्था कस्तो छ ?

– अर्थात् प्रदेश दुईमा गजलको अवस्थाबारे सोधियो... होइन । प्रदेश दुई गजल सिर्जनाका लागि प्रारम्भदेखि नै उर्वर छ । यस प्रदेशका लब्ध प्रतिष्ठित साहित्यकारहरूले गजल विधामा कलम चलाएर लोकप्रिय हुनाका साथै एउटा सम्मानजनक स्थान पनि हासिल गरे । यसै प्रदेशका हस्ताक्षर हुन् मनु ब्राजाकी र भीम विराग, जसका गजलहरू आज पनि गजलप्रेमीहरूको सम्झनामा छन् । राजेन्द्र विमल कम तर राम्रो र प्रभावशाली गजल लेख्ने स्रष्टा हुन्, यद्यपि उनको पहिचान नेपाली र मैथिली कथाकारको रूपमा बढी छ । रामभरोस कापडि भ्रमरले पनि गजलमा कलम चलाएका छन् र यिनको मैथिली भाषाका गजलकृति पनि प्रकाशित रहेको छ । त्यस्तै धीरेन्द्र प्रेमर्षि पनि राम्रा गजलकारको रूपमा चिनिने नाउँ हो । वर्तमान समयमा सर्लाही जिल्लामा गजल लेख्ने स्रष्टाहरूको राम्रो तथा दरिलो उपस्थिति रहेको छ ।

० गजल मार्फत् दिन खोजिएका कुरा अन्य विधा मार्फत् दिन सकिन्न ?

- बिल्कुल दिन सकिन्छ । नसकिने

कुरै होइन । वर्तमान समयमा प्रकाशित गजलहरूमा विषयगत विविधता पाइए पनि अधिकमांशमा श्रृङ्गारको दुई पक्ष संयोग र वियोग नै विषयवस्तुका रूपमा आएका देखिन्छन् ।

० आजका गजलकारहरू गजल नभै फजल लेखिरहेका छन् भन्ने आक्षेपहरू पनि छन् के हो तपाईको धारणा ?

- सबै गजल र गजलकारहरूमाथि यो आरोप लगाउन सकिँदैन । तर अधिकांश गजलहरू गजल नभएर फजल नै हुन्, यसमा कुनै दुइमत छैन ।

० प्रदेशमा बोलिने कुन कुन भाषामा गजल कृति प्रकाशित छन् ?

- मुख्य रूपमा नेपाली, मैथिली, भोजपुरी र हिन्दी भाषामा लेखिएका गजलहरूको सङ्ग्रह प्रकाशित छन् । अपवादको रूपमा भक्ति रिजाल आजादको एउटा गजलकृति प्रकाशित छ, जसमा आठ भाषामा लेखिएका गजलहरू सङ्गृहीत छन् ।

० नयाँ लेखकहरूको गजलप्रतिको आकर्षण कस्तो छ ?

– कति राम्रो प्रश्न, कति चतुर प्रश्न । नेपाली साहित्यमा दुई ओटा नै यस्ता विधा देखिएका छन् जसमा प्रत्येक दोस्रो रचनाकारले कलम चलाएको देखिन्छ, आख्यानमा लघुकथा र काव्यमा गजल । गजललाई प्रेम, शृङ्गार विषयलाई मात्र अभिव्यक्त गर्ने विधाको रूपमा मानेर पनि होला, वा कुनै सेरमाथि तत्क्षण 'वाह वाह' प्रशंसा पाइने रहरले होला, नयाँ लेखकहरू गजल लेखनमा आकर्षित भएका देखिन्छन् । यो आकर्षण नराम्रो होइन । पहिलो खुडकिलो हो, तर पछिका निकै खुडकिलाहरू चढ्नुपर्छ भन्ने कुरोको बोध हुन आवश्यक छ ।

० प्रदेशमा नेपाली भाषामा गजल कृति प्रकाशित गराउने कृतिकारको सङ्ख्या कति होला ?

– त्यत्ति धेरै छैन । दुई ओटा हातका औँलामा गन्ने लायक जतिको हुनुपर्दछ जस्तो लाग्छ मलाई । नामै लिन पनि सकिन्छ । पूर्वबाट नै गन्नौँ - धीरेन्द्र प्रेमर्षि, मनु ब्राजाकी, भक्ति रिजाल आजाद, बागियान शर्मा अर्थात नवराज रिजाल, अमर त्यागी, रामप्रसाद साह, भीम विराग, प्रकाश तिमिल्सिना, आफ्नो नाम पनि लिनै पऱ्यो नि, यानी गोपाल अश्क । एकाध वटा छुटेको पनि हुन सक्छ है । यो शोध अनुसन्धान त होइन नि ! छुटेका छन् भने माफ पाऊँ है !

० ती गजलहरू राष्ट्रिय मूलधारमा समेटिने खालका छन् ?

– पक्कै छन् नि । यसमा कहाँ कुनै शङ्का छ । मूल धार भन्या के ? काठमाडौँमा बसेर लेख्नेहरू मात्र मूल धारका होइनन नि, मोफसलमा बसेर पनि लेख्नेहरू मूल धारकै हुन् ।

० भाषा, साहित्य र संस्कृतिको उन्नयनमा साहित्यिक पत्रपत्रिकाको ठुलो योगदान रहने गर्छ कस्तो छ यहाँको खास अवस्था ?

- तपाईंले एउटा कुरा त जायज र राम्रो भन्नु भयो । हो, यो पक्कै हो साहित्यिक पत्रपत्रिकाको उन्नयनमा साहित्यिक पत्रपत्रिकाको ठुलो योगदान रहने गर्दछ । यो आधारमा कुरा गर्ने हो भने प्रदेश दुईमा साहित्यिक

पत्रपत्रिकाको पुरानो स्थिति जे जति राम्रो भए पनि वर्तमान अवस्था त्यत्ति राम्रो देखिँदैन । साहित्यिक पत्रपत्रिका निकाल्नु भनेको फलामको चिउरा चबाउनु हो । साहित्यिक पत्रपत्रिकालाई न सरकारी निकायबाट त्यत्ति सम्बल पाइन्छ, न त निजी संघ-संस्थाबाट । व्यक्तिगत कुरोको त कुरै छैन । व्यापारीहरू पनि निकै कम मात्रामा साहित्यिक पत्रपत्रिकालाई आर्थिक सहायता गर्दछन् । कुनै बेला मैले पनि गमक (भोजपुरी साहित्यिक पत्रिका) निकालेको थिएँ, बडो मुश्किलले तीन वर्षसम्म निकाल्न सकेँ । पछि आर्थिक अभावले गर्दा, छाडेँ ।

० साहित्यिक पत्रपत्रिकाप्रति जिम्मेवार निकाय संवेदनशील भएनन् भन्न खोज्नु भएको हो ?

– भएकै कुरो त गरेँ मैले । यसमा आरोप लगाउने कुरै छैन । निश्चित रूपमा साहित्यिक पत्रपत्रिकाप्रति जिम्मेवार निकाय संवेदनशील नभएकै हो । त्यस्ता निकायमा बस्ने महानुभावहरूले साहित्यिक सम्पादकहरूलाई पनि पत्रपत्रिकालाई कमाउने भाँडो बनाएको पात्र ठानेर तदअनुसार व्यवहार गर्ने गरेको देखिन्छ । यो कुरो सत्य होइन नि ! कुन साहित्यिक पत्रपत्रिकाले कसैको बारेमा केही गलत सलत छापेर ब्ल्याकमेल गरेको छ, आजसम्म ? त्यस्तो गर्ने न त लियाकत नै हुन्छ, न त कसैले पत्याएका नै हुन्छन् । भाषा, साहित्य, कला, सङ्गीत, संस्कृति, धर्म, पर्यावरण जस्ता सामाजिक सरोकारका विषयहरूमा चिन्तन मनन गर्ने व्यक्तिहरूको केही कुरा छाप्दैमा कसलाई के बिगाड भएको छ आजसम्म ? फाइदा नै भा'का होला । यदि होला भने ! यो कुरो ती जिम्मेवार निकायले बुझिदिएन ।

० बारा जिल्लाबाट बिगत २९ वर्षदेखि नवप्रज्ञापन साहित्यिक पत्रिका प्रकाशित भैरहेको छ । यसको ९२ औँ अङ्क प्रदेश दुईका गजल समेटेर गजल विशेषाङ्कका रूपमा आउने तयारीमा छ । पत्रिकाको कामको मूल्याङ्कन त भविश्यले गर्ला तर अहिले तपाईलाई केही भन्न मन लागेको छ ?

– धन्न ! सास्टाँग दण्डवत छ नवप्रज्ञापन र नवप्रज्ञापनजस्ता साहित्य सेवीहरूलाई । नवप्रज्ञापन र म दुवै एउटै प्रदेशका हौँ । त्यसमा पनि एकअर्कासँग टाँसिएका जिल्ला पर्सा र बाराका हौँ । यत्ति मात्र होइन, नवप्रज्ञापनका सम्पादकसँग मेरो चिनजानको अवधि कम्तीमा तीन दशकको छ । हामीले एकअर्कालाई राम्ररी चिनेका छौँ । मलाई थाहा छ तपाईं कति दुःख, पिडा र सङ्घर्षले यो नवप्रज्ञापन भन्ने पत्रिका निकालिराख्नु भा'के छ ।

एकाध वर्षसम्म निकालेर हेरौँ न के हुन्छ भन्ने मनसायबाट थालनी भएको तपाईंले तीन दशकको छेउमा हुनुहुन्छ । यो चानचुने कुरो होइन । दृढ इच्छा शक्ति र निरन्तर लगन तथा सम्पर्ण भावको प्रतिफल हो । मैले थाहा पाए सम्म यो तपाईंको पत्रिकाको अठारौँ विशेषाङ्क हो । यस अघि नवप्रज्ञापनको सत्र ओटा विशेषाङ्कहरू प्रकाशित भएर आफनो लोकप्रियता तथा सान्दर्भिकता प्रमाणित गरिसकेका छन् । तपाईंले नेपाली भाषा साहित्यको मात्र सेवा

गरिराख्नुभा'को होइन, हाम्रो देशका विभिन्न भाषाहरूमा लेखिएका साहित्यको सेवा पनि गरिराख्नुभा'को छ ।

प्रदेश दुईका भएकाले तपाईंको भोजपुरी, मैथिली, बज्जिका, थारू लगायतका भाषाप्रतिको प्रेम महनी छ । म भाषा र साहित्यसेवी भएकोले यसका निम्ति तपाईंप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यो पुण्यको काम हो, यो आफू जन्मे, हुर्केकोको ठाउँ, घर परिवार, समाज र देशप्रति गम्भीर रूपमा केही गरेर जाने अभिष्टको काम हो । समयले तपाईं र तपाईंको नवप्रज्ञापनको जे जस्तो मूल्याङ्कन गर्ला, गर्ला, त्यो आफ्नो ठाउँमा छ ।

तर के यो कम महत्त्वपूर्ण कुरो हो कि नेपाली साहित्य वृत्तमा नवराज रिजाल र नवप्रज्ञान एकअर्काको पर्यायको रूपमा चिनिन्छन् ? के यो कम उपलब्धिको कुरो हो कि आज नयाँ त नयाँ, स्थापित र लोकप्रिय रचनाकारहरू पनि आफ्ना रचना तपाईंको पत्रिकामा छपाउन चाहन्छन्? मलाई लाग्छ, यही हो तपाईंको सही मूल्याङ्कन । यही हो नवराज रिजाल र यही हो उनको पत्रिका नवप्रज्ञान' यो पहिचान बनेकोछ, ।

० अन्त्यमा प्रदेश दुईको भाषा साहित्य र तपाईका लेखन बारेमा मैले सोध्न बिर्सेका र यहाँलाई भन्न मन लागेका थप कुरा भए ?

– सोध्ने र भन्ने परम्परा चलिर हुन्छ, जीवनपर्यन्त । एक बसाईमा जे जति तपाईंले सोध्नु भो र मैले पनि जे जति भन्न सकैं, यही नै यो बसाई र कुरा गराइको सुखद् परिणाम हो । हाम्रो भेट हुने नै गर्छ, बस यति मात्र कामना छ, त्यो क्रम भङ्ग नहोस् । हामी एउटै जाति धर्म अर्थात् साहित्यक र मानवतावादका सदस्य हौं । जीवन रहुञ्जेल केही राम्रा कुरा तपाईंले गर्न सक्नु होस्, केही राम्रा कुरा म गर्न सकूँ, यही मेरो भनाइ हो, यही मेरो मनको कुरा हो । मलाई मेरा कुराहरू राख्ने अवसर र स्थान दिनु भो, त्यसको लागि हार्दिक आभार प्रकट गर्दै तपाईंकै पत्रिकाका माध्यमबाट ती सारा जागरूक पाठकरूप्रति पनि आभार प्रकट गर्दछु, जो मेरा कुरा वा भनाइ पढिदिनु भो । पाठक नै लेखकका देवता हुन्, देवी हुन् । ती मेरा देवी देवतालाई नमन । सबैलाई नमन । मेरा प्रदेशका प्रत्येक नागरिकलाई नमन । मेरो देशलाई नमन । हरेक स्पन्दन, हरेक भाव, प्रकृति, आमा, बुवा, सन्तति सबैलाई नमन । नमन छ, नवराजजी तपाईंलाई ।

नयाँ वर्ष २०७८ सालको अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम परिवार

प्रदेश दुईका केही गजल कृति

● रमेश समर्थन

१. **प्रदेश दुईको भूगोल** :

गणतान्त्रिक नेपालको स्थापनापछि नेपालका साविक तीन अञ्चलका आठवटा तराईकेन्द्रित जिल्लाहरू प्रदेश दुईमा परेका छन् । ती हुन् : पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी । यीमध्ये केही पूर्ण समथर भूभाग मात्र भएका जिल्ला हुन् भने केहीले चुरेको दक्षिणी ढलानलाई समेटेका छन् । यहाँ मैथिली, भोजपुरी, नेपाली, बज्जिका, थारू, उर्दू, तामाङ, मगर र नेवार भाषीहरूको बसोबास छ । माथि उल्लेख गरेका बाहेक अल्प सङ्ख्यामा अन्य समुदायहरूको पनि मिश्रीत बसोबास छ ।

मैथिली, भोजपुरी, नेपाली, बज्जिका, उर्दू, थारू, तामाङ आदि यस प्रदेशमा बोलिने मुख्य मातृभाषा हुन् । ८९ भाषाहरूको अस्तित्व रहेको यहाँ अन्य भाषा नभएका हैनन् तर ती भाषाहरूमा साहित्यिक लेखन पाईदैन । तर माथि नाम उल्लेख गरिएका भाषाहरूमा साहित्यलेखन भएको छ । अर्थात् आआफ्ना मातृभाषा विकास र समृध्दिका लागि भाषा प्रेमीहरू अहोरात्र खटिरहेको अवस्था छ । सामाजिक कारण यहाँका सम्पर्क भाषा नेपाली, मैथिली, भोजपुरी र हिन्दी हुन् । औपचारिकतामा बाहेक नेपालीभाषीहरू पनि अन्य भाषाभाषीसित सम्पर्क गर्दा मैथिली भोजपुरी र हिन्दीको प्रयोग गर्छन् ।

२. **नेपाली साहित्यमा प्रदेश दुईको योगदान** :

यस प्रदेशले नेपाली साहित्यलाई गौरव गर्नयोग्य स्रष्टाहरू दिएको छ र ती स्रष्टाहरूले नेपाली साहित्यमा मनग्गे योगदान गरेका छन् । साहित्यका विविध क्षेत्रहरूमा प्रदेशको गौरवपूर्ण योगदान छ । कविता क्षेत्रमा सूत्रकवितादेखि हाइकु, मुक्तक, लामाछोटा फुटकर कविता, खण्डकाव्य र महाकाव्यसम्म छन् भने रूपक क्षेत्रमा एकाङ्की र पूर्णाङ्की नाटकहरू छ । आख्यानमा सूत्रकथादेखि लघुकथा, कथा र चर्चित उपन्यासहरू छन् भने गैरआख्यानिक गद्यमा समालोचना, समीक्षा, नियात्रा, संस्मरण र निबन्धका दरिला कृतिहरू छन् ।

यस प्रदेशले भौतिक तथा साहित्यिक रूपमा राष्ट्रलाई दिएका स्वनामधन्य लेखकहरूमा यदुनाथ पोखरेल, उदयानन्द अर्याल, जगन्नाथ

गुरागाई, डा.ईश्वर बराल, सुन्दर झा शास्त्री, गोविन्द भट्ट, कलानाथ अधिकारी, भीम विराग, श्यामप्रसाद, धुस्वाँ सायमी, मनु व्राजाकी, मंगलकुमार नेपाल, प्रा. डा. केशवप्रसाद उपाध्याय, डा.महाविरप्रसाद 'मयक', इस्माली, योगेन्द्र प्रसाद यादव, रामअवतार यादव, चन्द्रशेखर उपाध्याय, रामहरि जोशी, कुलचन्द्र केइराला, पार्थमणि भट्टराई, जयनारायण झा 'जिज्ञासु', प्रेमा शाह,क्या.जनकबहादुर राणा, पं दीपनारायण मिश्र, भीमचरण थापा, विनय रावल, विमल निभा, दिनेश अधिकारी, ध.च. गोतामे, ध्रुवचन्द्र गौतम, डा.रामदयाल राकेश जस्ता नामहरू अग्रपङ्तीमा छन् ।

यसैगरी कुन्दन शर्मा,जयनारायण गिरी, रामप्रसाद राय,डा.राजेन्द्र विमल, निर्मोही व्यास, रमेश गोर्खाली, विश्वम्भर कुमार शर्मा, गोपाल अश्क, शीतल गिरी, माधव काफ्ले, धीरेन्द्र प्रेमर्षि, रामभरोस कापडि 'भ्रमर', विश्वराज अधिकारी, गोपाल ठाकुर, नवराज रिजाल , अमर त्यागी, अच्युत खनाल, राम खनाल, हरि कृष्ण काफ्ले, नारायण निराशी, रमेशमोहन अधिकारी, सञ्जय साह 'मित्र', रामप्रसाद साह, हिर्दयनारायण चौधरी,शान्ती चौधरी, अनन्त कोइराला,लीलाराज दाहाल, रामप्रसाद अधिकारी, जगदीशप्रसाद पङ्कज, सुनिल कुमार, ब्रह्मनारायण यादव, जीवन आचार्य, जगदीशप्रसाद पङ्कज, सञ्जय सुदामा अन्य नामहरू हुन् ।

माथिका नामहरू त संम्झका केही नामहरू मात्र हुन् । यहाँ सक्रिय सबै साहित्यकाहरूको नाम सङ्कलन गर्ने हो भने त्यसको सूची निक्कै लामो हुनेमा कुनै शङ्का छैन । त्यस्ता नामहरू यहाँ आउन बाँकी नै छ । आएका यी नाम केवल सङ्केत मात्र हुन् । सबैले प्रदेश दुईलाई साहित्यका माध्यमबाट राष्ट्रमा चिनाउने काम गरेका छन् ।

प्रदेश दुईका गजलकार :

गजल आज कुनै परिचयको मोहताज छैन । यसले साहित्यमा आफ्नो सशक्त स्थान प्राप्त गरिसकेको छ । स्नातकोत्तर तहको शोधमा मात्र नभई विद्यावारिधिको शोधमा पनि गजलले स्थान पाएको छ । पाठ्यपुस्तकमा पनि आधुनिक गजलले प्रवेश पाएको छ । गजलमा केन्द्रित राष्ट्रिय कार्यक्रमहरू हुन थालेका छन्, बहसहरू भइरहेका छन् र मानक गजलका आधारहरू निश्चित गर्ने प्रयास भइरहेका छन् । गजलकारहरू सम्मानित र पुरस्कृत भइरहेका छन् । गजलसित सम्बन्धित उपाधिहरू दिने र लिने स्पर्धा पनि छ ।

गजललाई शास्त्रीयतामा बाँध्ने प्रयत्न पनि भइरहेका छन् । बहर वा छन्दमा गजल लेख्ने, लेख्न सिकाउने र लेखाउने प्रत्यक्ष र अनलाइन कार्यशालाहरू सञ्चालित भइरहेका छन् । गजलको पारम्परिक परिभाषालाई टपक्क टिपेर स्त्रीसितको कुराकानी मात्र गजल हो भन्ने बहस पनि चलेका छन् यद्यपि गजलले शराब, शबाब र नवाबलाई छोडेर समाजका विविधतालाई आफ्नो विषय बनाउन थालेको धेरै भइसक्यो । खैर, बहस हुनु भनेको जीवन हुनु हो यसलाई सकारात्मक नजरले हेरिनु आवश्यक छ ।

उपलब्ध सामग्रीका आधारमा यस प्रदेशमा कृति प्रकाशित गर्ने र फुटकर गजल लेखनमा सक्रिय गजलकार

हरूको नामावली यस प्रकार छ :

१. **पर्सा जिल्ला**

कृतिकारहरू –गोपाल अश्क, र भीम विराग, अन्य – अरूणविक्रम शाह, धर्मेन्द्र भट्टराई, डा. रामभक्त ठाकुर, लक्ष्मी श्रेष्ठ र डा. विश्वम्भर शर्मा

२. **बारा**

कृतिकारहरू – अमर त्यागी, बागियान शर्मा र रामप्रासाद साह, अन्य – शिव सन्देश, अच्युत खनाल, इशहाक हुसैन, जुनू क्षेत्री, निर्मोही व्यास, प्रगति गुप्ता, पृथ्वीराज पाण्डे, भोला चौलागाईं, राम खनाल, राम पराजुली र शिव सन्देश

३. **रौतहट**

कृतिकारहरू – खेम बोलखे र प्रकाश तिमल्सिना, अन्य – गान्धी गौतम, श्याम सहनी, केशव क्षितिज, जीसी हरि, दीपक खड्का, दीपक पाठक, निर्मल पौडेल, मनोज विश्वकर्मा, माधव काफ्ले, रमेशमोहन अधिकारी, राम उदित, रेणु गुप्ता, लक्ष्मण आचार्य, लक्ष्मी गौतम, विक्रान्त शर्मा, शालिग्राम शर्मा, शीतल गिरी, श्यामहरि चौलागाईं, समीर पाण्डे र सुमी कोइराला

४. **सर्लाही**

कृतिकारहरू – अर्जुन थापा, कमल नेपाल, कवि सुवेदी, कृष्ण दाहाल, चण्डिका मैनाली, जीवन आचार्य 'निश्चल', नारायण निराशी, पवन कार्की, प्रमिला पोखरेल, भक्ति रिजाल, मनीषा भट्टराई, मिलन कोइराला, डा. वशी मिकरानी, वसन्त पौडेल, विवश पौडेल, सुमित्रा आचार्य र सुरेश वाग्ले, अन्य– श्रवण के भट्टराई,चन्द्रकिशोर, मनोज बखेल, रादरेश महतो, रामनारायण चौधरी, लवहरि ढुङ्गेल, शून्यप्रकाश, सञ्जय सुदामा र सुमन घिमिरे

५. **महोत्तरी**

कृतिकारहरू– ध्रुवराज गिरी 'रोदन', मनु व्राजाकी र रमेश अजीब, अन्य – किशोर अधिकारी, केदार गौतम, जीवनस्पर्शी, दीपचन्द्र मण्डल, निर्मल पौडेल, मीना आले, यशोदा श्रेष्ठ, रामगोपाल यादव, सुभद्रा भुजेल र हरेराम यादव, श्रुति आले, अर्जुन थापा, प्रितिन्जला थापा ।

६. **धनुषा**

कृतिकारहरू – धीरेन्द्र प्रेमर्षि, अन्य – तोयानाथ घिमिरे, दिनेश पौडेल 'गरिब', दिल पौडेल, राजाराम सिंह, रामभरोस कापडि 'भ्रमर', लीला घिमिरे र श्यामसुन्दर शशी ।

७. **सिराहा**

अन्य– अर्जुन गुप्ता, यमुना खनाल, रामरिझन यादव र रोहित न्यौपाने ।

८. **सप्तरी**

अन्य – अशोक अमन, करूणा झा, कुन्दनकुमार कर्ण, गजेन्द्र गजुर, देवकरण माझी, देवेन्द्र मिश्र, देवेन्द्र साह, घमलाल भट्टराई, नन्दलाल आचार्य, पार्वती राउत, पुनम ठाकुर, मनोहर पोखरेल, रवेन्द्र रवि, रामप्रसाद गौतम, ललिता साह 'प्रतिज्ञा', विद्यानन्द बेदर्दी, श्यामप्रीत मण्डल, शम्भुश्री, सागरवीर कडारी र साधना झा ।

माथि उल्लेख गरिएका नामहरू केही बहुभाषिक हुन् भने केहीले मातृभाषामा मात्र लेखेका छन् । त्यस्तै केहीका संयुक्त सङ्ग्रह पनि प्रकाशित छन् । प्रदेश दुईमा गजलकृति प्रकाशित गर्नेहरूको सङ्ख्या सानो भए पनि उत्साह र उमङ्ग भने

अति नै ठुलो छ ।

केही गजलकारहरू ती जिल्लामा घर भई त्यहीँ बसेर गजलरचनामा सक्रिय छन् भने केहीले बाहिरबाट पेसाको सन्दर्भमा त्यहाँ आएर बस्दा कृतिप्रकाशन गरेका छन् । उनीहरू पछि आफ्नो गृहजिल्लामा गएर पनि सक्रियता देखाइरहेको देख्न सकिन्छ । खासगरी डा. घनश्याम परिश्रमी र रमेश समर्थनले जागीरको सिलसिलामा यहाँ रहँदा साहित्यको विकासमा महत्वपूर्ण योगदान गरेका छन् । अझ गजलका क्षेत्रमा त विशेष काम नै गरेर यो क्षेत्रमा गजल लेखनमा विशेष काम गरेका छन् । यो आलेखमा विशेषतः नेपाली भाषामा गजलकृति प्रकाशित गरेकाहरूमध्येबाट यथोपलब्ध कृतिका बारेमा छोटो परिचयात्मक चर्चा गरिएको छ । यहाँ प्रस्तुत गजलहरू जस्ताको त्यस्तै राखिएका छन् । मूलमा कुनै फेरबदल गरिएको छैन ।

अमर त्यागी – पहिले बारा जिल्लामा घर भई पछि काठमाडौं हुँदै अहिले अमेरिकाको आयोवा पुगेका अमर त्यागीको 'बाँसुरीमा आँसुको गीत' भन्ने गजलसङ्ग्रह २०५७ सालमा बाराबाटै प्रकाशित भएको हो तर त्यो कृति मसँग उपलब्ध नभएको हुँदा त्यसबारेमा केही भन्न सक्ने असमर्थता व्यक्त गर्दै उनले मेरो अनुरोधमा अमेरिकाबाट पठाएका दुईवटा गजलहरू प्रस्तुत गर्दछु –

१.

छ श्रद्धा घटेको र ईर्ष्या बढेको
सबै देखिँदै छन् धुरीमा चढेको

चुँडी फूलथुंगा छ ढुंगा पुजेको
सयौं कोपिला छन् चितामा डढेको

जिउनुको अकरमा छ यात्रा जुरेको
सधैँ पाइलामा छ काँढा गढेको

यहाँ आहरिसले छ मान्छे जलेको
कुहीँ भित्र फर्सी छ भित्रै सढेको

हुरीमा बलेको दियोझैं बनेको
कथा जिन्दगीको छ कसले पढेको

२.

बनी फूलथुङ्ना फुल्यौं यो धरामा
सही ताप चर्को खुल्यौं यो धरामा

रूख न हौं, सबै छौं, अडेका जरामा
रमी मृत्तिकामा घुल्यौं यो धरामा

फली जिन्दगीका रूपौला गरामा
भई अन्नबाली झुल्यौं यो धरामा

गरी आफूलाई रूपान्तर चरामा
उडी फट्फटाई डुल्यौं यो धरामा

घुमी विश्व सारा फिरी कन्दरामा
सबै चोट चिन्ता भुल्यौं यो धरामा

दुबै गजलहरूमा गजलको शास्त्रीय बहर मुतकारीब मुसम्मन सालीमको अभ्यास भएको छ तर यतिभङ्गता र गतिभङ्गता यत्रतत्र पाइन्छ । पहिलो गजलमा हरेक मिसरामा काफियाको प्रयोग भएको छ भने दोस्रोमा रदीफसित मिल्दा ध्वनिहरू हरेक मिसरामा आएका छन् । पहिलो गजलले मानवीय तथा सामाजिक प्रवृत्तिमाथि आलोचनात्मक दृष्टि राखेको छ भने दोस्रोले मनवजीवनका विविध आयामहरूमाथि दृष्टिपात गरेको छ ।

गोपाल 'अश्क' – पर्सा जिल्लाका भोजपुरी मातृभाषी गोपाल 'अश्क' नेपाली, भोजपुरी र हिन्दीमा समेत गजलकृति प्रकाशित गर्ने जाँगरिला गजलकार हुन् । उनले नेपालीमा त 'प्रेमान्तर' शीर्षकको गजल महाकाव्य नै लेखेका छन् । हाल मसँग उनका दुईवटा गजलसङ्ग्रहहरू उपलब्ध छन् : २०५४मा प्रकाशित भोजपुरी गजलसङ्ग्रह 'अभी बाकी बा' र २०५६मा प्रकाशित नेपाली गजलसङ्ग्रह 'जीवनको लेक र बेसी' । 'जीवनको लेक र बेसी'मा अश्कका एकाउन्नवटा गजलहरू सङ्कलित छन् र तिनबाट दुईवटा गजलहरू उदाहरणार्थ प्रस्तुत गर्दछु–

१. (**एक नम्बरमा रहेको**)
मानव–कथा हो मेरो गजल
प्रकृति–व्यथा हो मेरो गजल

प्रेमको सागरमा डुब्ने होइन
शिष्ट यदाकदा हो मेरो गजल

मेरो गजल हो दर्पण जीवनको
भोगाइ सर्वथा हो मेरो गजल

सामाजिक यथार्थ युगबोधको
स्व–कपडा लता हो मेरो गजल

कहिले पीडा कहिले खुशी 'अश्क'
गंगा नर्वदा हो मेरो गजल

२. (**एकाउन्नौं नम्बरमा रहेको**)
तिमी मेरो शब्दको संगीत बनी जाऊ
मेरो जीवनको मीत बनी जाऊ

आकाशको बादलझैं तिर्खाएको छु म,
साउनको झरीजस्तै मीत बनी जाऊ

म त जीवनभरि गुण दोषमा नाचिरहें,
अनन्य प्रेम, परिणामरहित बनी जाऊ

हिंजोको थाहा र आजको ठीक छैन
भोलिको के भनूँ मेरो संचित बनी जाऊ

जीवन हौ, बन्न सक्छौ, चाहेको खण्डमा
गोपाल, राधाको प्रेम गीत बनी जाऊ

पहिलो गजलमा आफ्ना गजलका विषय प्रवृत्तिका विषयमा अभिव्यक्ति दिइएको छ भने दोस्रोमा प्रेमको आह्वान छ । दुबै मुरद्दफ गजल हुन् भने दुबैमा गजलकारले तखल्लुसको प्रयोग गरेका छन् । पहिलोमा उपनाम 'अश्क' र दोस्रोमा मूल नाम 'गोपाल' तखल्लुस हुन् । पहिलो परिचयात्मक छ भने दोस्रोले सेरमा आफ्नो शाब्दिक अर्थ पनि वहन गरेको छ ।

प्रकाश तिमल्सिना – २१ वर्षकै उमेरमा गजलसङ्ग्रह प्रकाशित गर्ने प्रकाश तिमल्सिना २०३९ सालमा रौतहटको चन्द्रनिगाहपुरमा जन्मेका हुन् र २०६०मै उनको गजलसङ्ग्रह 'केही फूल केही काँडा' शीर्षकबाट प्रकाशित भएको हो । यसभित्र विषयसूची र शीर्षकसहितका उनका एक सय एक गजलहरू छन् प्रत्येक पृष्ठमा दुईवटाको दरले । स्वाभाविक रूपमा युवासुलभ सिकारूपन यिनका गजलमा पाइन्छ । सेरहरूको सङ्ख्यामा भने पाँचको मानकता कायम गरेका छन् । केही गजलहरू पत्रिकाहरूमा पनि प्रकाशित देखिन्छन् । प्रस्तुत छन् उनको यसै कृतिभित्रका दुई गजलहरू:

१. **न मरूभूमि**
न मरूभूमि न सागर हो जिन्दगी
न हिमनदी न बगर हो जिन्दगी

न प्राप्ति चाहन्छ न दिन्छ केही
न कुनै बाध्यता,न रहर हो जिन्दगी

जन्मनु भनेकै त, मर्नु हो भने
न कुनै अमृत, न जहर हो जिन्दगी

तालभैं जम्दैन, समयभैं निरन्तर छैन
न सुन्दर गाउँ, न शहर हो जिन्दगी

कहिले हाँस्दा हाँस्दै रुन्छ धरधरी
न कुनै बगाई, न लहर हो जिन्दगी

२. **बाँकी ती**

बाँकी ती सबै, वन्दनाको गजल सुनाएँ
धेरै पछि आएका सम्झनाको गजल सुनाएँ

निदरीमा लुट्पुटिएर निदरीमै हराउँदा हराउँदै
अनायासै झस्किएर सपनाका गजल सुनाएँ

मनका कति चाहनामा, नेलकडी लगाई थुनेपछि
हजुरलाई आफ्नै सम्झी, तिर्सनाका गजल सुनाएँ

जीवन सुखीहोस् भन्दै, देवी देउता भाकेर
भुल्दै आफैंले गरेको प्रार्थनाको गजल सुनाएँ

यथार्थ निकट आइपुग्दा, अनायासै बिउँझिएर
जीवन भन्नु भूल ठान्दै, विपनाको गजल सुनाएँ

हो, युवा गजलकारमा युवासुलभ शृङ्गारिक आकर्षणका गजलहरू धेरै छन् तर विचारप्रधान र सामाजिक, राजनीतिक तथा विसङ्गतिका कुराहरू पनि उनका गजलमा पाइन्छन् । हरेका गजलका आरम्भिक पदावलीहरू नै गजलका शीर्षक बनेका छन् । यो कृतिपछि भने उनका अन्य गजलहरू त्यति देखिएका छैनन् ।

बागियान शर्मा :

बागियान शर्मा स्वाभिमानबस्ती, जीतपुर सिमरा उपमहानगर पालिका–१६, बाराका स्थायी बसोबासी हुन् । उनी लामो समयदेखि गजल लेखनमा सक्रिय छन् । बागियान शर्मा उनको उपनाम हो र गजलमा उनी यसै नामले चिनिन चाहन्छन् । गजल लेखन बाहेक अन्यत्र उनले यो नाम प्रयोग गरेको देखिँदैन ।

नेपाली आख्यान, बालसाहित्य र साहित्यिक पत्रकारिता क्षेत्रमा पनि उनी अत्यन्तै सक्रिय छन् । ती क्षेत्रमा उनका डेढ दर्जन हाराहारीमा कृतिहरू पनि प्रकाशित छन् तर त्यहाँ अर्कै नामले परिचित छन् । लेखक स्वयंले गजलमा त्यो नाम उल्लेख नगरेका कारण वास्तविक परिचय दिन आवश्यक ठानिएन ।

यिनले दुईवटा गजलसङ्ग्रहहरू प्रकाशित गरेका छन् । पहिलो सङ्ग्रह 'चुपचाप-चुपचाप' २०६६ सालमा र दोस्रो गजल सङ्ग्रह 'गुपचुप-गुपचुप' २०७७ सालमा भएका हुन् । मसँग अहिले उनको पहिलो कृति छ । यसभित्र चौंसट्ठीवटा गजलहरू छन् र यिनमा शीर्षक मोह देखिन्छ । आफ्नो गजलको पहिलो पदावलीलाई नै शीर्षक बनाएका छन् । यिनी सचेत लेखक हुन्, त्यसैले यिनका गजलमा परिपक्वता पाइन्छ । म यसै कृतिभित्रका दुईवटा गजलहरू प्रस्तुत गर्दै छु –

१. **यत्रतत्र पोखिएको**

यत्रतत्र पोखिएको छु
तराजुमा जोखिएको छु
यस्तै रै'छ जीवन–यात्रा
प्रगतिमा रोकिएको छु

बिर्सिएर आफैंलाई म
आदेशमा तोकिएको छु
काँडालाई फूल मानिनँ
असमयमै पोकिएको छु

समष्टि हो 'बागियान'
पीडाभित्र ठोकिएको छु

२. **मानवता**

मानवता हिंजोआज लाग्न थाल्यो जेल हजुर !
फुलेको छ स्वार्थैस्वार्थ चारैतिर नेल हजुर !

एकातिर अग्ला पर्खाल उठेका छन् आदर्शका
अर्कोतिर मान्छे मार्ने जताजतै खेल हजुर !

मुख थुन्दै 'बोल' भन्छन् एक बथान मान्छेहरू
देखिँदै छ यत्रतत्र सभ्यता नै फेल हजुर !

व्यक्तिपिच्छे परिभाषा फरक-फरक देखिँदै छ
विनाबादल, विनापानी आउँदो रै'छ भेल हजुर !

एक रोई अर्को हाँस्ने घीनलाग्दो परम्परा
यतिखेर सोच्दै छु म जिन्दगी नै झेल हजुर !

स्रष्टाले कुनै एक प्रतिनिधि पात्रका भोगाइलाई लिएर प्रवृत्तिको चित्रण गर्दछ । तसर्थ रचनाको पात्र व्यष्टि नभएर समष्टि हो र भोगाइ पनि समष्टि नै हो । यही भाव छ पहिलो गजलमा । यसमा यिनले तखल्लुसको पनि प्रयोग गरेका छन् । दोस्रो गजलमा मानवता हराएको कुरामा चिन्ता व्यक्त गरिएको छ । व्यक्तिपिच्छे मानवताको परिभाषा हुने, मुख थुनेर बोल्न लगाउने एउटालाई रूवाएर अरू हाँस्ने घिनलाग्दो अवस्थाप्रति गजलकारको गुनासो छ । दुबै गजल अक्षरसन्तुलनमा छन् । बागियानका धेरै गजलहरू समसामयिक विषयमा लेखिएका छन् ।

निष्कर्ष : गजल शास्त्रीय तथा लयात्मक विधा हो । यसका निम्ति छन्दविधान पनि भएकाले छन्द वा बहरमा लेखिएका गजलहरू सुन्दर हुन्छन् नै । तर छन्द मिलाउँदैमा मात्र पनि भावको गहनता, उक्तिको वैचित्र्यजस्ता अन्य थुप्रै गुणहरूको अभावमा गजलको संरचना त होला तर गजल नै भने निश्चय नै हुँदैन । तसर्थ सकेसम्म बहर वा छन्दमा नभए मात्रात्मक लयमा, नभए नेपाली लोकलयमा, नभए अक्षरसमतालाई आधार बनाएर भावपूर्ण, चमत्कारपूर्ण र आह्लादपूर्ण गजलसृजना गर्नु नै उत्तम कार्य हो । यस कार्यमा प्रदेश दुईमा स्थायी बसोबास हुने वा नभए पनि यहाँ बसेर गजल सृजना गर्नेहरू सचेततापूर्वका लागेका छन् ।

यस प्रदेशमा गजलकृति प्रकाशित गर्नेहरूको सङ्ख्या उल्लेखनीय हुँदाहुँदै पनि मेरो अनुरोध उहाँहरूसम्म नपुगेर हो वा अन्य कारणले हो सबैभन्दा धेरै गजलसङ्ग्रह प्रकाशित गर्ने सर्लाहीबाट एउटा पनि कृतिको नामसमेत प्राप्त नहुनु यस लेखको अपूर्ण पक्ष रह्यो । सप्तरीबाट कुनै गजलकृति प्रकाशित नभएको वा भएर पनि जानकारीमा नआएको हुन सक्ने पनि यसको अर्को अपूर्ण पक्ष हो ।

जुन जुन गजलकारका कृति वा सामग्री मसँग थिए तिनका बारेमा पनि विषद् व्याख्या गर्न सम्भव भएन । तर प्रदेश दुईको एक जिल्लालाई अपवादका रूपमा लिँदा पनि यति धेरै सङ्ख्यामा गजलकृति प्रकाशित भएको हुनु अवश्य नै सुखद् पक्ष हो । अन्तमा जसका गजलकारिताका विषयमा जे जति लेखियो त्यो अपूर्ण छ किनभने उहाँहरूका उत्कृष्ट रचनाहरूको साङ्गोपाङ्ग व्याख्या यहाँ सम्भव भएन । सम्पूर्ण गजलकारहरूप्रति आभार व्यक्त गर्दै विदा लिन्छु ।

— *रूपन्देही*

घनश्याम परिश्रमीको नवीनतम् कृति

● गोपाल अश्क

डा. घनश्याम न्यौपाने 'परिश्रमी' (२०१५) नेपाली साहित्यमा, विशेषतः नेपाली गजल साहित्यमा प्रतिष्ठित तथा लोकप्रिय स्रष्टाको रूपमा आदरका साथ लिने नाम हो ।

नेपाली गजल-भूमिलाई गजलको शास्त्र, सिद्धान्त तथा अन्य दृष्टिले समेत उर्वर बनाउन यिनी कठोर परिश्रम गरिराखेको देखिन्छ । नेपालीका साथै यिनी हिन्दीमा पनि गजल लेख्ने गर्दछन् र जीवन्त गजलको सिर्जना गर्ने प्रतिभाका साथै गजल लेख्न सिकाउने गुरू पनि हुन् ।

यिनी बहरबद्ध गजल लेखनको वकालत गर्ने उस्ताद हुन् । मैले यिनलाई बेबहर भएको कहिल्यै देखेको छैन, पढेको छैन । भनाइको तात्पर्य के हो भने यिनी आफू बहरमा लेख्ने र अरूलाई पनि बहरमा लेख्न प्रोत्साहित गर्ने एक प्रतिबद्ध गजल स्रष्टा हुन् ।

निभेका शिखा (२०७७) ले एकसय तेत्तीस गजलहरूको आस्वाद लिने अवसर प्रदान गरेको छ । यस कृतिमा सङ्गृहीत एकसय तेत्तीसै गजल कुनै न कुनै बहरमा आबद्ध रहेका छन्, यो कुरा गजलकारले प्रत्येक गजलको अन्त्यमा दिएको अर्कान सूत्रबाट ज्ञात हुन जान्छ । यस कृतिमा चार सेरदेखि लिएर सात सेरका गजलहरू सङ्गृहीत रहेका छन् । मतला, मकता, काफिया र रदिफको सुन्दर प्रयोग गरिएको छ ।

यसैगरी मुतकारिब मुसम्मन सालिम, मुतकारिब मुसद्दस सालिम, मुतदारिक मुसम्मन सालिम, मुतदारिक मुसद्दस सालिम, हजज मुसम्मन सालिम, हजज मुसद्दस सालिम, हजज मुरब्बा सालिम, तबिल, मुजारे मुसम्मन अखरब, मुतकारिब मकबूज असलम, मुतकारिब मुसम्मन मख्खुन, मदिद, मुतकारिब महजूफ, मुजारे मुसम्मन अखरब महजूफ, कलिब, समिर मुसद्दस अहर, मुतकारिब मुसम्मन महजुफ, हजज मुसम्मन मकबूज, खफिफ मख्खुन महजुफ मुन्सरेह, रमल मुसद्दस सालिम, मुतकारिब मुसद्दस मकबुज असलम, हजज मुसद्दस मकबुज मज्बुब, मुसाकिल, मुजारे मुसम्मन अखरब कलम महजुफ, हजज मुसद्दस मकबुज, मुतदारिक मुरब्बा मक़्तुअ, ताफिर

मुरब्बा सालिम, मीर, मुतकारिब मुसम्मन अबतर, मुतकारिब मुखल्ला, जदिद र मुतकारिक मुसम्मन असलम नामक बहरको सुन्दर तथा सफल प्रयोग गरिएको छ । काफिया, रदिफ तथा बहर हरूको प्रयोगको सुन्दरता निम्नलिखित केही सेरहरूमा देख्न सकिन्छ :

नेपाली गजल साहित्यमा मात्रागिरावट, मात्रामिलावट र मात्राचढावटको प्रयोग गर्न सकिने स्पष्ट धारणा राख्दै आएका गजलकार 'परिश्रमी'ले आफ्नो यस कृतिमा सङ्गृहीत रहेका कैयौं गजलहरूमा यिनीहरूको सुन्दर तथा सफल प्रयोग गरेका छन् जस्तै :

यो के गर्न थाल्यौ तिमी आज आई
छ आगो बलेकै नकोर्नू सलाई

(यस सेर फऊलुन (१२२) को चार आवृत्तिमा बद्ध रहेको छ । यस सेरमा प्रयुक्त 'यो' शब्द ह्रस्व हुनुपर्थ्यो तर दीर्घको रूपमा प्रयोग भएको देखिन्छ । यहाँनिर नै गजलकारले मात्रागिरावट गरेर 'यो' लाई ह्रस्वको रूपमा प्रयोग गरेका छन् । यही हो मात्रागिरावट ।)

'निभेका शिखा'मा विषयगत विविधता छ । कहीँ प्रणय-भाव-धारा बगेको छ भने कहीँ युगीन यथार्थको अभिव्यक्ति भएको छ, कहीँ विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गरिएको छ भने कहीँ प्रगतिवादी चेतनाका स्वर मुखरित भएका छन् । यी भावहरू निम्नलिखित सेरहरूबाट प्रस्टिन्छन् :

नेताहरू स्वयं छन् धृतराष्ट्र हुन्
कि जस्ता
नछुने भो माग पूरा अनसन बसेर साथी
(गजल :६१, युगीन यथार्थको अभिव्यक्ति)

प्रेम हो खुसी प्रेम हो कहर
प्रेम औषधी प्रेम हो जहर (गजल : ११, प्रणयभावको अभिव्यक्ति)

हो, गजलहरू बेबहर हुनुहुँदैन, गजलहरू बहरमै लेखिनुपर्छ । तर गजल भनेको खाली हिसाब-किताब मात्र होइन । गजल लेखनमा बाह्य संरचनाका साथै गजलको भित्री सुन्दरताको पनि त्यत्तिकै महत्त्व हुन्छ । सेरमा प्रयुक्त कर्ता, वचन, लिङ्ग, पुरूष आदर, अनादर तथा काल आदि व्याकरणिक पक्षको निर्वहन पनि सही ढङ्गले हुँदा गजल सुन्दर तथा कालजयी हुन्छन् । प्रस्तुत गजलकृतिका केही कमी-कमजोरी पाइन्छ । जस्तै :

सिधा र साधा यहाँ त्रसित छन्
खुलेर हिँड्छन् नकाबधारी

यस सेरको दोस्रो मिसरामा आएको शब्द 'नकाबधारी' ले त्यो भाव-सौन्दर्य दिन सकेको छैन, जसको माग 'सिधा र साधा' ले गरेको देखिन्छ । यहाँनिर सिधै बदमास, डाँका, चोर आदि शब्दहरूको प्रयोग गर्दा बेस हुन्थ्यो, जस्तो लाग्छ । किनभने 'नकाबधारी'ले 'सिधा र साधा'को विपरीत अर्थको बोध गराउँदैन ।

गजल बहरमै लेखिनुपर्छ भन्ने मान्यता लगभग स्थापित भइसक्यो । सिद्धहस्त र परिश्रमी सर्जक लेख्छन् र आफू गजलको दुनियाँमा रहिरहन्छन्, जो आफ्नो मनले, मनमानी ढङ्गले लेख्छन्, तिनीहरू त्यसैगरी लेखिरहन्छन् ।

गजलको अन्य तत्त्वहरूप्रति ध्यान दिन आवश्यक छ । यस किसिमको ध्यानाकर्षण डा. परिश्रमीजस्ता गजलसाधक तथा गजलगुरूबाट हुन झन् बढी आवश्यक छ । नेपाली गजल साहित्यलाई गजलकार 'परिश्रमी' को यो 'निभेका शिखा' (गजलकृति) एक अप्रतिम उपहार हो र यसले महत्त्वपूर्ण योगदान दिने कुरामा म विश्वस्त छु ।

विश्वराजको 'अधुरो प्रेम'



• बाबुराम लम्साल

विश्वराज अधिकारी भाषा साहित्य क्षेत्रका प्रतिभाशाली व्यक्ति हुन् । अमेरिकाबाट एमबिए गरेका उनी त्यहीँ प्राध्यापन गरिरहेछन् । विशेष गरी नेपाली साहित्यमा आख्यान विधा रोजेका उनका दुई दर्जनको सङ्ख्यामा कृति प्रकाशित छन् । हालै उनी 'अधुरो प्रेम' नामक गीतसङ्ग्रहका साथ आएका छन् । प्रस्तुत सङ्ग्रहमा उनका उनासीओटा गीत छन् ।

गीतमा मायाप्रेमका साथै रागात्मक अनुभूतिको रोचक र घोचक प्रक्षेपण गरिएको हुन्छ । जीवनका आरोहावरोहलाई गीतात्मक बान्कीका आधारमा पोख्न सक्नु स्रष्टाको क्षमता हो । रसात्मक जीवन जिउन चाहनेका लागि गीतले प्राण र त्राण दिन्छ ।

गीतकार अधिकारी देशको माटोमा पसिना पोख्न चाहन्थे तर बाध्यता या परिस्थितिले निम्त्याएका कारण पातालमा भासिन पुगे । जन्मभूमिको रिन तिर्न र मायाको पोको जम्मा गर्न नसकेको अधुरो प्रेमले अधिकारीलाई बारम्बार ऐठन गरेको प्रतीत हुन्छ । सपनाको संसारमा आफूलाई हराउन चाहने मानव जाति भुईँको टिप्न खोज्दा पोल्टाको पोखिएको पत्तै पाउँदैन । यो स्वर्गीय भूमिमा अवसरको खोजी नगरी मृगतृष्णाले कुतकुत्याएर हिँड्नु पर्दाको कारूण्य भाव गीत भएर पोखिएको छ ।

तमाम नेपाली दाजुभाइ दिदीबहिनीहरू त्यसैका मोहमा परेर यो मातृभूमिलाई चटक्कै छाडी दोस्रो नागरिकको जीवन भोग्दा पाएका अनुभूति सिर्जना भएर खनिएका छन् । गीतकारलाई पनि लाग्दो हो, विश्वमान चित्रका आधारमा ०.००३ माटामा तमाम नागरिक अटाएको ठाउँमा म किन अटाउन सकिन ? सायद त्यही द्रव्यमोहका कारणले पो हो कि भन्ने मनोकाङ्क्षा पैदा हुन्छ ।

सम्पूर्णता विलासीय जीवन मात्रै होइन । जति टाढा भयो माया त्यति गाढा हुँदो रहेछ भन्ने मनोवृत्ति गीतका हरफहरूमा छन् । चाडै फर्कने भनेर हिँडेको जीवन त्यही माटोमा हराउनु पर्दाको अर्न्तव्यथा काव्य बनेर ओकेलिएको छ । शिक्षा र रोजगारको खोजीमा निस्केका तमाम युवायुवती आर्थिक मोहका कारण जन्मभूमि फर्कन

नसकेको अवस्थालाई गीतले भाव सम्प्रेषित गर्दछ ।

रहरको सहरमा हराएको छु
आफूले आफैँलाई झुक्याएको छु ।
(रहरको सहरमा, पृः ६०)

सम्पन्न राष्ट्रले विपन्न मुलुकका नागरिकलाई सस्तो ज्याला र बढी श्रम लिने काममा खटाउँछन् । यसैले पनि होला अमेरिका, अस्ट्रेलिया, क्यानडालगायत देश जानका लागि मानिस लालायित छन् । मनले खोजेर मोहको सुन्दरताले तानेपछि सारा बिर्सेर भँमरो फूलमा भुलेझै द्रव्य रागमा लुटपुर्टिंदा जीवन प्रायः पराधीनतामा हराइसकेको हुन्छ । उच्च शिक्षा पछि थोरै समयमा धेरै आर्थिक लाभ उठाउने लालसा र सुखी जीवन जिउने उत्कट चाहनाले मुग्लानिएका युवायुवतीहरू फूलमा मौरी झुम्मिएसरि रूमलिरहेका छन् ।

हरपल रसको खोजमा उडिरह्यो कताकता सधैँभरि
मौरीझैँ केवल सञ्चयका जीवन बित्यो घारको वरिपरि । (रसको खोजीमा, पृः १०९)

आमाको काख लाख छाडी भौँतारिएर हिँड्नुपर्दा जो कोहीलाई आफन्तको सम्झनाले पटकपटक घच्घच्याइ रहन्छ । प्राकृतिक मनोरम छटाले भरिएको जन्मभूमिभन्दा टाढा रहेर जिउनु पर्दा मन भक्कानिएर आउँछ । नोस्टाल्जिया भएको छ । दिनरात नभनी बालुवा पेलेर तेल निकाल्ने लक्ष्यमा लागेको मानिस तन्द्राउँदा आफ्नै भूमिको छाती चिरेर बगेका छहरे पानी अँजुली भरि राखेर पिएको सपनाले शरीर रसाएर आउँछ । कठै मेरो दीनता, जिउन पनि सपनालाई साथ लिनु पर्ने । विपनामा भव्यसहरमा हराए पनि सपनामा आफ्नै जन्मभूमिको तापले सेकिनु पर्ने । गीतमा मायाभाव पोखिएको जस्तो छनक भए तापनि यसमा लक्ष्यार्थमा जन्मभूमिको माया मनभरि सँगालेर दिनहरू बितेको साङ्केतिक राग गीतमा जुर्मुराएको छ ।

यो पल त्यो पल पलपल हर पल
सम्झना कसैको आँखाभरि झलमल
रूप रङ्ग बनेर झर्ना हृदयभरि
बगेको अविरल छलछल कलकल ।
(पलपल हरपल, पृः १११)

स्वतन्त्रता, स्वाधीनता र पूर्णाधिकारी प्राप्त मुलुक छाडेर पराइको रङ्गीन दुनियाँमा गए पनि सुखशान्ति मनमा आएन । सुख धन दौलतमा पाइँदैन, त्यो मनको गहिराइमा बसेका सन्तोषमा मात्रै पाउन सकिन्छ । विलासी जीवन बाँच्ने अभिलासाले भौँतारिएका मानव कस्तूरीले आफ्नो सुगन्ध थाहा नपाएर रनवन डुलेसरि लखर्किएका छन् । सुख भौतिक बस्तुमा मात्रै प्राप्त हुन सक्दैन त्यो शान्तसुखायमा पाउन सकिन्छ । द्रव्य लोलुपताले जीवनलाई शान्तमय वातावरणमा बाँच्न सिकाउँदैन ।

कमाउँला फुलाउँला जीवन भन्दै टाढा सुदूर गयौँ
भेटिएन सुखको पोको झन् झन् सुखको पर भयौँ (कस्तूरी मृग, पृः ९०)

अधुरो प्रेम गीतसङ्ग्रहमा अधिकारीले भूमिकाका रूपमा गीतको अवधारणा र गीतशक्तिको परिचय दिएका छन् । जम्मा ११२ पृष्ठको यस कृतिको मूल्य दुई सय रूपियाँ छ । प्रस्तुत कृतिमा माया ठकुरी, नवराज रिजाल र उषा शेरचनका शुभकामना शब्दहरू छन् ।

अन्त्यमा लेखकबाट नेपाली साहित्यले भविश्यमा पनि यस्ता कृतिहरू निरन्तर पाइरहोस् भन्ने अपेक्षाका साथ ।

डा. शर्माको नयाँ कृति

• समीर पाखिन

आजभोलि धेरै पढिने र लेखिने पद्यमा गजल र गद्यमा लघुकथा हो भन्दा अत्युक्ति नहोला । लघुकथा एकै बसाईमा पढि सकिने वा लेखिने आख्यानको लघुतम उपविधा हो । यौटा निश्चित विधान र संरचनामा लेखिने छोटो तर पूर्ण कथा नै यथार्थमा लघुकथा हो ।

७ दशक लामो इतिहास बोकेको यो विधामाथि समय समयमा विचारविमर्श हुने कार्य आजपर्यन्त जारी छ । आजसम्म लघुकथाका थुप्रै कृतिहरू बजारमा आएको भएतापनि सैद्धान्तिक कृतिको भने अझै अभाव रहेको विद्वान समालोचकहरूको टिप्पणी रहेको छ ।

आजको प्रविधिमैत्री दिनचर्यामा सामाजिक सञ्जालको ठूलो महत्व र अनिवार्यता रहदै आएको छ । अझ सञ्जालमा साहित्य जोडिएपछि त लेखक र पाठक दुवैलाई धेरै सहज भएको देखिन्छ । विभिन्न विधा र उपविधामा लेखिएका सामाग्रीहरू सञ्जालको भित्ताहरूमा लछेप्रै देखिन थालेका छन् । अझ भन्नुपर्दा इन्टरनेट प्रयोगकर्ता युवा जमातको यतातिर बढी आकर्षण र झुकाव बढदै गइरहेको देखिन्छ । कविता, मुक्तक, गजल, कथा, लघुकथा जस्ता विधा मध्ये लघुकथा धेरैको लेखन र पठनको रोजाइमा परेको छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सबै उमेरका सर्जकहरूको लघुकथाप्रति देखिएको आकर्षण र सञ्जालमा लघुकथाको भेल-बाढीनै आएको वर्तमान परिप्रेक्ष्यमा डा. विश्वम्भर शर्मादद्वारा लिखित र ऐरावती प्रकाशन प्रालि काठमाण्डौबाट प्रकाशित नेपाली लघुकथा : दशा र दिशा समालोचक कृति बजारमा आउनुले ठूलो अर्थ राख्दछ ।

स्व.परशुराम शर्मा र स्व. सुमित्रादेवी शर्माको सुपुत्र डा.विश्वम्भर शर्माको जन्म २०१७ मा अचलगढ गाउँपालिका, सलार्हीमा भएको थियो । कविशिरोमणि टोल, वीरगञ्ज पर्साका स्थायी बासिन्दा डा.शर्मा पेशाले एक प्राध्यापक तथा बरिष्ठ पत्रकार हुनुहुन्छ । लामो समयदेखि प्राध्यापनसँगै पत्रकारिता र साहित्यकर्म

गर्दै आउनु भएका डा. शर्माका मातृभाषा चारपात, (वि.स. २०४७) ऐच्छिक नेपाली २०० (वि.स. २०४९), नेपाली व्याकरण परिचय (वि.स. २०५३), बसन्त इहा आ न सकल (भोजपुरी कविता सङ्ग्रह (वि.स. २०५३) नेपाली साहित्य व्याकरण र अभिव्यक्ति (वि.स. २०५४), सृजन अनुशीलन (समालोचनात्मक लेखसङ् ग्रह, वि.स. २०५८), भोजपुरी व्याकरण (सहलेखन, वि.स. २०६४), भोजपुरी संस्कार गीत (वि.स. २०७५) भोजपुरी गजलको विश्लेषणात्मक अध्ययन (वि.स. २०७५) भाषा र भोजपुरी भाषा (सहलेखन, वि.स. २०७७) र चर्चारत् नेपाली लघुकथा : दशा र दिशा (वि.स. २०७७) गरि जम्मा ११ वटा कृति प्रकाशित भइसकेका छन् ।

दैनिक जीवनमा व्यस्त र सक्रिय डा. शर्माले नारायणी वाङमय प्रतिष्ठानका महासचिव, प्रगतिशील लेखक संघ पर्साका सचिव र कवि शिरोमणि टोल नगर समितिका अध्यक्ष पदमा रही लामो समयदेखि योगदान पुऱ्याउँदै आउनु भएको छ ।

उनको नेपाली लघुकथा : दशा र दिशा मूलत तीन अध्यायमा विभाजित छन् ।

यसका अतिरिक्त पहिलो अध्यायमा विभिन्न विद्वान तथा समालोचकद्वारा व्यक्त भएका विचारका आधारमा लघुकथाको परिभाषालाई निम्न प्रकारले व्याखा गर्न सकिने बताएका छन् :

लघुकथाको आकार निश्चय नै छोटो हुन्छ ।

लघुकथा सुत्रात्मक तथा छोटो छरितो हुन्छ ।

लघुकथामा कम्तीमा दुई घटनको संयोजन हुनुपर्छ जो दुई वाक्यमा पनि हुन सक्छ ।

लघुकथा आफैमा पुर्ण, स्वतन्त्र र सघन रचना हो ।

यसै गरी दोश्रो अध्यायमा, विश्व साहित्यमा लघुकथाको उद्भव, आधुनिक नेपाली लघुकथाको विकासक्रम, काल विभाजन र समसामयिक नेपाली लघुकथाको मूल प्रवृत्ति र लघुकथाको मूल प्रवृत्ति र नेपाली लघुकथाको विकाशमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति र तिनको योगदान शीर्षकमा सङ्क्षिप्त चर्चा गरिएको छ भने तेश्रो अध्यायमा वि.स. २०४७ देखि यता प्रकाशित नेपाली लघुकथाकारहरू को को हुन ? परिचयात्मक विवरणसँगै उनहिरूको चुर्निंदा, चर्चित र पुरष्कृत लघुकथाकृतिहरू सम्बन्धमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

समग्रमा, डा. विश्वम्भर शर्माको नेपाली लघुकथा : दशा र दिशा लघुकथा विधामा आफूलाई स्थापित गर्न चाहाने सर्जकहरू, अन्वेशक, समीक्षक र सबै तहका लेखक पाठकहरूका लागि अति उपयोगी रहेको छ । अझ भन्नुपर्दा, लघुकथाकारहरू जो भविष्यमा कृति निकाल्ने सोचमा हुनुहुन्छ म त भन्छु उनीहरूले यो पुस्तक एकचोटि नहेरी, नपढी सुखै छैन ।

अन्तमा, यति उत्कृष्ट र उपयोगी पुस्तक पाठक समक्ष ल्याउनु भएकोमा कृतिका लेखक डा. विश्वम्भर शर्मालाई हार्दिक बधाई ज्ञापन गर्न चाहान्छु । यसरी नै ऐरावती प्रकाशन प्रा.लि. काठमाडौंलाई यति उपयोगी र उत्कृष्ट कृति प्रकाशित गरि बजारमा ल्याइदिनु भएकोमा साधुवाद । भविष्यमा पनि डा. शर्माका यस्तै बहुउपयोगी विषय र सन्दर्भमा थप कृति आउन सकूनँ भन्ने शुभकामनाका साथ कलमको बिर्को लगाउन चाहान्छु ।

वसन्त रिजालको कविता कृति

• रमेशजङ्ग थापा

कविता हरेक अभिव्यक्तिको कलात्मक प्रतिबिम्ब हुनुको साथै आदर्शपुञ्ज हो । सृष्टिको अनादि र अनन्तको महायात्रामा कविताले नित्य-निरन्तर पछ्याइरहेको छ । काव्यजगतलाई जीवन र जगतको अनुगामीको माध्यम भनेर पनि बुझ्न सकिन्छ । हाम्रा हरेक कालखण्डहरूमा दुःख, सुख, पीडा, हाँसो, रोदन, शोक, भय, व्याधि, ऐश्वर्य, दारिद्रय अर्थात् दुई शब्दमा उज्यालो र अँध्यारो अर्थात् एकै शब्दमा श्वेतश्याम...।

यी रूप र अपरूप दुबैलाई अङ्गीकार गर्दै कवि र कविता सदा वेगशील हुँदै जान्छन् । कविता अभिव्यक्तिको सुखद् उत्कण्ठामा (In search of expression for happiness) बाँचिरहेको हुन्छ । जसरी सारङ्गीमा सयौं धुनहरू धुनित हुन्छन् त्यसैप्रकारले, एउटै कवितामा भावका सौरंगी वर्णछटाहरू प्रेषण गर्न सक्ने क्षमता लुकेको हुन्छ । साधारणतयाः वस्तु र परिवेश सापेक्षित आयाममा घुमिरहेको गतिशील देखिन्छन् । त्यो दृष्टसत्य भएको स्पष्ट छ । तर कतिपय कुराहरू परोक्ष एवं निरपेक्ष तवरमा विदित भैदिन्छन् ।

यद्यपि वस्तुहरू ठ् याक्कै बाहिरी आवरणमा देखिएझैं मात्र हुँदैनन् (And things are not what they seem), यस्तो दुरूह मार्गभएतापनि कवि र कविता आफ्नो बहुआयामिक धरातलमा पोख्न अर्थात् परिभाषित गर्न सक्षम रहन्छन । त्यसैले कवि एउटा द्वितीयरहित स्रष्टा र द्रष्टा हो जो आफू बाँचिरहेको युगको प्रतिनिधि पात्र र साक्ष प्रवक्ताको रूपमा रहिरहन्छ ।

कविता कुनै जीवाणु विज्ञान (Gemology)होइन । जसलाई सूक्ष्मदर्शक यन्त्र (Microscope)द्वारा पुष्टि गर्न सकियोस् । कविता बोल्छ तर यसको गहनतम् व्याख्या र उल्था गर्न सकिँदैन । कविता आत्मद्वारा बुझिन्छ तर कुनै भाष्यकारले परिभाषाण गर्नै सक्दैन । मात्र त्यसको अनौठो अनुभूति चीरकालीन भएर मनमस्तिष्कमा बसिरहेको हुन्छ ।

कविता लेख्दा कवि जुन भावनाको अतल गहिराईमा पुगेको हुन्छ । त्यस गहन स्थलमा कुनै पनि समीक्षक या समालोचक पुग्न सक्दैन । तथापि परम्परागत अनुगमन एवं अभ्यासमा पुगेर समिक्षकको भूमिका पूरा गर्नु उसको कर्तव्यगत यथार्थ हो ।

काब्ययात्राको चार दशक लामो समय पार गरेर एउटा गहकिलो र परिपक्क काब्यसंग्रह लोकार्पण गरी कवि रिजाल धन्य भएका छन् । यो कविता संग्रह

पढेर म के भन्न सक्छु भने, कवि वसन्त रिजाल यस कीर्ति साथसाथै आउँदा अरू सार्थक सृजनहरूको चिरस्थायी धनमा जीवित रहनेछन् भन्ने कुरामा म दुईमत राख्दिन । विचारको परिपाकमा खरो उत्रिएको यस काव्य ग्रन्थलेखनको लागि मुरी-मुरी बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

कविता न कुनै राजनैतिक या भौगोलिक सीमामा बाँधिन्छ र न बाँध्नु पर्ने आवश्यकता नै हुनुपर्छ । यो अपरिमेय र अपरिमित धरातल हो । साहित्यमा काव्यलेखनको प्रचुरता सर्वाधिक भएको आँकडाले जनाउँछ । सर्वाधिक लेखन परम्परा भए तापनि अधिकाधिक दुरूह भएको बुझिन्छ । साहित्यमा प्रथम जन्मा कविता नै हो र लेखन विधाको जननीका रूपमा कवितालाई मानिन्छ ।

जटीलतामा प्रवेश गर्ने मान्छेको स्वभावजनित उत्कण्ठा विकसित हुँदै आएको आधुनिक नृतत्वशास्त्र अर्थात् मानवविज्ञान (Anthropology) ले बुताउँदछ । विविधताको धरातलमा विश्रृंखलित भावधाराहरूलाई मधु गुम्फन गरेर एउटै मालामा सुशोभित कवि वसन्त विरचित एक थान कविता संग्रह "ब्युँझिएपछि" सान्निहित जम्मा चौसट्ठी कविताभित्र प्रवेश गर्ने जमर्को म गर्दैछु ।

सबै प्रकारका कविताहरू प्रगतिशील उन्मुख अग्रगामी हुन्छन् । चाहे ती क्रान्तिकारी, श्रृङ्गारिक, राजनैतिक, मनोवैज्ञानिक या यौनिक हुन् । यसै अनुरूप कवि वसन्त रिजालका कविताहरू यथार्थवादी दृष्टि आयाम (Realistic Dimensional Vision)को मजबुत क्यानभासमा वेगशील तरंगहरू हुन् ।

मुक्तछन्द प्रवृत्त उनका कविताहरूले जीवनको वेदना र अटुट संघर्षको मार्मिकता एवं अकर्मन्यताको विरूपहरूलाई आरपार उजागर गरिदिएको पाइन्छ । अतिरञ्जनामय प्रस्तुति, यथास्थितिको नैरन्तर्य, शब्दाडम्बरयुक्त शब्द-वाक्य आदिको उपस्थिति उनका कविताहरूमा कतै भेटिँदैनन् । बरू यी कविताहरू भौतिक रूक्षता विरूद्ध कविता जीवनका लागि र जीवनका थुप्रै कालखण्डहरू कवितामा प्रतिबिम्वन भएको प्रष्ट देखिन्छन् ।

कवि वसन्त रिजालको कविता संग्रह "ब्युँझिएपछि" कुनै किसिमले कनीकुथी गरी लेखिएको नभएर लामो साधनामा निश्पृह लेखिएका कविताहरू हुन् भन्ने स्पष्ट बुझिन्छ । विविधतामा जीवन्तता बाँचेको हुन्छ र त्यस्तै प्रकारले विविध बहुरंगीन कविता संग्रह "ब्युँझिएपछि" मा सुधावर्षण गर्दै ब्युँझाइएको छ पाठकलाई । प्रतिक्षाको मधुर पलपछि "आगमन" को प्रथम मूलधार खोलेर स्वागत भएको छ

जीवन र प्रकृतिको अन्योन्याश्रय यस जगतको विशिष्टता हो । त्यस्तै, कवि वसन्तका कविताहरूले त्यसको अर्थपूर्ण सार्थकता मागेका छन् । अन्त्यमा कविता संग्रहमा प्रतिनिधि कविता "ब्युँझिएपछि" मा कविले ब्युँझाएर सबैलाई उद्घोष गर्छन्...।

सूक्ष्म अवलोकन साथै नूतन दिशान्मुख कवि वसन्त रिजालका कविताहरू सदा जीवनको सार्थकता एवं सुन्दरता खोज्दै पूर्ण आशावादी कलेवर (Absolute Pessimistic Color) मा आलोकित छन् । कवि रिजालको "ब्युँझिएपछि" भित्रका कविताहरू सबैका निम्ति पठनीय र साथसाथै यस कविता संग्रह चिरसंगिनीका रूपमा संग्रहित हुनेछ भन्ने कुरामा म विश्वस्त भएर कवि वसन्तको वसन्त आह्वानमा रमाउँदै मैले विदा लिएँ ।

कोरोना भाइस (कोभिड-१९) को दोस्रो भेरियन्ट तीव्र रूपमा फैलिएकाले संक्रमणबाट बच्न बचाउन सचेत भई आफ्नो स्वास्थ्य स्थितिबारे चनाखो होऔं, स्वास्थ्य मापदण्डको ख्याल गरौं, रूघाखोकी ज्वरोको संक्रमण देखिएमा तुरून्त स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।

राजेश कुमार रूचाल
अध्यक्ष तथा
साना किसान कृषि सहकारी संस्था लि.
परिवार, जीवनपुर, धादिङ

कोरोना भाइस (कोभिड-१९) को दोस्रो भेरियन्ट तीव्र रूपमा फैलिएकाले संक्रमणबाट बच्न बचाउन सचेत भई आफ्नो स्वास्थ्य स्थितिबारे चनाखो होऔं, स्वास्थ्य मापदण्डको ख्याल गरौं, रूघाखोकी ज्वरोको संक्रमण देखिएमा तुरून्त स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।

दीपबहादुर खत्री
प्रधानाध्यापक एवं
महेश धर्म माध्यमिक विद्यालय, परिवार
धुनिबेसी-३, धादिङ

पशु सेवा विभाग

राष्ट्रिय पशु पन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय हरिहरभवन ललितपुरको अनुरोध

१. पशु नश्ल सुधारका माध्यमबाट पशु जन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौँ ।
२. घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔँ ।
३. स्वस्थ तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फर्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good Manufacturing Practicies) को अवलम्वन गरौँ ।
४. रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्धन र सदुपयोग गरौँ ।
५. अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौँ
६. आफ्ना पशुपन्छीहरूलाई नियमित रुपमा परजीवि नियन्त्रण गरौँ तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔँ ।

विस्तृत जानकारीको लागि
सम्पर्क : ०१-५५२२०३१
ईमेल info@nlrmpo.gov.np

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था निर्देशनालय

पूर्वाधार विकास कार्यालय

मानभवन, ललितपुर

पूर्वाधार विकास कार्यालय ललितपुरको सूचना

- सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौँ ।
- सडक तथा सडक पेटीमा निमार्ण सामाग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौँ ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौँ ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौँ ।
- सडकमा जम्मा भएको पानी कुनै किसिमबाट निकास गरौँ ।
- निर्माण भएका सडक संरचना, पुल नाली, फुटपाथको संरक्षण गरौँ ।

२०७२ सालको भूकम्पबाट क्षति पुगेका
देशभरका विद्यालयहरुको भौतिक
पूर्वाधारको पुनर्निर्माण कार्य दीगो र भर
पर्दो बन्न सकोस् ।
नयाँ वर्ष २०७८ को सबै सबैमा
मंगलमय शुभकामना !

बाबुराम पोखरेल
कार्यालय प्रमुख (उपसचिव)
जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा)
खोटाङ

कोरोना भाइस (कोभिड-१९) को दोस्रो भेरियन्ट तीव्र रूपमा फैलिएकाले संक्रमणबाट बच्न बचाउन सचेत भई आफ्नो स्वास्थ्य स्थितिबारे चनाखो होऔं, स्वास्थ्य मापदण्डको ख्याल गरौं, रूघाखोकी ज्वरोको संक्रमण देखिएमा तुरून्त स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।

धुनिबेसी आदर्श क्याम्पस, परिवार
धुनिबेसी-३, धादिङ

पढ्नै पर्ने साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरूषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्याग्दीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नः लि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौं कन्हय, नवमाधुरी र सचेतना आदि ।

तपाई यी स्थानबाट नवप्रज्ञापन नियमित प्राप्त गर्न सक्नुहुन्छः

१.	श्रेष्ठ बुक एण्ड न्यूज सेन्टर	०२३-५८४१२५	दमक, झापा
२.	मुनाल पुस्तक भण्डार	०३५-४२०१२५	गाईघाट, उदयपुर
३.	न्यू परजुना स्टेशनरी	०४७-५२००२५	सिन्धुली
४.	श्री सूचना केन्द्र	०५७-५२१७३७	हेटौंडा, मकवानपुर
५.	नारायणी पुस्तक सदन	०५६-५२१२८०	नारायणगढ, चितवन
६.	विपिन पुस्तक पुसल	०९९-५२०१४८	महेन्द्रनगर कंचनपुर
७.	सुनगाभा बक्स एन्ड स्टेसनरी	०५६-५३१४७०	भरतपुर चितवन
८.	भट्टराई पुस्तक पसल	०२१५२४२४३	विराटनगर
९.	त्रिपूरा पुस्तक पसल	०१०-५२०१९०	धादिङ
१०.	कञ्चन पुस्तक पसल	०६१-५२४४६६	पोखरा, कास्की
११.	सिटी बुक एण्ड न्युज सेन्टर	०७१-५४५२३६	बुटवल, रुपन्देही
१२.	न्यू प्रभात पुस्तक पसल	०८३-५२००७५	सुर्खेत
१३.	श्रेष्ठ पत्रपत्रिका पसल	०५३-५५१५१९	कलैया बारा
१४.	सेभेन पीआर स्टेसनरी	०५३-५२०६४३	पथलैया, बारा
१५.	पाठ्य सामाग्री पसल		जामेमस्जिद, घण्टाघर
१६.	हिमालयन बुक्स सेन्टर,		बागबजार, काठमाडौं
१७.	पिपलबोट न्युरोड,		काठमाडौं
१८.	घण्टाघर पत्रिका पसल		वीरगन्ज, पर्सा

अनुरोध/जानकारी

- भाषा, साहित्य, कला र संस्कृतिको उत्थानप्रति सचेत,
- सम्भव भएसम्म साहित्यका विविध विधाको उपस्थिति,
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत,
- शुद्ध प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुने,
- छायाँ छविका साथ रचनामा नाम, ठेगाना र परिचय स्पष्ट लेख्न आग्रह,
- प्रेषित रचना चार अङ्कभित्र अप्रकाशित भए अस्वीकार्य ठहरिने,
- रचना स्वीकृत-अस्वीकृत र काँटछाँटको अधिकार सम्पादक मण्डलमा,
- एक ठाउँमा प्रकाशनार्थ दिइएको रचना अन्यत्र नपठाउन अनुरोध,
- इमेलमा प्राप्त रचनालाई विशेष प्राथमिकता ।

अक्सिजन सिलिण्डर प्रयोग गर्दा सावधानी अपनाऔं
चिकित्सकको परामर्श विना अक्सिजन
दिने वा मात्रा परिवर्तन गर्ने नगर्नुहोस्
सधैं अक्सिजन सिलिण्डर
ठाडो र सिधा पारेर भण्डार गर्नुहोस्
सिलिण्डरको लेवलिङ्
परिवर्तन वा पुनः पेन्ट नगर्नुहोस्
अक्सिजन प्रयोग हुने कक्ष र वरपरका
क्षेत्रका झ्याल र ढोका खुल्ला राख्नुहोस्
अक्सिजन सिलिण्डरको घेउमा
विद्युतीय उपकरण प्रयोग नगर्नुहोस्
अक्सिजन राखिएको क्षेत्र वा अक्सिजन प्रयोग
गर्ने बिरामीको वरपर धूम्रपान नगर्नुहोस्। आगो
निभाउने उपकरण तयार अवस्थामा राख्नुहोस्
आपतकालीन सम्पर्क
नम्बरहरु सधैं तयार राख्नुहोस्
ग्याँस चुहावटको आवाज
आएमा त्यसको वरपर नबस्नुहोस्
र सम्बन्धित निकायमा तत्काल खबर गर्नुहोस्
कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं
मास्क लगाऔं
भौतिक दूरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

एऽ कुरा त्यस्तो ?

लौ! सेकेन्ड फेजको कोरोनालेपनि नयाँ वर्ष २०७८ सालको शुभकामना व्यक्त गर्न आ'को रे!
HAPPY NEW YEAR 2078
राजेशमानंधर'०७७